# *त्यसपछि फुलेन गोदावरी* कथासङ्ग्रहको कृतिपरक अध्ययन

ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसियल साइन्सेस

अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर

तह चौथो समेस्टर नेपाली पत्र ५४३-१ को

आंशिक प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

खगीसरा जैसी

परीक्षा क्रमाङ्क २३२३०४०००४

म. प. वि. दर्ता नं.: २०२१-६९-३-१००३-०१२५


माघ, २०८१

# प्रतिबद्धता-पत्र

प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअर्न्तगत स्नातकोत्तर तह चौथो सत्र नेपा. ५४३-१ को प्रयोजनको लागि तयार पारिएको छ । यो शोधपत्र मैले आफ्नो अध्ययन, अनुभव र शोधनिर्देशकको निर्देशनमा रही तयार पारेको छु । यस शोधमा  आफ्नो स्वविवेक, ज्ञान, सीप, क्षमता र धारणाले भ्याएसम्मको खोज, अध्ययन, अनुसन्धान र शोधखोज गरी *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको कृतिपरक अध्ययनको विश्लेषण गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्यबाहेक अरू कसैको शोधपत्र, लेख, रचना, पाठ्यपुस्तक तथा कृतिसमीक्षासँग पूर्ण रूपमा हुबहु मिल्न गएमा सम्बन्धित व्यक्ति वा निकायले जुनसुकै समयमा पनि यस  शोधपत्रलाई रद्द गर्न सक्ने कुरामा मेरो पूर्ण सहमति रहेको छ भनी यो प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेको छु ।

...............

**खगीसरा जैसी**

**शोधकर्ता**

☏ ०८३-५२०३०९

मध्यपश्चिम विश्वविद्यालय
ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स
अङ्ग्रेजी र नेपाली केन्द्रीय विभाग
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या :
चलानी नम्बर : मितिः

## सिफारिस-पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयमा अध्ययनरत छात्रा खगीसरा जैसीले मेरो प्रत्यक्ष निर्देशनमा रही *❑त्यसपछि फुलेन गोदावरी कथासङ्ग्रहको कृतिपरक अध्ययन❑* शीर्षकमा शोधकार्य सम्पन्न गर्नुभएको हो । निजले गरेको प्रस्तुत शोधकार्यप्रति म पूर्णतःसन्तुष्ट छु र निजको यस शोधपत्रको उपयुक्त तथा आवश्यक मूल्याङ्कनका लागि केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०८१/१०/२० (सन् २०२४/...../.........

..........................

उपप्रा. सुधा आचार्य

(शोध निर्देशक)

☏ ०८३-५२०३०९

मध्यपश्चिम विश्वविद्यालय
ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स
अंग्रेजी र नेपाली केन्द्रीय विभाग
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या :

चलानी नम्बर : मितिः२०८१/१०/२७

# स्वीकृति-पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहका छात्रा खगीसरा जैसीले स्नातकोत्तर तह चौथो सेमेस्टरअन्तर्गत नेपा. ५४३-१ को प्रयोजनको लागि तयार पार्नुभएको **"*त्यसपछि फुलेन गोदावरी* कथासङ्ग्रहको कृतिपरक अध्ययन"** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| क्र.सं नाम | पद | हस्ताक्षर |
|---|---|---|
| १. उपप्रा थिर बहादुर खड्का | (नि.विभागीय प्रमुख) | ........................... |
| २. उपप्रा. सुधा आचार्य | (शोध निर्देशक) | ........................... |
| ३. उपप्रा. वासुदेव पाण्डेय | (बाह्य निर्देशक) | ........................... |
| ४. उपप्रा. टीकाप्रसाद पोखरेल | (आन्तरिक परीक्षक) | ........................... |

मिति २०८१/१०/२७

# कृतज्ञताज्ञापन

अनुसन्धान भनेको कुनै नयाँ सत्य तथा तथ्य पत्ता लगाउने काम हो । यसका निम्ति कडा परिश्रम र दृढ सङ्कल्पको आवश्यकता पर्दछ । मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्र नेपा. ५४३-१ को पाठ्यभार पूरा गर्ने प्रयोजनका लागि यो शोधपत्र तयार गरेको छु । यसै सन्दर्भमा महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको कृतिपरक अध्ययनबाट शोधपत्र तयार गरेकी छु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो कार्यव्यस्तताका बाबजुद पनि अमूल्य समय निकालेर शोधकार्यको शीर्षक छनोटदेखि आवश्यक सामग्री सङ्कलनमा कुशल निर्देशन, रचनात्मक एंव बौद्धिक सहयोग गर्नु हुने आदरणीय शोधनिर्देशक उपप्रा. सुधा आचार्यज्यू, उपप्रा. वासुदेव पाण्डेय र उपप्रा. टीकाप्रसाद पोखरेलज्यूप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी यस शोधपत्र तयार गर्ने क्रममा विभिन्न सल्लाह सुझाव दिनु हुने मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स अङ्ग्रेजी र नेपाली केन्द्रीय विभाग प्रमुख, रेशम बिष्टज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोध- कार्यलाई सरल र सहज बनाउन आवश्यक सामग्री प्रदान गरी अमूल्य सहयोग गरी गुन लगाउनु हुने आदरणीय यस कथासङ्ग्रहका लेखक महेश पौड्यालप्रति हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु ।

त्यसै गरी अध्ययनका क्रममा सहयोग, सल्लाह सुझाव प्रदान गरी सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्ने श्रीमान् मानप्रसाद जैसीलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी छिटोछरितो टाइप र कम्प्युटर सेटिङ्ग गरी सहयोग गर्नुहुने सपना घर्तीप्रति विशेष आभार प्रकट गर्दछु ।

**खगीसरा जैसी**

**शोधार्थी**

# शोधसार

प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत *□त्यसपछि फुलेन गोदावरी* ’ कथासङ्ग्रहको कृतिपरक अध्ययन शीर्षक नेपाली विषय स्नातकोत्तर तह चौथो सत्र नेपा.५४३-१ को पाठ्यभार पूरा गर्नका लागि तयार पारिएको छ ।

प्रस्तुत शोधपत्रमा कथा संरचनाका लागि आवश्यक अवयवहरूको अध्ययनका आधारमा ‘***त्यसपछि फुलेन गोदावरी*** ’ कथासङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ । साहित्यकार महेश पौड्यालद्वारा रचित ‘***त्यसपछि फुलेन गोदावरी*** ’ कथासङ्ग्रहका लेखक पौड्यालको व्यक्तिगत विवरण पनि शोधपत्रमा समेटिएको छ । शोधनिर्देशक प्राध्यापक तथा समीक्षक-लगायत पत्रिकाबाट पनि आवश्यक जानकारी लिइएको छ । यस शोधमा पुस्तकालयीय अध्ययन विधिको पूर्ण उपयोग गरिएको छ ।

यस शोधपत्रलाई मुख्यतः पाँच ओटा परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा शोधपरिचय दिइएको छ । परिच्छेद दुईमा साहित्यकार महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्य यात्रालाई समेटिएको छ । परिच्छेद तीनमा कथाका लागि संरचक घटकहरूको परिचय गराइएको छ । परिच्छेद चारमा *त्यसपछि फुलेन गोदावरी* कथासङ्ग्रहलाई कथा त□वहरूको आधारमा अध्ययन विश्लेषण गरिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्मका श्रृङ्खलित सबै घटनाहरू कथानकसुहाउँदा पात्रअनुकूल भाषा तथा तत्कालीन परिस्थितिको चित्रणलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । परिच्छेद पाँचमा शोधपत्रको सारांश तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

यस कथासङ्ग्रहमा समाजमा रहेका विक्षिप्त पात्र, बालबालिका, महिला, शोषित वर्ग, विविध कारणले समाजबाट झड्कारिएका पात्रहरूले आफ्नो विश्वदृष्टि बनाउँछन् । समाजमा यस्ता पनि पात्र छन् जो सधैँ अँध्यारोमा बस्न बाध्य छन् वा बाध्य पारिएको छ । त्यस्ता पात्र र तिनका चरित्रलाई लिएर कथाकार महेश पौड्यालले आफ्ना कथामा यथार्थपरक ढङ्गले देखाउन सफल भएका छन् । महेश पौड्यालको कथासङ्ग्रह “*त्यसपछि फुलेन गोदावरी*” कथाको भाव समाजको यथार्थ भोगाइ र पात्रचरित्रको मनोविज्ञानसँग नजिक छ । सामाजिक यथार्थ र मनोवैज्ञानिक धारणालाई प्रतिनिधित्व गरि कथामा पात्रको चेतन, अचेतन, मनको

द्वन्द्व, शिथिलता, रिक्तता आदि जस्ता कुराको विश्लेषण गरिएको छ । *'त्यसपछि फुलेन गोदावरी'* को २० ओटै कथामा संवेदना पक्षलाई देखाउन खोजिएको छ । सबै कथामा कथाकार महेश पौड्यालले समाजका यथार्थ चरित्रहरूलाई देखाउन सफल भएका छन् । कथामा सरल र सहज भाषा र संवादात्मक शैली रहेको छ । तत्सम, तद्भव र आगन्तुक भाषाशैलीको प्रयोग भएको छ । कथाको पहिलो कथामा लेखकले सन्तान गुमाएको मनोविज्ञानलाई प्रस्तुत गरेका छन् । ग्रामीण जीवनप्रतिको मोह, सहरमा बसाइँ सर्ने प्रवृत्तिलाई निदाल कथामा देखाउन खोजिएको छ । बाल मनोविज्ञानलाई गम्भीर रुपमा मध्यनजर गरेर लेखिएको कथामा भुवन, क्रान्तिवीर, कर्णालीको पल्लो किनार कथालाई पाउन सकिन्छ । बालबालिकाको विद्रोही भावना, असामान्य बालचरित्र, सीमान्त वर्गको प्रतिनिधित्व गर्ने चरित्रलाई कथामा देखाउन खोजिएको छ । 'सिकारी' कथाले पुरुष प्रधानतालाई जोड दिएको छ । हुलाकी कथाले सञ्चार प्रविधिको विकासले हुलाक सेवा लोप भए जस्तै हुलाकीको पेसा पनि लोप भएको कुरा दर्शाएको छ । हाम्रो समाजमा रहेका तल्लो तप्काका महिला, बालक, सीमान्तकृत वर्गको समस्यालाई कथासङ्ग्रहमा प्रस्तुत गरिएको छ । यस्ता मानिसहरुलाई न त समाजले बुझ्न सकेको छ न त सरकारले नै बुझेको छ । कसैले नबुझेका पात्रलाई चयन गरी कथामा यथार्थ प्रकट गरिएको छ । अँध्यारा पक्षलाई देखाएर पात्रमा उज्यालो छरिनुपर्छ भन्ने भाव कथासङ्ग्रहमा प्रस्तुत छ ।

प्रस्तुत शोधपत्र तयार गर्दा विभिन्न पत्रपत्रिकामा प्रकाशित पुस्तक समीक्षा, लेख, टिप्पणी तथा सम्बन्धित विषयमा गरिएका सन्दर्भ सामग्रीको सहयोग लिइएको छ । सन्दर्भ सामग्रीमा आएका भनाइ, परिभाषा र उद्धरण लिँदा प्रसङ्ग आएका ठाउँमा चिन्ह राखिएको छ । यस शोधपत्रले साहित्यकार महेश पौड्यालको जीवनी, व्यक्तित्व, साहित्यिक यात्रा र *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको अध्ययन गर्ने तथा जिज्ञासा राख्ने पाठक र अध्येतालाई लाभ एवम् रचनात्मक सहयोग पुऱ्याएमा शोधपत्रको सफलता मानिने छ ।

# विषयसूची

प्रतिबद्धता पत्र क

सिफारिस-पत्र ख

स्वीकृति पत्र ग

कृतज्ञताज्ञापन घ

शोधसार ङ

विषयसूची छ

संक्षिप्त शब्दसूची ञ

**परिच्छेद- १: परिचय**

१.१ शोध शीर्षक १

१.२.शोधकार्यको प्रयोजन १

१.३. परिचय १

१.४. समस्या कथन २

१.५. शोधकार्यको उद्देश्य २

१.६. पूर्वकार्यको समीक्षा ३

१.७. शोधकार्यको औचित्य ५

१८. शोधकार्यको सीमा ६

१.९. शोधविधि ६

१.१०. शोधकार्यको रूपरेखा ६

**परिच्छेद-२ :महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्यिक यात्रा**

२.१ विषय प्रवेश ७

२.२ पारिवारिक पृष्ठभूमि ७

२.३ जन्म र जन्मस्थान ८

२.४ बाल्यकाल र स्वभाव ८

२.५ शिक्षादीक्षा ९

२.६ सामाजिक संस्कार ९

२.७ परिवार र पारिवारिक अवस्था ९

२.८ कार्यक्षेत्रगत संलग्नता १०
२.९ व्यक्तिगत रूचि १०


२.१० व्यक्तिगत स्वभाव र बानी व्यवहार १०
२.११ लेखन प्रकाशन ११
    २.११.१ लेखनको प्रेरणा र लेखनआरम्भ ११
२.१२ प्रकाशित पुरस्कार र कृति १२
२.१३ सम्मान तथा पुरस्कार १२
२.१४ भ्रमण १३
२.१५ व्यक्तित्वका विभिन्न पाटाहरु १४
    २.१५.१ साहित्यिक व्यक्तित्व १४
    २.१५.२ एकाङ्कीकार १५
    २.१५.३ निबन्धकार व्यक्तित्व १६
    २.१५.४ कवि व्यक्तित्व १६
    २.१५.५ आख्यानकार व्यक्तित्व १७
२.१६.जीवनी व्यक्तित्व र स्रष्टाबिचको सम्बन्ध १७
**परिच्छेद -३: कथाको सैद्धान्तिक अवधारणा**
३.१ कथा सिद्धान्तको आधारमा विश्लेषण १८
    ३.१.१ कथाको परिचय र परिभाषा १८
    ३.१.२ कथाका त□वहरू २०
    ३.१.३ कथाको वर्गीकरण २३
**परिच्छेद -४: कृति विश्लेषण**
१. नर्सरी २९
२. निदाल ३३
३. सिकारी ३७
४. कर्णालीको पल्लो किनार ४१
५. अदालत बाहिर ४५
६. उनी योगमाया भइन् ४८

७. हुलाकी ५३
८. ताल्चा ५६
९. भूवन ६०
१०. पानीमुनिको जून ज ६३
११. पर्खाल र परेवाहरू ६६
१२. लौरो ६९
१३. लामबद्ध प्रतिघातहरू ७२
१४.काकी ७६
१५. चोट ७९
१६. दृश्यान्तर ८२
१७. ‘रश्मि’ ८५
१८. कौब्रु ८८
१९. क्रान्तिवीर ९१
२०. त्यसपछि फुलेन गोदावरी ९४
**परिच्छेद-५ःउपसंहार** ९८
**सन्दर्भसामग्री**

## संक्षिप्त शब्दसूची

| सङ्क्षेपीकृत | पूरा रूप |
|---|---|
| उप.प्रा | उप-प्राध्यापक |
| डा. | डाक्टर |
| नि. | निमित्त |
| प्र.अ. | प्रधानाध्यापक |
| म.प.वि. | मध्यपश्चिम विश्वविद्यालय |
| मा.वि | माध्यमिक विद्यालय |
| वि.सं | विक्रम संवत् |
| सहप्रा. | सह-प्राध्यापक |

# परिच्छेद-१: शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक ***त्यसपछि फुलेन गोदावरी*** कथासङ्ग्रहको कृतिपरक अध्ययन रहेको छ ।

## १.२.शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन मध्यपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह चौथो सेमेस्टर ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज  एण्ड सोसियल साइन्सेस अङ्ग्रेजी र नेपाली केन्द्रीय विभागअन्तर्गत नेपा. ५४३-१ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३. परिचय

***'त्यसपछि फुलेन गोदावरी'*** कथासङ्ग्रहका कथाकार आधुनिक नेपाली, साहित्यका उदीयमान एवं प्रतिभाशाली स्रष्टा महेश पौड्यालको जन्म वि.स. २०३८ सालमा झापा जिल्लामा भएको हो । सामान्य परिवारमा जन्मे हुर्केका पौड्याल नम्र, भद्र, शिष्ट र सबैलाई सम्मानपूर्वक व्यवहार गर्ने साहित्यिक व्यक्तित्व हुन् । मणिपुर विश्वविद्यालय भारतबाट अंग्रेजी साहित्यमा स्नातक गरेका पौड्यालले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजीमै स्नातकोत्तर र पोखरा विश्वविद्यालयबाट एम. फिल गरेका छन् । हाल उनी अंग्रेजी केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत छन् । बहुमुखी प्रतिभाका धनी पौड्यालले साहित्यका प्राय: सबै विधा कथा, उपन्यास, एकाङ्की फुटकर कविता, समालोचना गीत, बालसाहित्य र अनुवादमा समेत कलम चलाई कृतिगत लेखरचनाहरू प्रकाशन गरी नेपाली साहित्यमा योगदान पुयाएका छन् । उनका प्रमुख प्रकाशित कृतिहरूमा 'अनामिका यात्री' कथा सङ्गह (२०६७) 'सपनाको पुल' बालकथा (२०६८) 'आमा नहुँदा एक साँझ' (बाल एकाङ्की) २०६८, 'तादी किनारको गीत' उपन्यास सङ्ग्रह (२०७२), ***'त्यसपछि फुलेन गोदावरी'*** कथासङ्ग्रह, (२०७४) 'शून्य प्रहरको साक्षी' कवितासङ्ग्रह २०६५ र 'अपरिचित अनुहार' कथासङ्ग्रह (२००८) पर्दछन् भने उनका फुटकर कविता गीत, समालोचनात्मक लेखरचनाहरू साहित्यिक तथा राष्ट्रिय दैनिक पत्रपत्रिकामा समेत प्रकाशित छन् ।

यसरी उनले पुऱ्याएको साहित्यिक क्षेत्रको योगदानको कदर गर्दै उनलाई गोठाले किशोर साहित्य पाण्डुलिपि पुरस्कार (२०७१) का अतिरिक्त अन्य विभिन्न पुरस्कारद्वारा विभूषित गरिएको छ । उनका कृतिमा विभिन्न क्षेत्र विषयवस्तुको चित्रणका साथै मुख्य रूपमा समसामयिक समाजमा देखिएका विकृति, विसङ्गति र प्राकृतिक चेतना आदि व्यवहारप्रति व्यङ्ग्य भावसमेत प्रस्तुत गरिएको छ । महेश पौड्यालका कथासङ्ग्रहमा नेपाली समाजमा रहेको सामाजिक यथार्थ, नैतिकताको वर्णन, राजनीतिक परिवेश, बालमनोवैज्ञानिकता, धार्मिक पक्ष आदि कुराहरुलाई दर्शाइएको हुन्छ । *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रह शिखा बुक्स प्रालि. ले २०७४ सालमा प्रकाशनमा ल्याएको हो । उनका प्रकाशित विभिन्न कृतिहरूमध्ये यस शोधकार्यमा *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहलाई कथा त□वका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस कथासङ्ग्रहमा जम्मा २० ओटा कथाहरू रहेका छन् ।

## १.४. समस्या कथन

यस शोधकार्यअन्तर्गत 'त्यसपछि फुलेन गोदावरी' कथासङ्ग्रहको कृतिपरक अध्ययन गर्दा कथावस्तु चरित्र चित्रण, परिवेश वा वातावरण, भाषाशैली, दृष्टिबिन्दु उद्देश्य आदिलाई केन्द्रविन्दु बनाई त्यसैको अध्ययन विश्लेषण गरिएको छ । उक्त अध्ययन निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

१. महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्यिक यात्रा के कस्तो रहेको छ ?

२. कथा विधाको सिद्धान्त र वर्गीकरण के कस्तो रहेको छ ?

३. कथात□वका आधारमा 'त्यसपछि फुलेन गोदावरी' कथासङ्ग्रहमा विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.५. शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोध समस्याको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधसमस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरुलाई समाधान गर्ने बाटो देखाउँछ । एउटा शोधकार्य पूर्ण हुनका लागि स्पष्ट उद्देश्य लिई अगाडि बढेको हुन्छ । शोधकार्यका लागि उठाइएका मूलभूत प्रश्नहरुको

जवाफमा, शोधका उद्देश्य हुने भएकाले अनुसन्धान कार्यमा यसको मह□वपूर्ण भूमिका रहन्छ ।

**प्रस्तुत शोधकार्यका उद्देश्य निम्नलिखित रहेका छन् :**

क) कथाकार महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्यिक यात्राको बारेमा चर्चा, परिचर्चा गर्नु,

२) कथा विधाको सैद्धान्तिक अध्ययन गर्नु,

३. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको कथात□वका आधारमा विश्लेषण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका लेख, शोध, प्रवन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु हो । यससँग सम्बन्धित विषयमा पूर्व के कति अनुसन्धान भएका छन् ? के कति बाँकी छन ? भन्ने कुराको जानकारी प्रदान गर्दछ, त्यसैले यसले शोध अध्ययनको औचित्य पनि पुष्टि गर्दछ । यसले गर्दा अनुसन्धान कार्य सजिलोसँग अगाडि बढाउन सकिन्छ ।

महेश क्षितिज (२०६४) आश्विन ४ बुधवारको काठमाडौँ पोष्टमा 'त्यसपछि फुलेन गोदावरी' कथासङ्ग्रहको 'यथार्थवादी स्वर' शीर्षकमा समीक्षा गर्दै कथाकार महेश पौड्याल विथोलिएका पात्रहरूको चयन गर्छन् । यस्ता पात्रलाई लेखक आक्रोशको आवाज उठाउन जवर्जस्ती गर्छन् । समाजको भोगाइ र पात्रको मनोविज्ञानसँग जब नजिकिन्छ तब कथाले उठाएको विश्वदृष्टि हरेक सीमान्त तहका पात्रहरूले आफ्नो विश्वदृष्टि बनाउँछन् । यस्तै संस्कृति भोगिरहेका ग्रामीण आम नेपाली महाजातिहरूको आफ्नो कथा हो भनी उल्लेख गरिएको छ

तर्कना शर्मा (२०७४) असोज २ मा प्रकाशित सेतोपाटी पत्रिकामा ***'त्यसपछि फुलेन गोदावरी'*** कथासङ्ग्रहको 'जीवननाच' शीर्षकमा समाजमा यस्ता विक्षिप्त पात्रहरू धेरै छन् । जसले दमित, कुण्ठित मनोविज्ञान प्रस्तुत गरेर जीवनका आशा चुँडिन दिएका छैनन् ।

जीवनभरी नाच्न मन भएर पनि समाजका सामु नाच्न नसकेका विक्षिप्त पात्रलाई जीवननाच नचाएर कथाकारले ठूलै न्याय गरेको कुरा उल्लेख गरिएको छ ।

रमेश प्रभात (२०७४ कार्तिक १८ शनिबार) प्रकाशित समकालीन साहित्य पोष्टमा '*त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको' अभिघात' शीर्षकमा समीक्षा गर्दै *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रह सिद्धान्तका कोणबाट विवेच्य कृति हो । यस कथासङ्ग्रहको विभिन्न कोणबाट अभिघात भोगेका पात्रहरूको चित्रण गरिएको छ । यस कथासङ्ग्रहभित्र पात्रले युद्ध वा द्वन्द्व आफन्तजनको हेपाइ, नारी हुनुको पीडा, संवेगात्मक आघात् कार्यमा असफलता घमण्डी स्वभाव, पारिवारिक तनावजस्ता कुराले अभिघात भोगेका छन् । साझा मानवीय भावना र सीमित मानवीय भावनाजस्ता अभिघातका परिणाम पनि स्पष्ट देखिएका छन् । त्यसैले शैलीशिल्पका दृष्टिले पनि कृति अभिघातमुखी देखिन्छ भनी उल्लेख गरिएको छ ।

कुमारी लामा २ मंसिर (२०७४) कान्तिपुर पोष्टमा *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको 'संवेदनाको गोदावरी' शीर्षकमा समीक्षा गर्दै *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहभित्र मानवीय संवेदनाका भित्री तहहरू छाम्न सकिन्छ । मानवलाई संवेदित पार्ने विषयहरू टिपिएका छन् । मानवीय सम्बन्ध, संवेदना मनोविज्ञान प्रेम, निराशा, मृत्यु साथै विस्थापनका अनेक पाटाहरुलाई नियाल्दा *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहलाई संवेदनाको गोदावरी भन्न सकिने कुरा उल्लेख गरिएको छ ।

अनिल खतिवडा १६ भाद्र २०७४ सौर्य दैनिकमा '*त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहलाई *त्यसपछि फुलेन गोदावरी* भित्रको 'समाजशास्त्र' शीर्षक दिएर समीक्षा गरिएको छ । फरक फरक सामाजिक यथार्थ बोकेको कथा सङ्ग्रहभित्र समाजमा जुन मानसिक प्रभाव पर्दछ त्यही नै कृतिगत प्रभावको सामाजिकता हो । सामाजिक विषयवस्तु र सामाजिक पर्यावरणका चापबाट प्राप्त अनुभवलाई प्रकट गरिएको साहित्यिक कृतिले सार्वकालिक अस्तित्व लिन पुग्दछ । समाज, संस्कृति, धर्म, कानुन रीतिरिवाज एवं व्यवहार आदिको रूपलाई कथासङ्ग्रहभित्र समेटेका छन् भनीएको छ ।

## १.७. शोधकार्यको औचित्य

साहित्य, कला, भाषा संस्कृति मानव जीवनको मह□वपूर्ण अङ्ग हो । साहित्य र संस्कृति कुनै पनि देशको विशिष्ट पहिचान हो । कुनै पनि देशलाई विश्व सामु परिचित गराउन साहित्य

र संस्कृतिको मह□वपूर्ण योगदान हुन्छ । साहित्य सिर्जना गर्ने सर्जक देशका गहना हुन् । सबै सर्जक साहित्यकार बन्न सक्दैनन् । वास्तविक साहित्यकारबाट नै साहित्यको सिर्जना हुन्छ । यस्ता सक्षम साहित्यकारहरूलाई परिचित गराउनु सम्पूर्ण पक्षको दायित्व हुन आउँछ ।

महेश पौड्याल पछिल्लो समय साहित्यका क्षेत्रमा समर्पित सर्जक हुन् । साहित्यका कवि, कथाकार तथा अनुवादकका रूपमा चिनिएका पौड्यालका जीवनी, व्यक्तित्व र कृतित्वका अध्ययनले नेपाली साहित्यका क्षेत्रमा मह□वपूर्ण स्थान राख्दछ । पौड्यालको आफ्नै मूल्य महिमा र योगदान रहेको छ । उनले गरेका कार्यका आधारमा विभिन्न कोणबाट पौड्याललाई चिनाइएको प्रस्तुत शोधकार्य महेश पौड्यालको जीवनी, व्यक्ति□व र उनका विभिन्न कृतिका बारेमा जिज्ञासा राख्ने समवर्ती र उत्तरवर्ती साहित्यिक व्यक्ति□वहरू पाठक, शिक्षक, विद्यार्थी, समालोचक, शोधार्थी आदिका लागि मार्गनिर्देशन हुनेछ र नेपाली अनुसन्धान, परम्परामा प्रस्तुत शोधकार्य निकै औचित्यपूर्ण देखिएको छ ।

## १.८. शोधकार्यको सीमा

साहित्यकार महेश पौड्यालको व्यक्तित्व फराकिलो छ । यस शोध कार्यमा, अध्ययनको सीमा निर्धारित छ । यस *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहका कथाकार महेश पौड्यालको जीवनी र कथाकारिताका साथै त□वगत आधारमा प्रस्तुत कथासङ्ग्रहको विश्लेषण गर्ने शोधकार्यको सीमा रहेको छ ।

## १.९. शोधविधि

प्रस्तुत शोधकार्य महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रह र त्यसको त□वगत आधारमा अध्ययन विश्लेषणमा केन्द्रित रहेकोले महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरी'* कथा सङ्ग्रहलाई प्राथमिक सामग्रीको रूपमा लिएको छु । कथाकारलाई फोन सम्पर्क राखेर तथा सामाजिक सञ्जालबाट खोजेर पनि पौड्यालको व्यक्तिगत विवरण प्राप्त गरिएको छ । मूलतः पुस्तकालयीय अध्ययन विधिको आधारमा सामग्री सङ्कलन गरिएको छ । विश्लेषणात्मक विधिलाई आधार मानी *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहलाई त□वगत आधारमा विश्लेषण गरिएको छ ।

## १.१०. शोधकार्यको रूपरेखा

शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि पाँच ओटा परिच्छेदमा विभाजन गरिएको छ । यसमा आवश्यकताअनुसारका शीर्षक र उपशीर्षकहरू पनि राखिएको छ, जसलाई क्रमबद्ध रूपमा निम्नानुसार राखिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्यिक यात्रा

परिच्छेद तीनः कथाको सैद्धान्तिक परिचय

परिच्छेद चारः कथाका त□वगत आधारमा *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको विश्लेषण

परिच्छेद पाँच : उपसंहार र निष्कर्ष

# परिच्छेद-२: महेश पौड्यालको जीवनी, व्यक्तित्व र साहित्यिक यात्रा

## २.१ विषय प्रवेश

यस परिच्छेदमा महेश पौड्यालको जीवनीस□ग सम्बन्धित पारिवारिक पृष्ठभूमि जन्म र जन्मस्थान, बाल्यकाल र स्वभाव, शिक्षादीक्षा, बसोबास र आजीविका, पारिवारिक अवस्था, कार्यगत संलग्नता, अन्तर्राष्ट्रिय क्षेत्रमा संलग्नता, व्यक्तिगत स्वभाव, बानी व्यवहार र भ्रमण, अविस्मरणीय क्षणहरु, जीवन दर्शन, साहित्यिक दृष्टिकोण, लेखन  प्रकाशन, प्रकाशित कृतिहरु, कार्यपत्र प्रस्तुति, सम्मान र अभिनन्दन तथा पुरस्कार जस्ता शीर्षकमा आधारित भएको उनको जीवनी पक्षको बारेमा विस्तृत चर्चा गरिएको छ ।

## २.२ पारिवारिक पृष्ठभूमि

अत्रि ऋषिका सन्तान मानिने पौड्यालहरु आत्रेय गोत्री हुन् । पुर्ख्यौली थलो नेपालको पश्चिमाञ्चल क्षेत्रको कास्की जिल्ला मानिन्छ । त्यहा□बाट बसाइ□ सरेर पूर्वी नेपालका विभिन्न भागमा जाने क्रममा इलामसम्म पुगेको पाइन्छ । महेश पौड्यालको चाहि पुर्ख्यौली थलो इलाम जिल्लाको सुलुबु□ गा.वि.स.को हुतुलुङ गाउ□ हो । पछि महेश पौड्यालका तीन पुस्तादेखि नै झापाको सतासीधाममा बसोबास रह□दै आएको छ । दिनाकरी पौड्यालका सन्तानको रुपमा दुई छोरा इन्द्रलाल र टीकाराम पौड्याल जन्मिए । जेठो छोरा इन्द्रलाल पौड्यालका तीन छोराहरु क्रमशः तुङ्नाथ, पुष्पलाल र गजाधर पौड्यालको जन्म भयो । तुङ्नाथ पौड्यालका पनि चार छोराहरु क्रमशः खुमप्रसाद, पुस्कर, खेम र टीकाराम पौड्यालको जन्म भयो (सम्पूर्ण जानकारी शोधनायक महेश पौड्यालबाट प्राप्त) ।

महेश पौड्याल तुङ्गनाथ पौड्यालका नाति र खुमप्रसाद पौड्यालका माहिला छोरा हुन् । दिनाकरी पौड्यालदेखि खुमप्रसादसम्मका तीन पुस्ता इलामको सुलुवुङ्गमै जन्मे हुर्केको पाइन्छ । ब्राहमण परिवारमा पहिलेदेखि नै अग्रज पण्डित भएकाले पाण्डित्य कर्मका साथै अध्ययन अध्यापन नै पारिवारिक पेसाको रुपमा आएको थियो । पछि उच्च शिक्षा तथा अवसरको खोजीका क्रममा महेश पौड्यालका बुबा खुमप्रसाद भारतको मणिपुर र त्यही शिक्षकको रुपमा रहेर अध्ययन अध्यापन गर्नु भएकाले महेश पौड्यालको बाल्यकाल

मणिपुरमा नै बित्यो । परिवारको बसाइ□ मणिपुरमै भएकाले हाल महेश पौड्यालका दाजु, भाइ र दिदीहरुको बसोबास उतै छ । त्यतैतिर विभिन्न अध्ययन अध्यापनमा संलग्न रहेको पाइन्छ । महेश पौड्याल भने भक्तपुरको सानोठिमीमा बस्दै आउनुभएको छ ।

महेश पौड्यालका अग्रज पुस्ताहरु संस्कृत शिक्षा आर्जन गरी पाण्डित्य कर्म गर्दै आएका हुनाले उनको परिवार शिक्षित थियो । जग्गा जमिन प्रशस्त भए पनि कृषि पेसालाई भन्दा अध्ययन अध्यापन अवलम्बन गर्दै आएका थिए । उनका हजरबुवाले त्यस क्षेत्रकै नामी पण्डितको हैसियतले ख्याति कमाएका थिए । शास्त्रीय ज्ञानमा आफूलाई अब्बल सावित गरेका थिए । त्यस क्षेत्रमा प्रसिद्धि कमाएका कारणले पनि शैक्षिक चेतनास्तर सुरूमै उठेको थियो भन्ने कुरा प्रस्ट हुन्छ ।

## २.३ जन्म र जन्मस्थान

महेश पौड्यालको जन्म २०३८ साल माघ ३० गतेका दिन पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलको झापा जिल्लाअन्तर्गत सतासीधाम गा.वि.स. वडा नं. ९ मा भएको हो । (सम्पूर्ण जानकारी शोधनायक महेश पौड्यालबाट प्राप्त) उनका पिताको नाम खुमप्रसाद पौड्याल र माताको नाम पुष्पाकुमारी पौड्याल हो । यिनै पौड्याल दम्पतीका ६ सन्तानमध्ये एक दाजु र तीन दिदीहरुपश्चात् पा□चा□ सन्तान तथा माहिलो सुपुत्रको रुपमा महेश पौड्याल जन्मेका थिए । कतिपय व्यक्तिको न्वारानको नाम र पछिको प्रचलितल नाम फरक हुने गरेको पाइए तापनि महेश पौड्यालको भने न्वारानको नाम र हाल प्रचलित नाम उही नै हो । उनका तीन भाइ रमेश, महेश र दिनेश तथा तीन दिदीहरु रजनी, यशोदा र गोमा रहेका छन् । उनीहरु सबै जना झापाको सतासीधाममा जन्मेका हुन् ।

## २.४ बाल्यकाल र स्वभाव

परिवारको आर्थिक, शैक्षिक, सामाजिक अवस्था पहिलेदेखि नै राम्रै थियो । एक छोरो र तीन छोरीपछि जन्मिए पनि परिवारबाट यथेष्ट माया, ममता पाउनका साथै सानैदेखि स्नेही स्वभावका थिए । महेश पौड्याल बाल्यकालदेखि नै पढाइमा एकदमै रूचि राख्थे । उनी झगडा कहिल्यै गर्दैनथे । स्नेही स्वभाव भएकाले सबैका माया र दयाका पात्र थिए ।

आ=ना समन्वयमा मात्र नभई वरपर रहेका अग्रजहरुको दृष्टिमा समेत असल ठहरिएका थिए । आफूभन्दा सानालाई माया गर्थे भने ठूलालाई आदर र सम्मान गर्थे । शिक्षित परिवारमा जन्मे हुर्केकाले पनि उच्च संस्कारगत गुणहरु उनमा थिए । सानैदेखि तीक्ष्ण बुद्धिका धनी भएकाले पढाइमा अब्बल थिए । विद्यालयमा शिक्षकले एकपटक भनेका कुराहरुलाई दोहोऱ्याएर पढ्नु  पर्दैनथ्यो । थोरै समय सहपाठीस□ग खेलेर बिताए पनि बढी समय अध्ययनमा नै केन्द्रित  हुन्थे । प्राकृतिक परिवेशमा रमाउनु पनि उनको बाल्यकालीन स्वभाव थियो ।

## २.५ शिक्षादीक्षा

आमाबुबास□गै घरको आ□गनमा रमाउ□दै विद्यालयको वातावरणमा प्रवेश गर्दै महेश पौड्यालको कक्षा १ देखि ७ कक्षासम्म मणिपुरस्थित विभिन्न अंग्रेजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । त्यसैगरी यिनले फ्रोबेल इङ्लिस स्कुल, काङ्लातोङ्बीबाट वि.सं २०५४ सालमा एस.एल.सी उत्तीर्ण गरेपछि मणिपुरस्थित चुराचान्द हायर सेकेन्डरी स्कुलमा ११, १२ कक्षा अध्ययन गरे । यिनले १२ उत्तीर्ण गरिसकेपश्चात् स्नातक तह अध्ययनार्थ वि.सं २०५७ मणिपुर विश्वविद्यालय अन्तर्गत धनमञ्जरीमा भर्ना भई त्यस कलेजबाट स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । त्यसपछि वि.सं २०६० त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागमा २०६२ सालमा अंग्रेजी विषयमा प्रथम श्रेणीमा प्रथम भई स्नातकोत्तर तह पूरा गरी पोखरा विश्वविद्यालयबाट एम.फिल सम्म गरेका छन् ।

## २.६ सामाजिक संस्कार

सामाजिक जनजीवनका प्रचलित उपनयन, विवाह आदिलाई सामाजिक संस्कारअन्तर्गत राखिन्छ । महेश पौड्यालको उपनयन संस्कार २०५१ सालमा आ=नै तिम्सिना गाउ□को राम मन्दिरमा, रामनवमीको अवसरमा बुवा खुमप्रसाद पौड्यालले गरेका थिए । उनको व्रतबन्ध व्राह्मण संस्कृत परम्पराअनुसार नै भएको थियो । सामाजिक हिन्दु परम्पराअनुसार मागी विवाह गर्ने पूर्ववत् अडानअनुरुप वि.सं. २०६७ सालमा कञ्चनपुर जिल्लाकी रमा

अधिकारीस□ग वैदिक विधि संस्कार अनुरुप मागी विवाह भएको हो । यी दुबै अहिले सुखपूर्वक जीवन बिताइरहेका छन् ।

## २.७ परिवार र पारिवारिक अवस्था

शिक्षित ब्राह्मण परिवारमा महेश पौड्यालको जन्म भएको हो । हजुरबुवा त्यस क्षेत्रकै नामुद पण्डितको रुपमा चिनिएकाले पनि समाजमा पौड्यालको परिवारलााई उच्च प्रतिष्ठा प्राप्त भएको थियो । पौड्यालका परिवारमा रहेका तीन दिदीहरु, तीनै दाजुभाइ आ-आ=नै क्षेत्रमा रहेर काम गरिरहेका छन् । पौड्यालको परिवारमा श्रीमती, छोरा पराक्रम गरी तीन जनाको परिवार रहेकोमा वि.सं. २०७४ सालमा छोरा पराक्रमको अल्पायुमै असामयिक निधनले परिवारमा दु:खद अवस्थासमेत आइपरेको थियो । हाल महेश पौड्यालको परिवारमा श्रीमती रमा अधिकारी, छोरा अभिनन्दन पौड्याल र आफू गरी तीन जना छन् ।

## २.८ कार्यक्षेत्रगत संलग्नता

महेश पौड्याल शैक्षिक, प्राज्ञिक र साहित्यिक क्षेत्रस□ग सम्बद्ध प्रतिभाका धनी बहुआयामिक विशिष्ट व्यक्तित्व हुन् । मूलतः प्राध्यापक, साहित्यकार तथा समालोचक भए पनि अन्य विविध क्षेत्रमा समेत यिनको संलग्नता रहेको देखिन्छ । शैक्षिक, प्राज्ञिक, साहित्यिक तथा सामाजिक सेवाका क्षेत्रमा संलग्न उनी विभिन्न किसिमका खोज अनुसन्धानमुलक कार्यमा पनि उत्तिकै लागिपरेको देखिन्छ ।

## २.९ व्यक्तिगत रूचि

हरेक मानिसमा आ-आ=नै प्रकारका व्यक्तिगत रूचि र स्वभाव हुन्छन् । वैयक्तिक आनीबानी मानिसको पृथक् पहिचानको आधार बनेको हुन्छ । महेश पौड्यालको विशेष रूचि अध्ययन अध्यापन तथा खोज अनुसन्धान कार्यमा नै देखिन्छ । पढाउने, साहित्य लेख्ने, अनुवाद, सम्पादन गर्नका साथै युवाहरुस□ग युवा मामिला, युवा सशक्तीकरण र उत्प्रेरणाजस्ता कार्य उनका व्यक्तिगत रूचिभित्र पर्दछन् । हरेक मानिसले आत्मविश्वासी बनेर आ=नो आफू रहने क्षेत्रमा काम गरी त्यही क्षेत्रमा आफँले उत्तराधिकारी जन्माउनुपर्ने र त्यस क्षेत्रको

उत्थान र उन्नयनमा लाग्नुपर्ने कुरा उनले व्यवहारबाट पुष्टि गरेका छन् । साहित्य समाजको यथार्थ, साझा अवचेतना र कलाकारिताको त्रिवेणी हो भन्ने व्यक्तिगत विचार राख्ने पौड्याल साहित्यले विभेदका विरूद्ध उभिइ, सहिष्णुताका पक्षमा र मौलिकतासहित साहित्य सिर्जना गर्नुपर्ने दिशाको प्रतिनिधि□व गर्दछन् । उनका अन्य रूचिमा नाटक लेखन, मञ्चन, अभिनय र निर्देशनसमेत रहेको पाउन सकिन्छ । सादा जीवनशैलीमा रमाउन चाहाने पौड्यालले खानामा दाल, भात र तरकारी मन पराउ□दछन् । सानैदेखि गीत सङ्गीतप्रेमी भएकाले उनी गीत सङ्गीतमा पनि मन खोलेर रमाउने  गर्दछन् ।

## २.१० व्यक्तिगत स्वभाव र बानी व्यवहार

महेश पौड्यालले एक कुशल अध्यापक, समालोचक, कवि तथा स्पष्ट वक्ताको रुपमा आ=नो छवि बनाएका छन् । सादा जीवन उच्च विचारमा रमाउन इच्छुक उनी  सानैदेखि निडर, निर्भीक र स्वाभिमानी प्रवृत्तिका व्यक्ति थिए । कोही कसैस□ग पूर्वाग्रह नराखी सबैस□ग मिलनसारिता देखाई माया र सद्भाव बा□ड्दछन् । मृदुभाषी पौड्याल सहयोगी, परोपकारी, उन्नति, प्रगतिपथमा सत्प्रेरणाका स्रोत व्यक्तिका रुपमा समेत चिनिन्छन् । सदैव नया□ खोज अनुसन्धानमा क्रियाशील पौड्यालमा अध्ययनशीलता र तार्किक क्षमता पाइन्छ । उनी प्राज्ञिक उन्नयनमा सदैव जोड दिने कर्तव्यनिष्ठ, कुशल तथा स्वाभिमानी अध्यापक हुन् । उनलाई प्रखर समालोचक एवम् कवि भनेर चिनाइए पनि आफूलाई बढी आख्यानकार भन्न रूचाउ□छन् । विशेषतः बाल साहित्य, किशोर साहित्य एवम् मनोविज्ञानजस्ता विषयमा आधारित भई आफूले साहित्य सेवा गरिरहेको बताउ□छन् । आ=नो समालोचनामा पूर्वीय मूल्य मान्यता स्थापित गर्न लागिरहेका छन् । उनी गीत, सङ्गीत र साहित्यको त्रिवेणीमा मानव जीवनका आ=नो आयाम झल्काउने पक्षमा साहित्यिक रूचि भएको बताउ□छन् ।

## २.११  लेखन प्रकाशन

### २.११.१ लेखनको प्रेरणा र लेखनआरम्भ

साहित्यिक क्षेत्रमा बाल्यकालदेखि रूचि राख्दै आएका पौड्याल विद्यार्थी जीवनदेखि नै कथा, कविता, नाटक, गीत लेख्ने गर्थे र वादविवाद एवं वक्तृत्वकला प्रतियोगितामा भाग लिन्थे । कक्षा आठ पढ्दादेखि नै अङ्ग्रेजी दैनिकी पत्रिकाहरुमा कथा र समसामयिक लेख लेख्न थालेका थिए । उनको पहिलो प्रकाशित साहित्यिक रचना अङ्ग्रेजी भाषाको कथा □द लिभिङ टेकिङ❑ हो । यो सन् १९९५ तिर मणिपुरबाट प्रकाशित □द साङ्घाई एक्सप्रेस❑ मा छापिएको थियो । पुस्तकाकारको रुपमा सन् २००८ मा सार्वजनिक गरिएको अङ्ग्रेजी भाषाको पहिलो कृति □माइ सेयर❑ हो (सम्पूर्ण जानकारी शोधनायक महेश पौड्यालबाट प्राप्त) ।

नेपाली भाषामा प्रकाशित पहिलो रचना सन् १९९८ मै मणिपुरबाट छापिएको □सङ्कल्प❑ पत्रिकामा आएको □छुट्टी❑ शीर्षकको कथा हो । यस्तै सन् २००२ मा गोर्खा सुधारक संघ मणिपुरको मुखपत्रमा प्रकाशित □उषाको नियत❑ दोस्रो रचनाका रुपमा छ । पुस्तकाकारको नेपाली रचना चाहि□ सन् २०१० मा काठमाडौ□ भू□डीपुराण प्रकाशनबाट छापिएका □अनामिक यात्री❑ कथा सङ्ग्रह रहेको छ । उनलाई नेपाली साहित्यिक माहोलसँग परिचित गराउने श्रेय चाहि□ कार्तिकेय घिमिरेलाई दिन्छन् । यो सम्बन्धलाई विस्तार गरी थप बलियो बनाउने र स्वदेश तथा विदेशमा साहित्यिक भ्रमण गर्न उत्प्रेरणा, सद्भाव र हौसला प्रदान गर्ने काम चाहि□ अग्रज र प्रेरक व्यक्तित्व कवि तथा कथाकार कृष्ण प्रसाई हुन् ।

यसरी प्राध्यापन क्षेत्रमा संलग्न रही पदीय जिम्मेवारीसमेतलाई कुशलतापूर्वक पूरा गर्दै साहित्यिक सिर्जना गर्न थालेका पौड्यालले वर्तमानमा नेपाली साहित्यका प्रायः सबै विधा कथा, कविता, उपन्यास, नाटक, निबन्ध, समालोचना, अनुवाद सम्पादन आदिमा आफूलाई केन्द्रित गरेका छन् । पौड्यालको साहित्यिक सिर्जनामा सदैव घर, परिवार, साथीसङ्गी, शुभेच्छुकको सर सहयोग, हौसला सहयोगी बनेका छन् । त्यस्तै लेखनमा थप ऊर्जा प्रदान गर्न लेखन र अध्ययनको सहज वातावरण बनाइदिने उनकी श्रीमती रमा अधिकारीको पनि ठूलो भूमिका रहेको देखिन्छ । यसरी नै पौड्यालको साहित्य लेखनारम्भ भएको पाउन सकिन्छ ।

## २.१२ प्रकाशित पुस्तकाकार र कृति

महेश पौड्यालका विभिन्न विधाका पुस्तकहरु र कृतिहरुको सूची कालक्रमिक रुपमा यसप्रकार रहेका छन् :

| क.सं. | शीर्षक | विधा | प्रकाशन स्रोत |
|---|---|---|---|
| १. | अनामिक यात्री | कथासङ्ग्रह | भु□डीपुराण प्रकाशन, काठमाडौ□, २०६७ |
| २. | सपनाको पुल | बालकथासङ्ग्रह | नेपाल प्रज्ञान प्रकाशन, काठमाडौ□, २०६९ |
| ३. | आमा नहु□दा एक सा□झ | एकाङ्कीसङ्ग्रह | केटाकेटी मिडिया, २०७० |
| ४. | तादी किनारको गीत | उपन्यास | बुकआर्ट पब्लिकेशन, २०७१ |
| ५. | त्यसपछि फुलेन गोदावरी | कथासङ्ग्रह | शिखा बुक्स, काठमाडौ□, २०७६ |
| ६. | शून्य प्रहरको साक्षी | कवितासङ्ग्रह | शिखा बुक्स, काठमाडौ□, २०७६ । |
| ७. | अपरिचित अनुहार | कथासङ्ग्रह | शिखा बुक्स, काठमाडौ□, २०७८ । |

## २.१३ सम्मान तथा पुरस्कार

महेश पौड्यालले हालसम्म प्राप्त गरेका सम्मान तथा पुरस्कारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. स्कुल र कलेज पढ्दा धेरै पटक कविता, कथा आदिमा प्रथम

२. भारतमा □बाल वैज्ञानिक❑ घोषणा (सन् १९९६)

३. रेवितादेवी स्मारक स्वर्णपदक, मणिपुर विश्वविद्यालय, भारत (सन् २००२)

४. नेपाल विद्याभूषण □ख❑ नेपाल सरकार (सन् २००५)

५. आचार्य नरेन्द्रमणि दीक्षित स्वर्ण पदक त्रि.वि. (सन् २०१५)

६.	जमर्को बालपत्रकारिता पुरस्कार (२०६५)

७.	विमल स्मृति पुरस्कार (२०६५)

८.	गोविन्दबहादुर मल्ल गोठाले किशोर साहित्य पाण्डुलिपि पुरस्कार (२०७२)

९.	महामण्डल सम्मान (२०७२)

१०.	सुदिश निरौला साहित्य पुरस्कार (२०७४)

११.	प्रसिद्ध क□डेल साहित्य पुरस्कार (२०७५)

१२.	भानु सम्मान, भानुप्रतिष्ठान (२०७५)

यसरी महेश पौड्यालको साहित्यिक योगदानको कदरस्वरुप विभिन्न पुरस्कार तथा सम्मानद्वारा उनलाई विभूषित गरिएको पाइन्छ ।

## २.१४ भ्रमण

महेश पौड्यालले स्वदेश तथा विदेशका विभिन्न ठाउ□हरुको भ्रमण गरेका छन् । उनले भ्रमण व्यक्तिगत, साहित्यिक र प्राज्ञिक किसिमले पटक पटक भएको बताइन्छ । उनले नेपालका प्रायः सबै ७७ जिल्ला घुमेका छन् । नेपाली कथा, कविता लेखन र यसको मह□व उजागर गर्दै साहित्यप्रति युवाहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले मेची, महाकाली साहित्यिक अभियानका अग्रणी अभियन्तासमेत भएकाले स्वदेशका प्रायजसो ठाउ□हरुको भ्रमण गरेका छन् । महेश पौड्यालले गरेका भ्रमणलाई निम्नानुसार उल्लेख गरिन्छ :

१.	कला साहित्य उत्सवका लागि हङ्कङ (२०११)

२.	कला साहित्य उत्सवका लागि दक्षिण कोरिया (२०११)

३.	कविता र चित्रकला उत्सवका लागि बङ्गलादेशको ढाका (२०१४)

४.	देवकोटासम्बन्धी प्रदर्शनीका लागि चीनको बेइजिङ (२०१५)

५.	बङ्गाल संस्कृति उत्सवका लागि बङ्गलादेशको सिल्हेट (२०१७)

६.	कविता उत्सवका लागि भारतको सिक्किम र दार्जिलिङ (२०१७)

७.	नेपाल भारत साहित्यकार भेला, वीरगञ्ज नेपाल (२०१८)

८.	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको चौथो च्याप्टर सम्मेलनमा कार्यपत्र प्रस्तोताका रुपमा जापानको टोकियो (२०७६)

९.	बिनानी, कोलकाताद्वारा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा अतिथिको रुपमा, भारतको कोलकाटा, २०७६

१०.	साहित्यिक सम्मेलनमा अमेरिकामा २ महिना भ्रमण २०८०

११.	दार्जिलिङ् र आसाममा साहित्यिक सम्मेलनमा २०८१ असोजमा १ महिना भ्रमण

यसरी महेश पौड्यालले नेपाली साहित्यको उत्थान एवं विकासका लागि मह□वपूर्ण सम्मेलन, गोष्ठीहरुमा सहभागी भई भ्रमणसमेत गरेका छन् । नेपाली साहित्यको मह□व र विशिष्टतालाई सारपूर्ण रुपमा राखेर नेपाली साहित्यलाई चिनाउन निरन्तर लागि परेका छन् ।

## २.१५ व्यक्तित्वका विभिन्न पाटाहरु

आशावादी जीवनदृष्टि राखी आ=नो कार्यप्रति सक्रिय र साधनारत स्रष्टा महेश पौड्यालले विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक बन्न पुगेको देखिन्छ । उनी जुनजुन कार्यक्षेत्रमा संलग्न छन् । त्यहा□ उनले निर्वाह गरेको भूमिकाका आधारमा बन्न पुगेको बहुआयामिक व्यक्तित्व गौरवमय देखिन्छ । महेश पौड्यालको बहुआयामिक व्यक्तित्वलाई विभिन्न पाटाहरुमा विभाजन गरी तल चर्चा गरिएको छ :

### २.१५.१ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिले रचना गरेका कृतिका आधारमा हेरिने तथा मूल्याङ्कन गरिने व्यक्ति नै साहित्यिक व्यक्तित्व  हो । साहित्य अन्तर्गत पर्ने कथा, कविता, उपन्यास, निबन्ध, एकाङ्की, नाटक, गीत आदिको विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व निर्धारण गरिएको हुन्छ ।

महेश पौड्याललाई पनि प्रकाशित सापेक्षताका विधागत आधारमा निम्नानुसार शीर्षकमा छुट्याएर अध्ययन गरिएको छ :

## २.१५.२ एकाङ्कीकार

नेपाली साहित्यका विविध विधामा कलम चलाएका पौड्यालको एक मह□वपूर्ण पाटो हो । एकाङ्कीकार/नाटककार व्यक्तित्व । नाटक लेखनका क्षेत्रमा □आमा नहु□दा एक सा□झ❑ शीर्षकको पुस्तककार कृति २०७० सालमा प्रकाशन गरी नाट्यकारको रुपमा उदाएका पौड्याल सानैदेखि नाटक लेख्ने र निर्देशन एवं अभिनय गर्ने उनको स्वभाव रहेको छ । भारतमा स्कुल र कलेज अध्ययन गरिरह□दा पनि उनले □दाजुको कर्तव्य, देशको माटो❑, □दाइजो र कलम❑ आदि नाटकको लेखन र निर्देशनका साथै यी नाटकमा स्वयंले अभिनय पनि गरेका थिए ।

नेपालमा पौड्यालले पहिलोपल्ट वि.सं. २०६० सालमा प्लेटोको □द एलेगोरी अफ द केभ❑ को नाट्य रुपान्तरण गरी स्वयंले निर्देशन सहित भक्तपुरको एक स्कुलमा मञ्चनसमेत गरेका थिए । ठूलो रङ्गमञ्चमा भने उनी २०६७ सालमा देखा परे । पहिलो समयमा प्रसिद्ध रसियाली कथाकार आन्तोन चेखोभको बालकथा □वा□ा❑ को उनले नेपालीमा अनुवाद गरे जसलाई बालनाटक महोत्सवमा शैली थिएटरले मञ्चन गरेको थियो ।

बाल एकाङ्की प्रकाशनअन्तर्गत उनको पहिलो बालएकाङ्की □आकाश❑ लोकप्रिय राष्ट्रिय दैनिक राजधानीमा २०६६ सालमा प्रकाशन भएको हो । त्यसपछि □विजय❑ शीर्षकको एकाङ्की भ्वाइस अफ चिल्ड्रेन पत्रिकाले २०६७ मा प्रकाशित गर्‍यो । उक्त एकाङ्की युनाइटेड पब्लिकेसनले प्रकाशन गरेको □मेरो नेपाली माला❑ पाठ्यपुस्तक शृङ्खलाको कक्षा पा□चको पाठ्यपुस्तकमा समावेश समेत गरिएको छ । त्यस्तै २०७२ सालमा पौड्यालद्वारा लिखित □वनफूल❑ शीर्षकको फिल्मसमेत प्रदर्शनमा आएको देखिन्छ । उनका एकाङ्की र नाटक पनि मनोविज्ञानको जगमा उभिएका गहिरा अभिव्यक्ति हुन् । यथार्थको अत्यन्त निकट रहेर लेखिएका उनका एकाङ्कीहरु वयस्कहरुको गलत बुझाइ र

आ□कलनकै कारण अन्यायमा परेको बालबालिकाको मनोदशा दर्शाइएको छ । उनका एकाङ्की/नाटकको विषयवस्तुको केन्द्रीयता बालबालिका भए पनि प्रौढहरुका लागि धेरै सोचनीय विषयवस्तुहरुको उठान गर्दै बहस सिर्जना गर्ने काम उनका एकाङ्की/नाटकले गरेका छन् । यसले गर्दा उनको एकाङ्कीकार/नाटककार व्यक्तित्व अब्बल देखिन्छ ।

### २.१५.३ निबन्धकार व्यक्तित्व

महेश पौड्यालले विद्यालय एवम् कलेज अध्ययन गर्दादेखि नै सार्वजनिक रुपमा निबन्ध लेखन सुरू गरेको पाइन्छ । पुस्तकाकार कृतिको रुपमा कुनै निबन्धसङ्ग्रह प्रकाशन नभए पनि थुप्रै पत्रपत्रिका फुटकर रचनाको रुपमा निबन्ध प्रकाशित छन् । यसलाई निम्नानुसार हेर्न सकिन्छ :

| क.सं. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १. | विश्वासले गुड्ने गाडी र मेरो इतिहास | मधुपर्क, वर्ष ४३, अङ्क ११, पूर्णाङ्क ५०२, २०६७ चैत |
| २. | पलियाबाट पुनर्वास | मधुपक, वर्ष ४४, अङ्क ११, पूर्णाङ्क ५१४, २०६८ चैत |
| ३. | हरियो घाम लाग्ने देशमा पन्ध्र मिनेटको यात्रा | मधुपर्क, वर्ष ४५, अङ्क ११, पूर्णाङ्क ५२६, २०६९ चैत |
| ४. | सभ्यताको बाटो सधै□ ओरालो | साहित्य सङ्ग्रहालय २०७०, फाल्गुण १ |
| ५. | टेगोरदेखि वाइल्डसम्म | नागरिक दैनिक, अक्षर, २०७०, फाल्गुण १० |
| ६. | कही□ दुख्छ घाउ | अन्नपूर्ण पोष्ट, २०७२, साउन ९ |
| ७. | पारिजातको घरमा | अन्नपूर्ण पोष्ट, २०७४, पुस ३ गते |

पौड्यालका उल्लेखित फुटकर निबन्धमा हेर्दा बढीजसो निजात्मक अनुभूतिको अभिव्यक्ति पाइन्छ । अरु साहित्यिक विधाजस्तै निबन्ध विधामा पनि फरक शैलीसहित उदाएका पौड्यालको निबन्धकार व्यक्तित्वले समेत छुट्टै आयाम प्राप्त गरेको देखिन्छ ।

### २.१५.४ कवि व्यक्तित्व

पौड्याल एघार, बाह्र कक्षा पढ्दादेखि नै साहित्य क्षेत्रतिर रूचि राख्न थाले । उनको पहिलो कविता सन् १९९४ मा 'O Chair, My Chair ' The Sanghai Express Manipur India बाट नै साहित्य यात्रा आरम्भ भएको थियो । उनले सर्वप्रथम कविता, कथा, निबन्धसंग्रहबाट नै कलम चलाएको देखिन्छ । वि.सं २०७६ सालमा शून्य प्रहरको साक्षी कवितासङ्ग्रह समेत प्रकाशन भयो । उनका कवितामा सामाजिक यथार्थ पाइन्छ । यसरी महेश पौड्यालका कविता, बालकथा, निबन्धहरुमा वस्तुस्थितिको यथार्थपन पाइन्छ । उनका कथा र कविताहरु सुकोमल, सहज, सरल र सरसपूर्ण हुन्छन् ।

### २.१५.५ आख्यानकार व्यक्तित्व

काव्यात्मक अनुभवपश्चात महेश पौड्यालले आ=नो कलम आख्यानतर्फ मोडेको पाइन्छ । बालकथासङ्ग्रह लेख्न थालेका यिनले फुटकर रचनाहरू धेरै लेख्दै आएको पाइन्छ । साहित्यको निबन्ध विधाबाट आख्यान यात्रा सुरू गरेका महेश पौड्यालको □आमा नहु□दा एक सा□झ❑ एका□ीसङ्ग्रह हो । उनको पहिलो बालकथा □अनामिक यात्री❑ एक चर्चित कृति हो । पौड्यालको दरिलो खम्बाको रुपमा रहेको कथासङ्ग्रह □अपरिचित अनुहार❑ (२०७८) एक सामाजिक यथार्थमा आधारित कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा अपरिचित अनुहारहरु समाजमा धेरै छन् तर तिनीहरुलाई समाजले बाहिर देखाउन सकेको छैन ।

## २.१६.जीवनी व्यक्तित्व र स्रष्टाबीचको सम्बन्ध

झापा जिल्लामा जन्मेर सानै उमेरदेखि नै भारतको मणिपुरमा अध्ययन गरेका महेश पौड्यालको प्रारम्भिक देखि एम.फिल सम्मको शिक्षा उत्कृष्ट देखिन्छ । उनले उपयुक्त पारिवारिक वातावरण बनाउन घर परिवारका अन्य सदस्य र श्रीमतीले समेत साथ दिएका छन् । सरल, सहज मिठो र मिजासिलो स्वभाव भएका नेपाली साहित्य जगत्का स्रष्टा महेश पौड्यालको जीवनी अत्यन्तै प्रभावपरक देखिन्छ । उनमा आ=ना बुवाको सामाजिक कार्यबाट प्रत्यक्ष प्रभाव परेको देखिन्छ । समाजमा घटेका घटनाहरुलाई टपक्क टिपेर

साहित्यमा बुन्न सक्ने क्षमता भएका पौड्याल विशेष गरी नेपाली समाजमा भए गरेको घटनाहरूलाई साहित्य सिर्जनाका विषयवस्तु बनाउन सफल छन् । समाज र देशको परिवेशअनुसार कतै यथार्थवादी कतै सामाजिक यथार्थको सशक्त प्रयोगले महेश पौड्यालका साहित्यिक कृतिहरु रसिला र उत्कृष्ट देखिन्छन् (सम्पूर्ण जानकारी शोधनायक महेश पौड्यालबाट प्राप्त) ।

# परिच्छेद-३ : कथाको सैद्धान्तिक अवधारणा

## ३.१ कथा सिद्धान्तको आधारमा विश्लेषण

### ३.१.१ कथाको परिचय र परिभाषा

मानव सभ्यताको विकाससँगै कथाको प्रारम्भ भएको मानिन्छ । कथ् धातुमा आ प्रत्यय लागेर कथा शब्दको निर्माण भएको देखिन्छ भने यसको वास्तविक अर्थ केही भन्नु वा कथेर बताउनु भन्ने हुन्छ । आख्यान साहित्यको विशिष्ट विधा हो । यसले मानव जीवनका विविध पक्षमध्ये कुनै एक पक्षलाई समेटेको हुन्छ भने कथाको इतिहास निकै लामो छ । प्राचीन समयमा कथालाई कथ्य प्रक्रियाको रूपमा लिइन्थ्यो तर वर्तमान समयमा यसको रूपमा परिवर्तन भएको देखिन्छ । कथाको सुरुवात १९ औँ शताब्दीमा पाश्चात्य क्षेत्रबाट भएको हो (लामिछाने ; २०७८ : ३३) । कथा विधा विस्तारै विश्वभरि विकास हुँदै आएको पाइन्छ भने विश्व साहित्यअन्तर्गत आख्यानात्मक कथा विधा सबभन्दा लोकप्रिय विधाको रूपमा स्थापित भएको देखिन्छ । कथा सुरुमा लोक तथा दन्त्य कथाका रूपमा प्रचलित थियो । लोकस्तरका यस्ता प्राचीनतम् कथाहरू आख्यानका रूपमा काव्य महाकाव्य वा लोकगाथामा प्रवेश पाएको देखिन्छ । कथामा यस्ता स्वरूपहरुको विकास पूर्व र पश्चिम दुवै साहित्य भूमिमा भएको देखिएको छ । कथा भन्ने र सुन्ने प्रक्रिया लामो भएपनि यसबाट मनोरञ्जन र उपदेशमूलक ढङ्गबाट थाहा पाउन र ग्रहण गर्न थालिएको छ । विश्वभरि यो साहित्य विधा विकास भई क्रमशः कथा विधाका रूपमा व्यापक विकास भएको छ । लोकगाथाको प्रारम्भ मानिसको भाषिक अभिव्यक्तिसँग र लेख्य भाषासँग रहेको छ । मौखिक परम्पराका रूपमा जनमानसबाट सुख दुःखका अनुभवहरू उल्लेख गरेको पाइन्छ । मानिसको सुख र दुःखको भाव सम्प्रेषण गर्ने सशक्त विधाको रूपमा कथालाई चिनिन्छ ।

कथा एक आख्यानात्मक गद्य साहित्यअन्तर्गत पर्ने विधा हो । कथावस्तु सानो आकारको एउटा उद्देश्य भएको सीमित पात्रहरू भएको आकार र आयाममा छोटो हुनुका साथै विषयवस्तुलाई व्यवस्थित रूपले प्रस्तुत गरी विशिष्ट रूपले विन्यास गरिएको पाइन्छ । कथा विधा आफँमा प्रभावकारी र पूर्ण हुन्छ । मानिसको जीवनको कुनै एक पक्षको विश्लेषण गरी आफ्ना अनुभूतिहरू कथामा देखाइएको पाइन्छ । यसमा विशेष गरी निश्चित स्थान, काल र परिवेशको चित्रण गरिएको हुन्छ । कथाको विषयवस्तु पात्रको घटनाबाट मात्र थाहा पाउन सकिन्छ । विशेष गरी पात्रहरू कथानकको विषयवस्तु, समय, स्थान र पात्रहरुको संयोगबाट

रोचक कथाको निर्माण गरिएको हुन्छ । कथामा कथाकारको तर्क, कल्पनाशक्ति र बौद्धिकताको प्रशस्त प्रयोग हुन सक्ने सम्भावना रहेको देखिन्छ । कथाले पाठक वर्गको इच्छाशक्तिमा थप उत्साह र कौतुहलता जन्माइदिने शक्ति रहेको पाउन सकिन्छ । यसले पाठक वर्गलाई सजग र सचेत बनाउने मह□वपूर्ण भूमिका रहेको छ भने अर्कोतिर रोचक र प्रभावकारी पनि छ । यस विधामा स्वाभाविकता, सहजता, जीवन्तता र प्रभावकारिता रहेको छ । कथामा कार्यव्यापारको र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग रहेको हुनुका साथै यसमा निश्चित स्थान, काल र परिवेशमा घटेको हुन्छ । कथाकारले समाजको वास्तविक घटनाको यथार्थ प्रतिबिम्बलाई कथामा देखाउने भूमिका राख्दै समाज सुधार्ने निश्चित उद्देश्य लिएर कथा लेख्ने गरेको देखिन्छ । कथाकारले नीतिचेतना, सुधारवादी भावना, यथार्थबोध र मनोवृत्तिको वर्णन, सौन्दर्यात्मक प्रभावकारी सिर्जना, विकृति र विसङ्गतिको अवस्था जस्ता अन्य विभिन्न उद्देश्य राखेर कथा लेख्ने गरेको पाउनुका साथै पाठक वर्गलाई अभिप्रेरित गर्ने खालका कथा रचना गरेको पाइन्छ । कथा विधाको सन्देश कुनै वाद, सिद्धान्त वा दर्शनसित हुन्छ । कथाको निर्माण विभिन्न प्रवृत्तिहरुको आधारमा लेख्ने गरेको देखिन्छ जस्तै प्रगतिवादी, सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, अस्तित्व र विसङ्गतिवादी, प्रयोगवादी, रुढिवादी र सामाजिक विषयवस्तुलाई लिएर विविध आधारमा साहित्यकार वा कथाकारहरूले कथा लेख्ने गरेको देखिन्छ ।

कथा विषयको क्षेत्रमा विभिन्न पूर्व र पश्चिमका विद्वान्हरूका विविध मतहरू पाउन सकिन्छ । केही मह□वपूर्ण परिभाषाहरू यस प्रकार छन् :

१. "जीवनमा आइपरेका घटनाहरूको स्मृति नै कथा हो ।" - (पुरी महर्जन के.सी. ; २०६९ : ४)

२. "कथा एक बसाइमा पढिसकिने सानो तर आफैँमा पूर्ण कथात्मक रचना हो ।" जसको सिर्जना एकल प्रभाव उत्पन्न गर्नका निम्ति गरिन्छ र त्यस प्रभावमा बाधा पार्ने सबै कुराहरू हटाइएको हुन्छ " (बराल र एटम ; २०६७ : ४)

३. "कथा दुई वा दुईभन्दा बढी स्वतन्त्र घटनाहरु भएको लघु गद्यात्मक संरचनालाई कथा भनिन्छ" (पुरी महर्जन के.सी. ; २०६९ : ५)

४. “कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा हो ।” (बराल र एटम ; २०६७ : ५)

५. “कथा भनेको मनुष्य जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्‌घाटन हो ” (लामिछाने ; २०७९ : ३)

### ३.१.२ कथाका त□वहरू

कथाका त□वहरूलाई उपकरणको रूपमा लिने गरेको पाइन्छ । कथाको संरचनामा हुनुपर्ने आवश्यक घटकहरूलाई त□वहरू भनीन्छ । यी त□वहरूको समुचित विन्यासबाट मात्र कथाको संरचना पूर्ण रूपले निर्माण हुन्छ । कथाका त□वहरूका बारेमा सामान्य मतभेद पाइन्छ । कथाकार एवम् समीक्षकहरूले निम्नबमोजिम प्रस्तुत गरेका त□वहरूलाई स्वीकारेको देखिन्छ । यी त□वहरूका बारेमा क्रमशः निम्नबमोजिम चर्चा गरिएको छः (लामिछाने ; २०७९ : ९)

#### ३.१.२.१ कथानक वा कथावस्तु

कथावस्तु कथाको शरीरका रूपमा देखा पर्छ । यो परिवेश, उद्देश्य, चरित्र, रीति आदिको संवाहकसमेत भएकाले यसलाई कथाको सबभन्दा मह□वपूर्ण त□व मानिएको हो । पात्रहरूको भूमिकाबाट मात्र कथावस्तु अगाडि बढेको पाइन्छ । कथानकमा रहेका घटनाहरूको विन्यास कार्य र करणका आधारमा गरिएको हुन्छ । कथावस्तुलाई रोचक बनाउन कथावस्तुमा तर्क, बृद्धि, कल्पना आदिको विन्यास  गरी उत्सुकता जगाउने कार्य गरिएको हुन्छ । कथानक लघु र बृहत गरी दुई प्रकारको हुन्छ । यसमा पात्रहरुको द्वन्द्वलाई विश्लेषण गरिएको हुन्छ । कथाकारले इच्छाअनुसार कथावस्तु लिएर रैखिक र वृत्ताकारीय ढङ्गमा कथावस्तुलाई अगाडि बढाएका हुन्छन् । रैखिक ढाँचामा कथावस्तु सरल र क्रमश अगाडि बढेको हुन्छ भने वृत्ताकारीय ढाँचाको कथावस्तुको घटनाक्रम विश्रृङ्खलित हुन्छ ।

#### ३.१.२.२ चरित्र चित्रण

कथामा सहभागी हुने गतिशीलता दिने पात्रलाई चरित्र भनीन्छ । कथामा चरित्रलाई प्रस्तुत गर्ने पद्धतिलाई चरित्र चित्रण भनीन्छ । कथावस्तुलाई अगाडि  बढाउने काम पात्र वा चरित्रले गर्दछ । (बराल र एटम ; २०६७ : ९) कथामा विभिन्न स्थिति, क्षेत्र र स्तरका पात्रहरु प्रयोग गरिएको हुन्छ । कथावस्तुलाई घट्ना, अवस्था, कार्यकलाप, परिवेश आदिको

माध्यमबाट अगाडि बढाएर जीवन्त तथा गतिशील र प्रभावकारी बनाउनमा पात्रको महत्वपूर्ण भूमिका हुन्छ । पात्रले कथामा निर्वाह गरेको भूमिकाको आधारमा तिनीहरूलाई विभिन्न वर्गमा विभाजन गरिन्छ । कार्यका आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण पात्रका रूपमा वर्गीकरण गरिन्छ । भूमिका निर्वाह गर्ने नायक, नायिका, खल नायक प्रमुख पात्र मानिन्छन् भने नायक र नायिकाको भूमिकालाई स्पष्ट पार्न सहयोग पुऱ्याउने पात्रहरू सहायक पात्र मानिन्छन् । प्रमुख पात्रहरूलाई कुनै क्षणमा सहयोग पुऱ्याउने पात्रहरू गौण पात्र हुन् । प्रवृत्तिका आधारमा सत र असत पात्रहरू हुन्छन् लिङ्गका आधारमा स्त्री र पुरुष हुनुका साथै स्वभावका आधारमा अर्न्तमुखी र बर्हिमुखी पात्रहरू हुन्छन् । कथामा यस्ता पात्रहरूका माध्यमबाट समाजका दुर्बलता, सबलता, सुखदुःख, आशानिराशा, प्रेम, घृणा आदि विषयको कुरा देखाइएको हुन्छ । कथाको विषयवस्तु पात्रविना अगाडि बढ्न सक्दैन् ।

**३.१.२.३ परिवेश**

कथाको अर्को मह□वपूर्ण त□व हो । परिवेश भनेको कथामा आउने घटना, चरित्रलाई उपयुक्त किसिमको पृष्ठभूमि प्रदान गर्ने दृश्यकार्यको समय र ठाउँ हो । (बराल र एटम ; २०६७ : १०) परिवेशमा कथाका पात्रहरूले क्रियाकलाप गर्ने स्थान, समय, तिनले भोग्ने परिस्थिति जस्ता कुराहरूबाट पाठकवर्गलाई प्रभाव पारेको देखिन्छ । कथामा पात्रले वहन गरेको घटनाको सम्पूर्ण अवस्थालाई देखाउने काम परिवेशले गरेको हुन्छ । यसमा प्राकृतिक स्थिति, समयक्रम, पात्रले वहन गर्ने सामाजिक, साँस्कृतिक, राजनीतिक र भौगोलिक वातावरण हुन् । परिवेशले कथाको सम्पूर्ण पक्षलाई देखाउने काम गर्दछ । परिवेशको सफल चित्रणबाट कथा सरल, स्वभाविक, सार्थक, विश्वसनिय, सशक्त र जीवन्त बन्दछ । यसमा घटेको कार्यव्यापार, समय र स्थानको विशेष भूमिका देखाइएको हुन्छ । कथामा वर्णित सामाजिक र प्राकृतिक दृश्य वाह्य परिवेशअन्तर्गत पर्दछन् । पात्रका मानसिक भावनाका कुराहरू आन्तरिक परिवेशअन्तर्गत पर्दछन् । परिवेश जति यथार्थपरक, जति स्वाभाविक, जति रोचक बन्छ कथा त्यति नै मार्मिक र प्रभावकारी बन्छ । बाह्य र आन्तरिक परिवेशको कुशलतापूर्वक चित्रण गर्दा कथा जीवन्त बन्छ ।

**३.१.२.४ दृष्टिविन्दु**

कथामा कथयिताले कथा वाचनका लागि रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसमा कथयिताले कथाको पात्र बनेर सीमित कुरा अनुभव भन्ने कि कथाभन्दा बाहिर बसेर सबै पात्रद्वारा भन्ने

निर्णय गर्छ । यसले कथाका घटना, चरित्रको वर्णन कसरी गर्ने भन्ने कुराको निर्धारण गर्छ । कथाकारले जुन पात्रलाई मह□व दिएर कथा भनेका छन् त्यसलाई तृतीय पुरुष दृष्टिविन्दु भनीन्छ भने कथाकारले कथावस्तुमा स्वयम् उपस्थित भएर कथानकका घटनाक्रम अगाडि बढेका छन् भने त्यसलाई प्रथम पुरुष दृष्टिविन्दु भनीन्छ ।

### ३.१.२.५ भाषाशैली

कथा कलात्मक भाषाशैलीका माध्यमबाट अभिव्यक्ति हुने सशक्त र प्रभावकारी कला हो । भाषाशैली कथाको महत्वपूर्ण तत्वको रूपमा रहेको हुन्छ । भाव अभिव्यक्तिको माध्यम नै भाषा हुन्छ भने विधि वा तरिका शैली हुन्छ । कथाको महत्वपूर्ण भूमिका भाषाशैलीमा निर्भर भएको देखिन्छ भने कथाकारले यसमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । कथा लेख्दाखेरि कथाकारले पात्रको उमेर, पेशा, शिक्षादिक्षा, रहनसहन, वर्ग, वर्ण, लिङ्ग, क्षेत्र आदिका आधारमा भाषशैलीमा प्रभाव पार्ने खालको भाषाको प्रयोग गर्नुपर्छ । कथामा वर्णनात्मक, विवरणात्म, विचारात्मक, विश्लेषणात्मक शैलीको प्रयोग गरिन्छ भने केही हदसम्म आत्मकथात्मक र डायरी शैलीको प्रयोग पनि गर्न सकिन्छ । कसैले विस्तारपूर्वक वर्णन गरिने व्यासशैलीमा त कसैले समासशैलीमा छोटकरीमा कथा रचना गर्ने गरेको पाइन्छ । कसैले मिश्र, संयुक्त र मिश्रित वाक्ययुक्त शैलीमा रचना गरेको पाइन्छ । कथाकारको रुची अनुसार तद्भव, आगन्तुक शब्द प्रयोग गरेर सरल भाषाशैलीमा कथा रचना गरेको पाइन्छ । कथाकारले आफ्नो इच्छा अनुसार जुनसुकै किसिमको भाषाशैलीको प्रयोग गर्न सक्ने भएकाले स्तर अनुसार सरल, सहज, सुबोध, स्वभाविक र प्रभावकारी भाषाशैलीको प्रयोग उद्देश्यमूलक र प्रभावकारी हुन्छ ।

### ३.१.२.६ उद्देश्य

उद्देश्यलाई प्रयोजन पनि भनीन्छ । कुनै विचारविना कार्य नहुने हुँदा यसलाई कथाको महत्वपूर्ण तत्व मानिन्छ । पाठकहरूलाई यथार्थपरक सूचना दिने, आनन्द दिने, मनोरञ्जन दिने, धार्मिक तथा नैतिक शिक्षा दिने, धर्म, अर्थ, सम्मान, कर्म कमाउने बाटो देखाउने, शिक्षित र सचेत बनाउने जस्ता उद्देश्यहरूबाट अभिप्रेरित भएर कथाको रचना गरिएको हुन्छ । आफ्नो जीवन दर्शनलाई नै कथाका माध्यमबाट रोचक बनाएर प्रस्तुत गर्ने उद्देश्य कथाकारको हुन्छ । आफूले देखेका, भोगेका, सुनेका कुराहरूलाई समाजका भोगाइसित मिलाएर आफ्ना जीवन दर्शनमा अन्तर्भूत गर्ने काम उद्देश्य हो । जीवन दर्शनलाई सोझो

रूपमा प्रस्तुत गरेमा निरस र प्रभावहिन हुने हुँदा कथाकारले त्यसलाई सरल, स्वभाविक र विश्वसनिय हुने गरी कलात्मक रूपमा प्रस्तुत गरेका हुन्छन् । घट्नालाई तारतम्य मिलाएर पात्रहरूका क्रियाकलाप, संवाद, परिवेश, सूक्ति, उखानटुक्का, विम्व, प्रतिक आदिका माध्यमबाट विचार प्रकट गर्दा प्रभावकारी हुने र उद्देश्यका लागि महत्वपूर्ण रहने गर्छ ।

### ३.१.२.७ शीर्षक

कथा निर्माणका लागि आवश्यक पर्ने त□वहरूमध्ये शीर्षक पनि मह□वपूर्ण अङ्ग हो । शीर्षकलाई धेरै विद्वान्हरूले गौण रूपमा लिएका छन् । शीर्षक बिना कुनै पनि कृतिको जन्म हुँदैन । कृतिको जन्म भएपछि विषयवस्तु, घटनाको तारतम्य, पात्रको अभिव्यक्ति, उद्देश्यको सार्थकताका लागि शीर्षकको मह□व हुन्छ । जुनसुकै कृतिको शीर्षक आकर्षक किसिमको हुनुपर्छ । शीर्षक आकर्षक, छोटो र मार्मिक विषयवस्तु समेटेको हुनुपर्छ । शीर्षक देख्ने र सुन्ने वित्तिकै रोचक भयो भने कृति प्रभावकारी हुन्छ । सरल, सहज र कथाको सम्पूर्णता झल्काउने प्रकृतिको शीर्षक हुनुपर्छ । (जैसी ; २०७८ : २८)

### ३.१.३ कथाको वर्गीकरण

कथाको विकास मानव सभ्यतासँगै भएको पाइन्छ । वर्तमान स्वरुप चाहिँ १९ औं शताब्दीमा आएर प्राप्त गरेको हो । कथ्य रूपपछि लेख्य रूप प्राप्त गरेको कथा स्वरूपमा पनि परिवर्तन भएको पाइन्छ । विभिन्न विद्वान्हरूले कथाको वर्गीकरण निम्नानुसार गरेको पाइन्छ :

### ३.१.३.१ विषयवस्तुका आधारमा

विषयवस्तुलाई विशेष प्राथमिकता दिएर लेखिएका कथालाई विषयगत कथा भनीन्छ । यसमा कथाकारले विषयवस्तुलाई केन्द्रमा राखेर घटनाहरूको वास्तविक यथार्थमा कथा लेख्ने गरेको पाइन्छ । विषयवस्तुगत आधारमा कथाको वर्गीकरण यस प्रकार छ :

### ३.१.३.१.१ सामाजिक कथा

समाजमा घटेका विविध घटनाहरूको विषयमा आधारित कथाहरूलाई सामाजिक कथा भनीन्छ । समाजका प्रचलित मूल्य, मान्यताहरू, सामाजिक नीति र नियमका सबल र दुर्बल पक्ष, सामाजिक जनजीवनका सकरात्मक र नकरात्मक पक्षको चित्रण गरिएको हुन्छ । समाजमा विद्यमान सबल पक्षको प्रशंसा र दुर्बल पक्षको निन्दा गरिएको हुन्छ । विकृति

विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेर सुधारको आह्वान गरिएको हुन्छ । समाजका आर्थिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक क्षेत्रमा देखिएका द्वन्द्वात्मक स्थितिको चित्रण गरिएको हुन्छ । मानवीय संवेदनालाई मह□व दिई कमीकमजोरीको आलोचना गरेको देखिन्छ । सामाजिक बनोट र त्यहाँ भएका समस्याहरूको स्वरुप सामाजिक कथामा पाइन्छ । यसको वास्तविक उदाहरणमा रमेश विकलको **'लाहुरी भैंसी'** र गुरुप्रसाद मैनालीको **'छिमेकी'** नमुनायुक्त कथा हुन् ।

### ३.१.३.१.२ मनोवैज्ञानिक कथा

मनोवैज्ञानिक कथाहरूमा सामान्य र असामान्य मनस्थितिको यथार्थपरक विश्लेषण गरिएको हुन्छ । फ्रायड, एडलर र युङ्को मनोवैज्ञानिक सिद्धान्तको आधारमा अचेतन, चेतन अर्धचेतनको प्रभावको विषयमा चर्चा गरिएको पाइन्छ ।

### ३.१.३.१.३ ऐतिहासिक कथा

ऐतिहासिक विषयवस्तुको प्रयोग गरी लेखिएका कथालाई ऐतिहासिक कथा भनीन्छ । कथामा ऐतिहासिक मह□वपूर्ण घटना, साहसी, वीर पुरुषहरूको ऐतिहासिक जीवन्त परिवेश, शासकहरूको अवस्था, रहनसहन, भेषभूषा र भाषा आदिको प्रयोग गरी कथा लेखिन्छ । आफ्ना पूर्खाहरूको गौरवगाथा, आफ्नो प्राचीन सभ्यता, संस्कृति आदिको जानकारी गराएर पाठकवर्गमा देशभक्तिको भावना जगाउनमा ऐतिहासिक कथाको मह□वपूर्ण भूमिका देखिन्छ ।

### ३.१.३.१.४ सांस्कृतिक कथा

कुनै पनि देश र समाजका विविध जातजातिहरूको संस्कृतिलाई विषयवस्तुका आधार बनाएर लेखिएका कथालाई सांस्कृतिक कथा भनीन्छ । कथामा कुनै जातिका घटना, पात्रपरिवेश, विचार, भेषभूषा, रहनसहन आदिको जीवन्त प्रस्तुत गरिएको हुन्छ । विभिन्न जातका संस्कृतिको परिचय पाउन सकिन्छ । धार्मिक ग्रन्थमा उल्लेख गरिएका देवी, देवता, महान् व्यक्तिका उदात्त चरित्रको सांस्कृतिक पक्ष उल्लेख गरिएको हुन्छ । मानव समुदायलाई आफ्नो धर्म संस्कृतिको परिचय दिएर संस्कृतिप्रति आस्था र विश्वास बढाउने काम सांस्कृतिक कथाले गर्दछ ।

### ३.१.३.१.५ राजनीतिक कथा

राजनीतिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएको कथालाई राजनीतिक कथा भनीन्छ । राजनीतिक घटनाको विषय र परिवेशलाई पात्र चरित्रका माध्यमबाट वर्णन गरिन्छ । राजनीतिक विचारको समर्थन गर्ने र विरोधी विचारहरूको विरोध गर्ने काम राजनीतिक कथामा हुन्छ ।

### ३.१.३.१.६ वैज्ञानिक कथा

विज्ञानका आविष्कार सम्वन्धि विषयवस्तुलाई समेटेर लेखिएका कथालाई वैज्ञानिक कथा भनीन्छ । विज्ञानले गरेका चामत्कारिक आविष्कार यसबाट भएका फाइदा बेफाइदा यसबाट भएको घटना र भविष्यमा हुन सक्ने सम्भावित कुराहरूको चर्चा वैज्ञानिक कथामा पाइन्छ । वैज्ञानिक कथावस्तु परिवेश विचारलाई कल्पना र भावनाले सिङ्गारेर कथालाई जीवन्तता प्रदान गरिन्छ । मानवीय जनजीवनको नवीनतम व्यख्या गरेर एकातिर विज्ञानको मह□व देखाउने र अर्कोतिर ब्रह्माण्ड ध्वस्त हुने सङ्केत वैज्ञानिक कथामा हुन्छ ।

### ३.१.३.१.७ दार्शनिक कथा

कुनै पनि दर्शनका विषयवस्तुमा आधारित कथालाई दार्शनिक कथा भनीन्छ । दर्शनबाट प्रभावित भई भावना र कल्पनाको प्रयोग गरी तर्क, प्रमाण, बौद्धिकतासमेत दार्शनिक कथामा राखिन्छ । पाठक वर्गको उच्च बौद्धिक क्षमताको लागि लक्षित गरी लेखिने कथा दार्शनिक कथा हुन् । विशेष गरी यस्ताखाले कथा अध्ययन गर्नेले ज्ञान, सीप प्राप्त गर्छ ।

### ३.१.३.२ प्रवृत्ति, धारा र वादका आधारमा कथाको वर्गीकरण

कथाको रचना विभिन्न किसिमका विचार र प्रवृत्तिका आधारमा वर्गीकरण गरिन्छ ।

### ३.१.३.२.१ आदर्शोन्मुख यथार्थवादी कथा

आर्दशवादी विचारको प्रधानता भएका यथार्थवादी कथालाई यथार्थवादी कथा भनीन्छ । कथाहरूमा यथार्थ कथावस्तु, यथार्थ पात्र, परिवेश चित्रण गरेर पात्र अनुकूल आर्दश विचार राखिएको हुन्छ । विचार र यथर्थाको मह□वपूर्ण भूमिका रहेको देखिन्छ । पात्रको सहनशीलता, मानवीयता र परिवर्तनशीलतालाई मह□व दिएको हुन्छ । समाजमा विद्यमान विसङ्गतिपूर्ण पात्रलाई सत् र असत् मार्ग लागेको देखाएर आर्दश सन्देश दिनु आदर्शोन्मुख यथार्थवादी कथाको उद्देश्य हो ।

### ३.१.३.२.२ स्वच्छन्दतावादी कथा

जीवनजगत्सम्बन्धी स्वतन्त्र चिन्तन, ईश्वरीय रहस्य, प्राकृतिक आकर्षण र सहज भावनात्मक प्रेमसम्बन्धी भावानुभूति अभिव्यक्त भएका कथालाई स्वच्छन्दतावादी कथा भनीन्छ । वस्तुपरक कथाभन्दा भाव पक्षमा बढी जोड दिइन्छ । सहज, स्वच्छन्द रूपमा प्राकृतिक सौन्दर्य, स्वतस्फूर्त आत्मिक प्रेम, स्वप्निल तरङ्ग, हार्दिक तरङ्ग, परिवर्तन क्रान्ति, पात्रका भावुक अन्तर्मुखी स्वभाव आदिको चित्रण स्वतन्त्र रूपमा गरिएको हुन्छ । कथामा व्यक्तिका रुचिको सरल, सहज र आलङ्कारिक भाषामा जोड दिएर लेखिन्छ ।

### ३.१.३.२.३ यथार्थवादी कथा

सामाजिक जनजीवनका यथार्थ घटना परिस्थितिको वस्तुपरक ढङ्गबाट वर्णन गरिएका कथालाई यथार्थवादी कथा भनीन्छ । कथामा आर्दशवादको विषय यथार्थ हुन्छ । चित्रकारले चित्र खिचेजस्तै सामाजिक जीवनका सुखदुःख, विकृति, विसङ्गति, अन्याय, अत्याचार, राम्रो, नराम्रो, उन्नति र अवनति आदिको वास्तविक यथार्थ चित्रण गरिएको हुन्छ । कथाकारको ध्यान ठिक बेठिक छुट्याउने भन्दा तटस्थ भएर घटेका घटनाको यथार्थपरक प्रस्तुतिमा केन्द्रित हुन्छ ।

### ३.१.३.२.४ प्रगतिवादी कथा

कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादमा आधारित समाजवादी कथाहरू प्रगतिवादी कथा हुन् । समाजका विद्यमान विभेद र आर्थिक असमानता हटाई धनी वर्ग र गरिब वर्ग बिचमा समानता कायम गर्नुपर्ने, श्रमप्रति साझा दायित्व हुनुपर्ने कुरामा जोड दिएर कथाहरू रचना गरिन्छन् । शोषित र पिडीत श्रमिक वर्गलाई शासकहरू विरुद्ध सङ्घर्ष गरेर स्वतन्त्रता प्राप्त गराइन्छ । राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा विकृतिप्रति व्यङ्ग्य प्रहार गरी सुधारको खोजी गरिन्छ । सामान्त वर्गको अन्याय र अत्याचारका विरुद्ध आवाज बुलन्द गर्दै न्याय मागिन्छ । शोषक वर्गको हार र सीमान्त वर्गको जीत देखाएर साम्यवाद प्राप्तिको मार्ग सङ्केत गरिन्छ ।

### ३.१.३.२.५ प्रयोगवादी कथा

समयअनुसार नयाँ विषयवस्तु, नयाँ भाव, नयाँ शैली, शिल्पलाई अँगालेर लेखिएका कथालाई प्रयोगवादी कथा भनीन्छ । परम्परागत नीति नियमको विरोध गरी नयाँ शिल्पको प्रयोग गरेर कथा लेखिन्छ । अतियथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी, अमूर्तवादी, प्रतीकवादी र

आयामेली प्रवृत्तिका कथाहरू प्रयोगवादी कथाहरू हुन् । नयाँ नयाँ प्रयोग र सचेतपूर्ण भाव अभिव्यक्तिमा रमाउने र जटिलता र बौद्धिकता अपनाई सत्यको खोजी गर्ने कथाहरू प्रयोगवादी कथा हुन् ।

### ३.१.३.३ त□व वा उद्देश्यका आधारमा कथाको वर्गीकरण

त□व वा उद्देश्यका आधारमा कथालाई यसरी वर्गीकरण गर्न सकिन्छ :

#### ३.१.३.३.१ घटनाप्रधान कथा

पात्रको चरित्रचित्रणलाई गौण मानी घटनाहरूको वर्णनलाई प्रधानता दिएर कथावस्तुको योजनाअनुसार निर्माण गरिएका कथालाई घटनाप्रधान कथा भनीन्छ । कथामा पात्रको मह□व हुने भए पनि घटनाको मह□व दिइन्छ । कथामा घटनाको समुचित समायोजन गरेर कौतुहलता जगाउने र रहस्यात्मक तथ्यहरू प्रस्तुत गर्ने खालका घटनाहरू वर्णन गरिन्छ ।

#### ३.१.३.३.२ चरित्रप्रधान कथा

कथावस्तुको घटनालाई भन्दा चरित्रलाई प्रमुखता दिएर लेखिने कथालाई चरित्रप्रधान कथा भनीन्छ । पात्रलाई प्रमुख बनाई उसको मानसिक स्थिति र वैज्ञानिक पक्षलाई जोड दिएर घटनाहरू बनाइन्छन् । गौण बनेर आउने घटनाहरू चरित्र चित्रणलाई स्पष्ट पार्न सहायक भएर आउँछन् ।

#### ३.१.३.३.३ विचारप्रधान कथा

कुनै विशेष दर्शन वा विचारलाई प्रमुखता दिएर लेखिएका कथालाई विचारप्रधान कथा भनीन्छ । कल्पना र भावनाभन्दा बौद्धिकता र तार्किकतालाई प्राथमिकता दिएको हुन्छ । कथामा कसिला विचारलाई कलात्मक रूपमा मानवता विरोधी र मूल्यमान्यताको आलोचना गरी पाठक वर्गमा परिवर्तन ल्याउने प्रयास गरिन्छ ।

#### ३.१.३.३.४ नाटकीय कथा

कथावस्तुलाई प्राथमिकता दिएर संवादका माध्यमबाट गतिशील भई अभिनयका रूपमा प्रस्तुत गरिएको कथालाई नाटकीय कथा भनीन्छ । यस्ता कथामा घटना र चरित्र एक

आपसमा निर्भर हुन्छन् । कथामा कार्यव्यापार संवादात्मक शैलीमा अगाडि बढ्नुका साथै पात्रले रङ्गमञ्चमा गई तटस्थ अभिनय गर्नुपर्ने हुन्छ ।

### ३.१.३.३.५ परिवेशप्रधान कथा

परिवेशलाई प्रमुखता दिएर लेखिएका कथाहरू परिवेशप्रधान कथा हुन् । परिवेशमा मुख्यतया स्थान, समय र घटनाको अवस्थालाई देखाइन्छ । कथामा स्थानगत परिवेश, रहनसहन, भेषभूषा, जीवनयापन, अँगालिने पेसा, संस्कार, परम्परा, बोलीव्यवहार आदिको कलात्मक वर्णन गरिन्छ ।

### ३.१.३.४ शैलीको आधारमा कथाको वर्गीकरण

शैली पनि एउटा निजी पहिचान हो । शैली भनेको तरिका हो र लेखनविधि पनि हो । यस आधारमा कथालाई निम्नानुसार वर्गीकरण गरिन्छ :

### ३.१.३.४.१ वर्णनात्मक शैली

कथाकार आफैँले घटना, पात्र, परिवेश, उद्देश्य आदिको वर्णन गरेर लेखेका कथालाई वर्णनात्मक कथा भनीन्छ । कथाको कथन तृतीय पुरुषमा रहेको हुन्छ । घटना विवरण, पात्रका क्रियाकलाप, परिवेश कथाकारद्वारा आफैँले देखेजस्तो गरी लेखिन्छन् ।

### ३.१.३.४.२ आत्मकथात्मक शैली

प्रथम पुरुषमा लेखिएका कथालाई आत्मकथात्मक कथा भनीन्छ । कथामा नितान्त आफ्ना विचारहरू कथाकारले पोख्छन् । कथाकारले घटना, पात्र, परिवेश, उद्देश्य आदिको वर्णन स्वयम् आफ्नो माध्यमबाट गरेका हुन्छन् ।

### ३.१.३.४.३ पत्रात्मक शैली

पत्रहरूका माध्यमबाट कथावस्तुको विकास गरेर लेखिएका कथालाई पत्रात्मक कथा भनीन्छ । कथाका सम्पूर्ण घटनाहरू, चरित्र, कार्यव्यापार, परिवेश, उद्देश्य आदिको वर्णन पत्रको माध्यमबाट गरिएको हुन्छ ।

### ३.१.३.४.४ डायरी शैली

कथाका मह□वपूर्ण घटनाहरू दैनिकी लेखनका रूपमा तयार पारेर पात्रका माध्यमबाट प्रस्तुत गरिन्छ भने त्यसलाई डायरी शैली भनीन्छ । यस्ता कथाको विषयवस्तु, घटना, पात्र, परिवेश आदिको प्रस्तुति डायरी शैलीमा गरिन्छ ।

# परिच्छेद -४ : कृति विश्लेषण

## १. नर्सरी

कथानक :- 'म' पात्रलाई छोरा पराक्रमले छोडेर गएको छ । यस समयमा 'म' पात्रको जीवनले मोड लिएको र उनकी श्रीमती रमाले आफूलाई रित्तो भएको कुरा 'म' पात्रसँग गरेको कुरासँगै कथाको आरम्भ भएको छ । आदि, मध्य र अन्त्यको रैखिक शैलीमा रचिएको यस कथामा म पात्रलाई शोकमा डुबे पनि उठ्नु छ । हिमाल हेर्नु छ र कसैका सामु नझुक्ने बन्नु छ । छोराको जन्मसँगै उसले निम्त्याएको उसको हसाइ, बसाइ, जन्मदिनको खुसी उभ्याइ र हिँडाइको, शिशु कक्षाको चित्र, युवावस्थाको चित्रसमेत लस्करै टाँसिएका छन् । संयोग वा समयको नियतिले ठगेर होला पराक्रमले छोडेर गएपछि 'म' मात्रले देखेका सबै सपना कल्पनामा मात्र सीमित रहेका छन् । जीवनमा फेरि निस्सारता मात्र बाँकी रहेको छ । सबैका सामु उत्प्रेरणाका भाषण दिने आज उनीहरूले सामु आफूलाई कमजोर महसुस गरेका छन् । छोराको वियोगमा रमा पनि निकै दुःखी छन् । जीवनलाई अघि बढाउने क्रममा केही काम गर्नुपर्ने छ । त्यसैले एक साहित्यप्रधान पत्रिका 'उपवन' को संयोजक भएर म पात्रले काम गर्न थालेका छन् । हाकिम भएर काम गर्दा सबै कर्मचारीलाई पदअनुसार ठिक ठाउँमा राखेर काम गर्नुपर्ने कुरा त्यस पत्रिकाका बडाहाकिमले बताएका छन् ।

'उपवन' साहित्यप्रधान पत्रिका भएकाले त्यहाँ रहँदा विभिन्न ह्रस्वदीर्घको वीभत्स प्रहसन, राजनैतिक दलका घुसपैठ ठुला पार्टीले गरेका गल्तीको ढाकछोप, साहित्यकारको भिड आदि सबै कुरा म पात्रले त्यस पत्रिकामा देख्न पाउँछन् । समय बित्दै जाँदा घाउहरू पुरिँदै गए' । 'म' पात्रको काममा जस थपिँदै गएको छ । यस कार्यले पत्रिकाका सम्पादक पनि म पात्रप्रति खुसी हुँदै गएका छन् । सधैँजस्तो कार्यकक्षमा चिया ल्याउने बहिनीको बिहे भएको छ । सधैँ बाहिर गई चिया खान व्यावहारिक नदेखिने भएकाले चिया बनाउनका लागि एक कर्मचारी राख्नुपर्ने अवस्था सृजना भएको छ । यसका लागि १५-१६ वर्षको केटोलाई काममा राखिएको छ । 'म' पात्रले चिया बनाउनुपर्ने समयको सबै नियम बताएका छन् । त्यो केटो कोशलटार बस्दोरहेछ । एक दिन सड़क प्रदर्शनकारीले अवरोध गरेकाले त्यसलाई पनि घरसम्म छोडिदिनुपर्ने भयो । प्रहरीको निर्देशनअनुसार भिडभाड साम्य भएपछि मात्र जानदिने निर्देशन भएको छ । तसर्थ उनीहरू एकछिन त्यही बसेका छन् । त्यसबेला 'म' पात्रले केटाको अनुहारमा हेर्ने मौका पाएका छन् । त्यो अनुहार घरमा झुन्डाइएको एक

अनुहारजस्तै पाएका छन् । त्यो केटालाई 'म' पात्रले आफू बसेको कुर्सीतिर तानेर एकछेउ बसाएका छन् । 'म' पात्रलाई घरमा झुन्ड्याइएको पराक्रमको फोटो जस्तै लागेको छ । 'म' पात्र कल्पनामा डुब्न थाल्छन् । उनको मनबाट 'बाबु' शब्द निस्किन्छ । दुवैले एकअर्कालाई हेरेर बलिन्द्र धारा आँसु खसाल्छन् । भिड शान्त भएपछि उसलाई कोशलटार पुऱ्याइ आफू आफ्नो वासस्थान तिर लाग्छन् ।

दिनहुँ काम गर्ने सिलसिला यसैगरी बढ्दै जान्छ । एकदिन सम्पादककी आमा बिरामी भएकाले उनको रेखदेखमा घर नगई नहुने हुन्छ । सम्पादकको भाइ पनि व्यस्त भएकाले सम्पादक आफँ जानुपर्ने हुन्छ । सम्पादकले 'म' पात्रको जिम्मामा सबै काम र कर्मचारीलाई समेत काम गरे नगरेको सबै रेकर्ड राख्ने जिम्मा दिन्छन् र घरतर्फ लाग्छन् । त्यसपछि 'म' पात्रले कामको समय चार घण्टाबाट सात घण्टा बनाउनुपर्ने हुन्छ । अब चियाको संरचना पनि बढ्छ र त्यो केटाको पनि 'म' पात्रको कोठामा प्रवेश पनि बढ्छ । नजिकिदै जाँदा 'बाबु' भनी बोलाउन थाल्छन् । पछिपछि त छोरो भनेर बोलाउन थाल्छन् । एकदिन सबेरै काम सकी केटालाई लिएर न्युरोडतिर  लाग्छन् । त्यो केटाले कहाँ जान लाग्नु भयो भनी सोध्छ । 'म' पात्रले आफ्नो छोरालाई कपडा किनिदिन जान लागेको कुरा बताउँछन् । तिम्रो नापसँग मिल्छ । त्यसैले तिमी लगेर हिँडेको भनी जवाफ दिन्छन् । लुगा किनेपछि त्यो झोला त्यस केटालाई समाउन लगाउँछन् । मिठाई पसलमा लगेर मिठाइ खुवाउँछन् । त्यो केटो बस्ने घरनजिक पुऱ्याइदिन्छन् र त्यो सामान तिम्रो हो राख भन्छन् । साँझको त्यस अन्धकारमा पितृत्वको ज्वारभाटा भिजाउँछन् । केही समयपछि सम्पादकको कार्यालयमा प्रवेश हुन्छ । 'म' पात्रले त्यस केटाप्रति देखाएको माया, भावुकता आदिको बारेमा अरू कसैबाट सम्पादकले थाहा पाइसकेका हुन्छन् । त्यसर्थ 'म' पात्रले काम गर्ने शैली परिवर्तन गर्छन् । एकदिन कार्यकक्षमै रहँदा एक्कासि पराक्रमलाई सम्झन पुग्छन् र 'म' पात्र विक्षिप्त हुन पुग्छन् । "कसरी बसेको होला पशुपतिको निर्जन वनमा" (पौड्याल ; २०७६ : २०) आदि इत्यादि सम्झदै गर्दा डाको छोडेर रोएको पत्तै पाएका छैनन् । यतिकैमा काम गर्ने केटो आएर समातेपछि आफ्नै छोरो पराक्रमले समातेको अनुभूति हुन्छ । सबैकुरा थाहा पाएकाले हाकिमले 'म' पात्रलाई आफूलाई भेट्न अनुरोध गर्छन् । हाकिमले केटोसँग नजिकको सम्बन्ध नराख्न अनुरोध गरेपछि 'म' पात्रले यो कुरा नकारी भोलिदेखि केटो र म दुवैजना अफिस नआउने निर्णय दिई त्यहाँबाट निस्कन्छन् । केटाको अङ्कलसँग कुरा गरी केटालाई आफैँसँग राख्ने निर्णय गर्छन् । त्यसपछि आफ्नो जीवनको .सुरुवात एक नर्सरीबाट

गर्छन् । जहाँ केटो, रमा रं 'म' पात्र स्वतन्त्र रूपमा रमाउन सक्छन् । त्यहाँ छुट्टै आनन्द आउँछ । बोटबिरुवा, चराचुरुङ्गी, माहुरी, भँवराहरू त्यही नर्सरीमा बयेली खेल्न थाल्छन् । अनि 'म' पात्र पनि छोराको अभावमा कहिल्यै तड्पिन परेको छैन । कोठामा सजाइएको एक अनुहार आफूसँगै भएपछि मन भावुक पनि हुँदैन । त्यो केटो अब कहिल्यै बुढो नहुने र ठुलो हुने आशा राख्दै कथाको अन्त्य भएको छ ।

पात्रचरित्र :-

कथाको घटनाक्रमलाई अगाडि बढाउन पात्र चरित्रको आवश्यकता पर्दछ । यस कथामा कथानकलाई अगाडि बढाउन 'मं' पात्र , रमा, पराक्रम, हाकिम, केटो, चिया बनाउने बहिनी सहरको कला कोर्ने नामी व्यक्ति, सहरमा हिँड्दाडुल्दा देखिएका मानिसहरू, केटाका बुवा, आमा र बाहनी, सि.पी. अङ्कल पात्रका रूपमा कथामा आएका छन् । मानवेतर पात्रका रूपमा गाईबाखा, चराचुरङ्गी, माहुरी, भँवराहरू आदि आएका छन् । यस कथाको प्रमुख पात्रका रूपमा 'म' पात्र आएका छन् ।  'म' पात्र पुरुष पात्र, गतिशील, सत्पात्र, बद्ध र मञ्चीय पात्र हुन् । सहायक पात्रका रूपमा केटो र हाकिम आएका छन् । गौण पात्रका रूपमा रमा, कला कोर्ने व्यक्ति, सहरका मानिसहरू, चिया बनाउने बहिनी, केटाका बुवा, आमा, बहिनी र सि.पी अङ्कल आएका छन् । 'म' पात्रकै प्रमुख भूमिकामा कथाको सुरु र अन्त्य भएको छ । म पात्र कथाको हरेक घटनामा सक्रिय छन्  । यस कथामा आएको केटो र हाकिमको भूमिका सहायक पात्रका रूपमा आएका छन् । केटाको भूमिका सुरुतिर नभए पनि मध्यतिरबाट अन्त्यसम्म निरन्तर छ । हाकिम पनि कथाको सुरुमा नदेखिए पनि मध्यवाट अन्त्यसम्म सक्रिय देखिन्छन् । अन्य चरित्रहरू कथाको कुनै एक चरणमा मात्र देखिएकोले, उनीहरूको भूमिका गौण रहेको छ ।

दृष्टिविन्दु :-

कथाको कथानकलाई कथयिताले प्रस्तुत गर्ने तरिकालाई दृष्टिविन्दु भनीन्छ । कथानकको कथाभित्र सहभागी हुने म पात्रले आख्यान प्रस्तुत गर्दा प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने कथामा सहभागी नभएर बाहिरबाट नै कथावस्तुको भाव व्यक्त भएमा तृतीय पुरुष दृष्टिविन्दुमा हुन्छ । यस कथाको कथानकलाई 'म' पात्र स्वयम्ले व्यक्त गरेकाले पुरुष दृष्टिविन्दुमा संरचित छ । 'म' पात्र स्वयं कथावाचकका रूपमा आएका छन् । उनकै केन्द्रीयतामा कथानक अघि बढेकोले 'नर्सरी कथाको दृष्टिविन्दु प्रथम पुरुषमा रहेको छ ।

**परिवेश :-**

परिवेश भन्नाले देशकाल र परिस्थिति भन्ने बुझिन्छ । नर्सरी कथामा सन्तानको पीडामा आमाबुबाको शोकपूर्ण अवस्थालाई देखाउन खोजिएको छ । जे जस्तो दुःख भए पनि जीवन अगाडि बढाउनैपर्छ । 'म' पात्रले खास कथामा 'उपवन' पत्रिकाको संयोजक भएर काम गरेको र पराक्रमको निधनपछि विक्षिप्त बनेका अवस्थामा त्यही कार्यालयमा काम गर्ने केटोलाई पराक्रम जस्तै मानेका छन् र छोराको दर्जा दिएको परिवेश उल्लेख छ । यस कथामा काठमाडौँको गौशाला, कौशलटार, नुवाकोट, न्युरोड, ठिमी जस्ता ठाउँहरु आएका छन् । 'म' पात्रको घर ठिमीमा रहेको छ । उपवन पत्रिकाको कार्यालय गौशालामा रहेको छ । केटाको आमा वुवा नुवाकोटमा बस्छन् । यस कथामा काठमाडौँको सहरिया परिवेशको चित्रण छ ।

**भाषाशैलीः-**

सामाजिक कथाकार महेश पौड्यालले नर्सरी कथाको भाषाशैली सरल र सहज तरिकाले प्रस्तुत गरेका छन् । पूर्वेली भाषिकाको प्रयोग पाइन्छ । कहीँकतै अनुकरणात्मक शब्दको प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको छ । जस्तो तत्सम शब्दमा नियतिसँग, विद्यमान, शिशु, सकसपूर्ण, अभिशप्त, क्रूर, तस्विर, विपुल आदि तद्भव जौँ, नीख आदि रहेका छन् । आगन्तुक शब्दः रिपोर्टिङ, फोटोग्राफर, प्रुफरिडर, इडिटर, स्टायन्ड, लाइक, कमेन्ट आदिजस्ता शब्दहरू प्रयोग भएका छन । कथाको मध्यतिर संवादात्मक शैलिका वाक्यहरू पनि छन जस्तो 'जान पनि कसरी जौँ' 'सरलाई भार पर्छ नी, 'के भार पर्नु ? फेरि, 'सरको लागि त मैले के चाहिँ  गर्दिनँ होला ?" "छोरो हिँड, मसँग जौँ ।" (पौड्याल ; २०७६ : ९) आदिजस्ता वाक्यहरू संवादात्मक रूपमा आएका छन् ।

**उद्देश्य :-** 'नर्सरी कथाको उद्देश्य समाजमा रहेका विक्षिप्त पात्रको मनोदशा बुझ्नु हो । यस कथामा सन्तान गुमाएका एक बाबुको मनोदशा दर्शाउन खोजिएको छ । हरेक आमाबाबुले आफ्नो सन्तान जन्मेपछि धेरै सपनाहरू सजाउँछन । सन्तानको हरखुसी नै आफ्नो जीवन ठान्ने आमाबुवालाई सन्तानले छोडेर भगवान्को भइदिँदा धेरै पीडा महसुस हुन्छ । सधैँ उज्यालोमा बसेको, सतप्रकाशमय भविष्य देख्ने आमाबुबा एक्लै त्यो देख्न नपाउँदा कहाँ बसेको होला, के खाएको होला आदि कुराहरू सम्झदै मर्माहित हुनुपर्छ र विधाताको

खेललाई कसैले केही गर्न सक्दैन । अति पीडा भए पनि पीडा लुकाएर हाँस्नैपर्छ र बाँच्नैपर्छ भन्ने कुरालाई यस कथामा देखाउन खोजिएको छ ।

**शीर्षक सार्थकता** : सामाजिक कथाकार महेश पौड्यालले यस कथाको शीर्षक 'नर्सरी राखेका छन् । नर्सरी भन्नाले स-साना बालवालिकालाई खेलाउने, सिकाउने धाई शिक्षिका भएको घर वा कोठा जसलाई बालकक्ष पनि भनीन्छ । यस कथामा छोराको मृत्युपछि विक्षिप्त बनेका आमाबावु पीडामा हुन्छन् । उनीहरूको हृदय जलिरहेको हुन्छ त्यत्तिकैमा कथामा केटाको प्रवेश भएको छ । त्यस केटामा 'म' पात्रले आफ्नो छोरा पराक्रमको प्रतिबिम्ब पाएका छन् । त्यो केटाले पनि आफ्नो अभिभावकको माया पाएको छ । 'म' पात्रले संवेदना हराएर खुसी महसुस गरेका छन । 'म' पात्रकी श्रीमती रमाले पनि आमाको आँचल थापिदिएकी छन् । जसरी नर्सरीमा बोटविरुवा, चराचुरुङ्गी, भँवराहरू खेल्छन् रमाउँछन् हुर्कन्छन्, बढ्छन् त्यस्तै कथामा पनि एउटा घरमा सन्तान हुर्केको, बढेको, खुसी भएको र यही खुसी नै आमाबुवाको लागि जीवनको एक उपहार पाएजस्तै भएको छ । यस कथामा 'म' पात्रले केटाको अफिसमा प्रवेशपछि छोराको प्रतिरूप पाएका छन् । सन्तानको माया ममता पाएको आभास गरेका छन् । उनले आफूसँगै राखी हुर्काउने, बढाउने पढाउने र उसको भविष्य उज्यालो बनाउने सपना देखेका छन् । त्यसो गर्दा आफू दुःखी नहुने र पहिलेजस्तै खुसीका दिनहरू बिताउन सकिने भएकाले आफ्नो घरलाई नर्सरी' ठानेका छन् । जहाँ धाईआमाबाट बालबालिका हुर्काइन्छ, बढाइन्छ र उनीहरूको खुसीमा आफू पनि रमाउन सकिन्छ त्यस ठाउँलाई 'नर्सरी' भनीने हुँदा यस कथाको शीर्षक 'नर्सरी' राखिनु सार्थक छ ।

## २. निदाल

**कथानक** : सुलुबुङ्को गाउँमा बराल बाआमा को घर जहाँ उनीहरुका दुई छोरा छन् । एक छोरा काठमाडौँ र एक छोरा बिर्तामोड बस्छन् । गाउँमा बाआमा एक्लै बस्ने भएकाले दुवै छोराले बाआमालाई बसाइँ सर्नुपर्छ भनीरहेको कुराबाट कथानकको आरम्भ भएको छ । आदि, मध्य र अन्त्यको रैखिक शैलीमा कथा अघि बढेको छ । बराल बा र आमा सहरमा गाउँमा जस्तो नहुने, सबैकुरा सीमित मात्रामा पुऱ्याएर खान बस्न गाह्रो हुने कुरा छोराहरुलाई भन्छन् । दुई छोरामध्ये कान्छो छोराको बिहे भएको छैन । इलाम कलेजमा पढ्ने अलिअलि राजनीति गर्ने भएकाले समाजका पुराना मान्यता भत्कनुपर्छ र नयाँ मान्यता वा

वैज्ञानिक मान्यताले ठाउँ लिनुपर्छ भन्ने भाव उसमा रहेको छ । त्यसकारण भाइको खासै भर नभएकाले बाआमा बिरामी पर्दा जेठो छोराले नै काठमाडौँ झिकाउँछ । बिरामी उपचार गराउँदासम्म काठमाडौँ बस्दा बा आमा गाउँमा के-के भइसक्यो होला' बाखा भोकै होलान्? भनी छटपटाउँथे बाआमाले त्यसो गरेको देखेपछि हवाई टिकट काटी हतार हतार पठाउन बाध्य हुन्छ । इन्द्रकुमारका बाआमा गाउँका पढेलेखेका छन् । गाउँमा परिआएको मुद्दा, उजुरीपत्र लेख्ने तमसुक लेख्ने गर्छन् । उसको बा राजनीति र समाजका कुरा गर्न वरपिपल जाने र आमालाई बाखाबिना बस्न नसकिने कुरा इन्द्रकुमारलाई थाहा छ । पहिले तिनै बाखा पालेर बालाई जागिर खुवाएको, छोरा पढाएकोले आमाले बाखा तिमीहरूको प्राण हुन् भनी बरोबर भनीरहन्छिन । इन्द्रकुमार जति पटक घर गयो वा आमासँग बसाइँ सर्ने कुरा गर्छन् । बुवाआमा उसको कुरा नकार्छन् ।

केही समयपछि कान्छो छोरा सन्तोषले धुलाबारीबाट लिम्बुकी छोरी पार्वतीलाई भगाएको समाचार घरमा पुग्छ । यो समाचार पछि बुढाबुढी घरबाहिर निस्कनै छोड्छन् । इन्द्रकुमारले पहिलेको जस्तो जमाना छैन । भाइबुहारी बोलाएर टिकाटालो गर्नुपऱ्यो भन्दा बुढाबुढीले आफ्नो जमानाका कुरा गरी अड्डा जमाउँछन् । दुवै बुढाबुढी कान्छो छोराका कारण दुःखी बन्छन् । मनमा पिर परेकाले यसपटक इन्द्रकुमारले काठमाडौँ जाऊ भन्दा बुढीले बाखा छन् भनीछन् । इन्द्रकुमारले ग्राहक लगाई बाखा बेचिदिन्छन् । फोन गरी भाइलाई गाउँमा आई बस्न अनुरोध गर्छन् र बाआमा लगि काठमाडौँतिर जान्छन् । केही दिन भाइ गाउँमा गई बस्छ । फेरि त्यहाँ बस्न नसकिने बिर्तामोड गएर बस्ने कुरा गर्छ । गाउँमा कोही नबस्ने भएपछि त्यो घर भत्काएर काठमाडौँ लाने र घर बनाउने निर्णय इन्द्रकुमारले गर्छ । उनीहरू घर भत्काउनका लागि जान्छन् । एक साँझ छिमेकीको घरमा बास माग्छन् र भोलिपल्ट नै घर भत्काउन जुट्ने कुरा गर्छन् । रातभर दुःख सुखका कुरा गरी बिताउँछन् । केहीबेर सन्तोषको बिहेको कुराले समय लिन्छ । अरूले अचेल जातभातको कुरा नरहे पनि भँडारका कुरा, कुल देवताका कुरा, पूजाआजा र पितृकार्जेमा अप्ठेरो पर्छ भन्नेकुरा बराल बाले गर्छन् । सुलुबुङ्मा बलियो घर तिनीहरूकै हुन्छ । छत्तीस सालमा जागिर खाँदा तयार पारेको घर असाध्यै सुन्दर र गाउँकै एक हुन्छ । गाउँका धेरै व्यक्तिले यो घर नलडाएको भए हुनेथियो भन्ने मत राख्छन् । "छानाबाटै गरौँ सजिलो हुन्छ" (पौड्याल ; २०७६ : २९) तर इन्द्रकुमारले निर्णय फेर्दैन । विभिन्न औजारहरुको प्रयोग गरी घर लडाउन सुरु गर्छन् । बुढाले केही चाहिने फोटोहरू, कागजहरू छुट्याएर राख्छन् । सन्तोष घर लडाउन

साथीहरूसँग लागिपर्छ । इन्द्रकुमार चाहिँ गाउँकै घनश्याम दाइको कुरा सुन्दै घर भत्केको हेर्छ । घनश्याम दाइले बुढाले यो घर बनाउँदा गरेको सबै दु:खका बारेमा बताउँदै छन् । घर बनाउने काम मिस्त्री र कामदारले गरे पनि यो सबै बुद्धि चैँ तिम्रो बा को हो भनेर सुनाइरहेका छन् । तिम्रा बाले सबैभन्दा बढी दु:ख त यो निदालको मुढो ल्याउँदा पाएका छन् भनी बताइरहेका छन् । ढाडमा निलडाम परेका थिए । त्यति हुँदा पनि त्यस मुढालाई आरा, बसिल्ला आफैंले लगाएर बनाएको कुरा गरेका छन् । यो कुरा सुनेर इन्द्रकुमार दङ्गै पर्छन् । जति घर भत्कँदै जान्छ बराल बाको अनुहार मलिन हुँदै गएको महसुस इन्द्रकुमारले गरेको छ । बुबाको एक- पछि अर्को गर्दै अनुहारको भाव परिवर्तन भएको महसुस गरिरहेको छ । घरसँगै उसको बाको मन पनि भत्किरहेको छ । सबै घर भत्काइसकेपछि त्यै निदाल मात्र ढलाउन बाँकी छ । बराल बाले निदालमाथि उक्लने विचार गर्छन् । त्यहाँबाट चारैतिर हेर्छन् र झर्छन् । त्यसपछि मैल बनाएको घरबाट संसार हेरे, अब मलाई ओराल भन्छन् । बराल बा झरिसकेपछि सबै लागि निदाल ढाल्छन् । निदाल ढालेको आवाज डङ् आवाज आउँछ । सबै जनाले निदाललाई विच आँगनमा ल्याउँछन् । यत्तिकैमा 'आवुइ बा' भनेको आवाज आउँछ । त्यही आवाजसँगै इन्द्रकुमार बा बसेको ढुङ्गातिर कुद्छ । बराल बा ढुङ्गा तलतिर खसिसकेको सन्दर्भसँगै कथाको अन्त्य भएको छ ।

**पात्र चरित्र** :- यस 'निदाल' कथामा बराल बा, इन्द्रकुमार, सन्तोष, बराल्नी आमा, र घनश्याम काका, सन्तोषकी श्रीमती पार्वती, भट्टराई बा, पुष्कर अधिकारी, बलराम, दामोदर भट्टराई, सुवाने मिस्त्री, पात्रका रूपमा देखापरेका छन् । यसकथाको प्रमुख पात्र बराल बा र इन्द्रकुमार हुन् । यी दुबै पुरुष पात्र, सतपात्र, बद्ध, गतिशील र मञ्चीय पात्र हुन् । उनीहरूकै केन्द्रीयतामा कथाको सम्पूर्ण घटनाक्रम अघि बढेको छ । सन्तोष, सन्तोषकी आमा र घनश्याम काका सहायक पात्रहरू हुन् । पार्वती, भट्टराई बा, पुष्कर अधिकारी, बलराम, दामोदर, सुवाने मिस्त्री गौण पात्रका रूपमा उपस्थित छन् । मानवेतर पात्रका रूपमा बाखा आएका छन् ।

**दृष्टिविन्दु** :- 'निदाल कथाको कथानक पात्र चरित्रद्वारा अगाडि बढेको छ । कथाकार नेपथ्यमा बसेर कथानकलाई अगाडि बढाइएको छ । यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ । इलामको सुलुबुङमा बस्ने धर्मे बराल जो पेसाले शिक्षक, गाउँको न्यायनिसाफ गर्ने व्यक्ति, बल र बुद्धिले निपूर्ण सुखी परिवारका रूपमा चिनिएका व्यक्ति हुन् । सन्तानको

सहजताको लागि आफूले उठे बसेको ठाउँ छोडेर जानुपर्दा कस्ता बाध्यात्मक परिस्थिति आउँछन् भन्ने कुराको यर्थाथ चित्रण यस कथामा गरिएको छ ।

**परिवेशः-** यस कथाको परिवेशका रूपमा सुलुबुङ्, बिर्तामोड, काठमाडौँ, इलाम जस्ता ठाउँहरू आएका छन् । गाउँमा बस्न असहज भएको र सन्तान सुखका लागि गाउँ छोडी सहर जाने कुरा परिवेशको रूपमा रहेको छ । वर्तमान समयमा सन्तानले गाउँमा बस्न नरुचाएको सहर उपयोगी भएको कुरा कथाबाट थाहा पाउन सकिन्छ ।

**भाषाशैली :-** यस कथाको भाषाशैली सरल र सहज छ । पुर्बेली भाषिकाको प्रयोग भएको पाइन्छ । अनुकरणात्मक शब्द समास शब्दहरु प्रयोग भएका छन् । जस्तै : कॉक्काबड कहीँकतै संवादका रूपमा बोलिएका शब्दहरू वाक्यमा प्रयोग गरिएको छ । जस्तै इन्द्रकुमार 'बा' धर्मे बराल - 'हाइ ।' (पौड्याल ; २०७६ : ३३) एकलापीय र संवादात्मक शैलीका वाक्यहरू रहेका छन् । "अब हाम्रो घरमा भँगेराले गुँड लाउदैन ।" 'बा के भो त ? "भगेराले गुँड लाउनु भनेको सह हो ।" घनश्यामले "तिम्रा बा महान् हुन् भाइ" गाउँले भाषाको प्रयोगले निदाल कथाको भाषाशैलीलाई रोचकपूर्ण बनाएको छ । त्यहाँ धेरै थोक छ धेरै थोक छैन," "त्यो निदाल मेरो आफ्नै करङ हो ।" आदिजस्ता वाक्यहरु बडो मार्मिक तरिकाले प्रस्तुत भएका छन् ।

**उद्देश्य :-** 'निदाल' कथाको उद्देश्य समाजमा रहेको वर्तमान यथार्थलाई देखाउन खोजिएको छ । गाउँमा रमाएर आफ्नो शान र मानसँग बसेका बा आमालाई सन्तानले आफ्नो सहजताका लागि सहर लैजाने प्रवृत्तिलाई देखाउन खोजिएको छ । गाउँमा बस्दा आनन्द हुने, सुख दुःखका कुराहरू बाँड्न पाइने, बत्ती, पानी, खानपिन कुनैमा समस्या नहुने हुनाले गाउँमा धेरै सहज तरिकाको जीवनशैली हुन्छ । सन्तान पढेलेखेपछि जन्मेहुर्केको वातावरण मन पराउँदैनन् । आफू जन्मेहुर्केको परिवेश असहज लाग्छ । दुःखले हुर्काइसकेपछि बुवाआमाको खुसी नचाहेर आफ्नो खुसीलाई बढावा दिन्छन् । बुबाआमाको दुःखसुख के हो भनेर बुझ्न चाहदैनन् । पढेलेखेपछि आफ्नो संस्कार नै बिर्सन्छन् । बुढाबुढीले न आफ्नो सन्तान त्याग्न सक्छन् न आफूले स्थापित गरेको घर सम्पत्ति बिर्सन सक्छन् । स्वच्छ, हावापानी, वनपाखा, घाँसदाउरा गरी बिताएका दिनहरू सबैभन्दा राम्रो लाग्छ । त्यो कुरा हिजोआजका सन्तानहरुलाई मन पर्दैन । दुःखले कमाएको सम्पत्ति मास्न पनि हिचकिचाउँदैनन् । सम्पत्ति जोगाउनुको अर्थ भोलि सन्तानका लागि भनेर हो । बाआमा

बसेको जन्मेको हुर्केको ठाउँलाई पराइ बनाउँछन् । जहाँ छरछिमेकीको मह□व छैन, हरेक कुरा किनेर खानुपर्छ । पैसाबिना काम चल्दैन त्यो ठाउँ छोडेर सहर पस्छन् । यो राम्रो पक्ष होइन । आफू बसेको गाउँठाउँलाई माया गर्नुपर्छ । पुर्ख्यौली सम्पत्ति जोगाएर राख्नुपर्छ । बुवाआमाको पसिनाको कदर गर्नु छोराछोरीको कर्तव्य हो । यसो गरेमा हाम्रा पुर्खाको मान, शान र इतिहास मेटिँदैन हो । हाम्रो परिवार पनि तहसनहस हुँदैन भन्ने यस कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकताः-** सामाजिक कथाकार महेश पौड्यालले यस कथाको शीर्षक 'निदाल' राखेका छन् । 'निदाल' भन्नाले घरका दलिनहरु अड्याउनका लागि गाराका बिचमा वारपार राखिने काठ भन्ने बुझिन्छ । जसरी मानिसको मांसपेशीलाई अड्याउन बलियो बनाउन हड्डी र करङ्ले सहयोग गरेको हुन्छ । त्यस्तै घरलाई अड्याउन निदालले सहयोग गरेको हुन्छ । 'निदाल' नै ढलेपछि घरको अवशेषहरु पनि त्यहाँ रहँदैनन् । यस कथामा धर्मे बाले दुःख गरी इलामको सुलुबुङ्मा अथाह मिहिनेत गरी बलियो घर बनाएका थिए । त्यो घरमा उनका छोराहरू बस्न नरुचाउँदा बसाइँ सर्नुपर्ने हुन्छ । त्यो घरको गाउँमा केही काम हुँदैन घर भत्काउँदा धर्मेबालाई त्यहाँ सम्पत्ति जोड्दा भएका सबै दुःखकष्ट सम्झन्छन् । भविष्यमा छोरालाई चाहिन्छ भनेर जोगाएर राखेको सम्पत्ति तहसनहस पारेको देख्दा उनको चित्त साह्रै दुःखेको छ । जसरी अन्तिम अवस्थामा निदाल पूर्ण रूपमा ढल्छ । त्यसबेलामा आफ्नो करङ पनि भाँचिएको महसुस गर्छन् । सोच्दासोच्दै निदाल ढलेझैँ आफू पनि ढुङ्गाबाट तल खस्छन् र बेहोस हुन्छन् । आजसम्म मान शान जोगाएको घर ढल्नु र परिवारको मान उच्च राख्ने घरको मूल व्यक्ति ढल्नु एउटै हो । सुलुबुङ् गाउँको बलियो खम्बा धर्मे बा हुन् र घरको बलियो खम्बाका रूपमा धर्मेबाकै घरको निदाल रहनु दुवैका अनुसार कथाको शीर्षक 'निदाल' रहनु उपयुक्त छ ।

## ३. सिकारी

### कथानक

एक सिकारीका छोरा बुहारी तीर्थ जान लागेबाट सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक शैलीमा कथानक अगाडि बढेको छ । हजुरबाबाको एक नाति थियो । उसलाई तीर्थ लैजाँदा पढाइ बिग्रने भएकाले नलैजाने सल्लाह हुन्छ । हजुरबाबा आमा, अङ्कल, अन्टीको जिम्मा लगाएर उनीहरु तीर्थ जाने तयारीमा लाग्छन् । सिद्धार्थका हजुरबा सेनाका सेवा-

निवृत्त कर्मचारी हुन्छन् । उनलाई धेरै मोजमस्ती र घुमफिर गर्न मन पर्छ । कहिले भरुवा बन्दुक बोकेर सिकार गर्न त कहिले गाउँघरका सवैलाई भेला पारेर पल्टनका रहँदा बस्दाका कुरा गर्न रुचाउँछन् । पल्टनमा रहँदा सेतो बाघ मारेको कुरा सबैलाई सुनाउँछन् । कुरा गर्दै जाँदा अन्त्यमा भाले बाघ, भाले हात्ती पोथीको पनि कोही सिकार गर्छ भन्न बिर्सिंदैनन् । एकदिन अङ्कल आन्टीले दक्षिणकाली मन्दिरको दर्शनका लागि जाने योजना बनाउँछन् । उनीहरूसँगै हजुरबा र सिद्धार्थ पनि दर्शनका लागि जाने कुरा हुन्छ । उनीहरूले दक्षिणकालीमा पशुबलिको रगत देख्छन् । त्यो देख्दा सिद्धार्थको आङ सिरिङ्ग हुन्छ । उसले हजुरबालाई सोध्छ । हजुरबाले भालेको बलि दिन मिल्ने र पोथीको बलि दिन नमिल्ने कुरा सुनाउँछन् । एक दिन सिद्धार्थकी अङ्कलकी छोरी रुकु र सिद्धार्थ खेल्दै हुन्छन् । छोरी भएर जन्मेपछि दशैंमा, श्राद्धमा टीका लगाएर पैसा दिन्छन् । छोरालाई दिदैनन् भन्ने कुरा गर्दै हुन्छे । सिद्धार्थले छोरालाई त बलि दिन्छन् दक्षिणकालीमा भन्ने कुरा गरिरहेको छ । एक्कासि ऊ निराश हुन पुग्छ । एकदिन छविलाल बोका खसी बनाइदिन  भनेर आउँछन् । हजुरबाले सिद्धार्थलाई आफूसँगै लैजाने निधो गर्छन् । हजुरबा र नाति  छविलालका घरतिर जान्छन् । हजुरबा खसी बनाउनतर्फ लाग्छन् । सिद्धार्थलाई त्यही बसेर हेर्न अनुरोध गर्छन् । हेर्दाहेर्दै सिद्धार्थ ढलेको हजुरबाले थाहै पाउँदैनन् । गाउँलेले उठाएर भित्र लग्छन् । हजुरबाले उसलाई नामर्दको संज्ञा दिँदै झङ्किएर आफ्नो काम सकी घरतर्फ जान्छन् । गाउँलेले उसलाई बेहोसी अवस्थाबाट होसमा ल्याउँछन् । यसैकुराले हजुरबा नातिको केही दिन बोलचाल नै बन्द हुन्छ । केही दिनपछि फेरि हजुरबाले सिकार गर्न जाने निर्णय गर्छन् । सिद्धार्थले हजुरबालाई बन्दुक किन लाने हो भनी सोध्छ । उनीहरू सिकार गर्न शुक्लाफाटाका वनमा पुग्छन् । हजुरबाले पहिले त्यो  वनमा धेरै मृग भेटिने अहिले सिकारीको बिगबिगीले धेरै कम भएको कुरा नातिलाई सुनाउँछन् । जङ्गलको बिचमा एउटा दह हुन्छ । त्यहाँ पानी खान आउँदा मृगहरूलाई जालमा फसाई सिकार गर्दा रहेछन् । हजुरबाले मृग मार्न भनी बन्दुक तेर्स्याउँदा त पोथी मृग पो रहेछ भन्दै सिद्धार्थलाई छाड्दे भन्छन् ।

उनीहरू रुखको छायाँमा चुपचाप बस्छन् । सिद्धार्थ निकै आतङ्कित देखिन्छ । सिद्धार्थको मन हजुरबाप्रति सकारात्मक हुँदैन । उसले हजुरबालाई रावणको रूपमा लिन थाल्छ । एक्कासि नजिकैबाट वनपालेको आवाज आउँछ । उसले हजुरबालाई पानी नल्याएर आयौ करसाप भनी सोध्छ । वनपालेले भाले त लगभग सकिए होलान् अब पोथी खाने दिन आए भनी सुनाउँछ । हजुरबा र वनपालेको बिचमा कुरा भएको सिद्धार्थले सुन्छ र अचम्म मान्छ ।

वनपालेले त वनको सुरक्षा गर्छन् भन्ने कुरा उसले बुझेको हुन्छ । निकै बेर दुबै जनाले विगतमा गरेका र भएका कुराहरू गर्छन् । वनपाले डुल्न जान्छ तिमी आफ्नो काम गर सिकार गऱ्यौ भने राजखानी चाहिँ मलाई दिनुपर्छ भन्दै त्यहाँबाट हिँड्छ । सिद्धार्थले राजखानीका बारेमा सोध्छ । हजुरबाले पछि थाहा पाउँछस् भनी जवाफ दिन्छन् । ऊ त्यही गिलो माटो तानेर मूर्ति बनाउन थाल्छ । उसले धेरै केटीका मूर्ति बनाउँछ । हजुरबाले एक मृग पानी खान आउँदै गरेको देख्छन् । सिद्धार्थलाई पश्चिमतिरबाट छेक्न लगाउँछन् । हजुरबाले गोली हान्छन् र मृग मार्छन् । मृगको रगतले दहभरी राताम्मे हुन्छ । कोटको खल्तीबाट कर्द तानेर राजखानी काटेर सिद्धार्थलाई यो हो राजखानी, भनेर देखाउँछन् । हजुरबाको यो हर्कत देखेर सिद्धार्थ आक्रोशमा आई माटाको डल्लाले हजुरबालाई हानेर भागेसँगै कथाको अन्त्य भएको छ ।

**पात्रचरित्र** :- 'सिकारी' कथामा सावित्री, पुरुषोत्तम, सिद्धार्थ सिद्धार्थकी दिदी, काका, काकी, हजुरबा र हजुरआमा, छविलाल, छविलालकी श्रीमती, वनपाले रहेका छन् । मानवेतर पात्रका रूपमा मृग, चराचुरुङ्गी, बोका, आदि रहेका छन् । यस कथाको कथानक सिद्धार्थ र हजुरबाद्वारा अगाडि बढेकाले यस कथाको प्रतिनिधि पात्रका रूपमा उनीहरू आएका छन् । हजुरबा पुरुष पात्र, गतिशील, बद्ध, मञ्चीय र प्रतिकूल पात्र हुन् । सिद्धार्थ बाल पुरुष पात्र गतिशील, बद्ध, मञ्चीय र अनुकूल पात्र हो । सावित्री, पुरुषोत्तम, काका, काकी र वनपाले कम भूमिका भएका सहायक पात्र हुन । सिद्धार्थकी दिदी, बहिनी, गाउँले आदि गौण पात्र हुन् । कथाको प्रसङ्ग अनुसार एक पटक मात्र उनीहरूको नाम आएको छ ।

**दृष्टिविन्दु :-** 'सिकारी' कथाको घटनाक्रम पात्र चरित्रद्वारा अगाडि बढेको छ । त्यसैले यस कथाको दृष्टिविन्दु तृतीय पुरुषको रहेको छ । कथाकार आफू बाहिर बसी पात्रचरित्रद्वारा कथाको घटना विस्तार गरिएको छ ।

**परिवेशः-** 'सिकारी कथाको परिवेशमा काठमाडौं, केदारनाथ, वैष्णोदेवी, दक्षिणकाली मन्दिर, शुक्लाफाँटाको जङ्गल आदि ठाउँहरु आएका छन् । गाउँमा बस्ने एक व्यक्ति जो सेनाका सेवानिवृत्त छन् उनले आफ्नो निडरता, साहस र मर्द हुनुको गौरवता जस्ता कुरालाई मध्यनजर गरिएको कुरा यस कथामा वर्णन छ ।

**भाषाशैली** :- 'सिकारी' कथाको भाषाशैली सरल र सहज छ । यस कथामा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । पारिभाषिक र सिङ्गो शब्दको प्रयोग पाइन्छ

जस्तै सेवानिवृत्त, वनपाले, राजखानी, सिपालु, नामर्द, कर्द, काँतर, खोल्सो आदि । पुलुक्क, च्याप्पै, स्स्स, तनतनी, झसङ्ग झ्यास्स जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । जिब्रो टोक्नु जस्ता टुक्काको प्रयोग भएको छ । यस कथामा पश्चिमा भाषाको प्रयोग भएको छ । जस्तै "पानी सानी ल्याएनौ कि क्या हो तमीले ?" (पौड्याल;२७६:४७) "दुई महिनामा आया, हुँ ।", "एक्लै आहौ?" आदि गाउँघरतिर बोलिने पश्चिमा भाषाको प्रयोग भएको छ । जस्तै नाक काटूँ साला, यत्रार्वाधि, हानिस् तँ मुलाले आदि जस्ता शब्दको प्रयोग भएको छ ।

**उद्देश्यः** 'सिकारी' कथाको उद्देश्य सिकार गर्नेहरू आफूलाई आँटिलो र गर्विलो पुरुषका रूपमा सम्झिन्छन् । सिकार गर्नेको मन निर्दयी हुन्छ । सिकारीको सिकार गर्ने कार्यले वनमा जङ्गली जनावर नै सखाप भइसकेका छन् । भाले जाति नै रित्तिएपछि पोथीद्वारा मात्रै सन्तान उत्पादन हुँदैन । यस कथामा पुरुषको प्रधानतालाई देखाउन खोजिएको छ । मन्दिरमा चढाउन बोका नै चाहिने, छोराछोरीमा छोरो नै चाहिने, मासु पनि मिठो भाले जातिकै हुने प्रसङग कथामा प्रस्तुत गरिएको छ । अर्काको हत्या हिंसा गरी आफ्नो खुसी त्यसमा पाएका मानव जातिहरूले पशुमाथि गरेको अत्याचारलाई यस कथामा देखाउन खोजिएको छ । पशुमाथि गरेको हिंसालाई आफ्नो आँटिलो पुरुषत्व भनी दाबी गर्ने पुरुषको मनोविज्ञानलाई यस कथामा देखाउन खोजिएको छ । अरूमाथि हिंसा गरी आफूलाई गर्विलो पुरुषका रूपमा लिने व्यक्तिले अरू पनि आफूजस्तै निडर निर्दयी हुनुपर्छ नत्र भने नामर्द कहलिन्छन् भन्ने भाव राख्छन् । बालकले हत्या हिंसा मन पराउँदैनन् । हत्या हिंसा गर्न सिकाउने उसको परिवार नै हुन्छ । सिकार गर्दा वन्यजन्तु मासिनुको साथै तालतलैय रक्ताम्य हुन्छन् । यस्ता विकृति फैलाउनमा बुद्धिजीवी व्यक्तिकों नै प्रमुख भूमिका रहेको छ । उनीहरूले नीति नियमलाई वशमा पार्छन् र यस्ता विकृतिहरू गर्न आफैँ लागि पर्छन् भन्ने कुरा यस कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकता**

'सिकारी' कथाको शीर्षक 'सिकारी' रहनु  सार्थक छ । जङ्गलमा गई जङ्गली जनावरको लुकिछिपी हत्या गर्ने कामलाई सिकार गर्नु भनीन्छ । यस कथामा  सेनाका सेवानिवृत्त व्यक्ति सिद्धार्थका हजुरबाको जागिरबाट बर्खास्त भइसकेपछि उनको दिनचर्या नै यसै गरी बित्ने गरेको पाइन्छ । समाजका बुद्धिजीवी व्यक्ति नै गैरकानुनी  काम गर्न लागिपर्छन् । कानून

सिकाउने, लागू गर्ने व्यक्ति सम्मुख पर्दा मात्रै लागू गरेजस्तो गर्छन । प्राणीको हिंसा गर्नु कुनै मानवीय धर्म होइन । सिकार गर्न पनि समाजका लागि मर्द कहलिनु होइन । पुरुषार्थ त त्यसमा हुन्छ जुन चिजमा सबैको भलो हुन्छ । अरूलाई पीडा हुँदैन । सबै प्राणीको संरक्षण र संवर्धनका लागि असल कदम चाल्नु हो । समाजमा मर्द कहलिने आशाले अर्कालाई हिंसा गरी दुःख दिनु राम्रो होइन । मानिस दयालु र मायालु बन्नुपर्छ । सबैको हित चाहनुपर्छ । बालबालिकालाई हुर्काउँदा र बढाउँदा हत्या, हिंसाका क्रियाकलापमा सहभागी गराउनु हुँदैन । यस कथाको हजुरबा पहिलेदेखि नै सिकार गर्ने कार्यमा सरिक थिए । कथाको अन्त्यमा पनि सिकार गर्ने कार्यमा तल्लीन छन् । तसर्थ यस कथाको शीर्षक सिकारी रहनु अत्यन्तै सार्थक छ ।

### ४. कर्णालीको पल्लो किनार

एक अप्सराले कर्णालीको पल्लो किनारसम्म पुऱ्याइदिनू म तपाईंलाई सुनको औंठी दिन्छु भन्ने सन्दर्भबाट कथा सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा सरल र सहज तरिकाले कथानक अघि बढेको छ । बिहानीको समय हुँदा माझीको दिनचर्या पनि सुरु हुन्छ । सधैंका दिनमा माझिका पहिलो यात्रु दूध बेच्ने मानिस हुन्थे भने आज त्यसो नभएको सन्दर्भ लिइएको छ । दुध बेच्ने मानिस आउनुअगावै अप्सरा त्यहाँ पुगिसकेकी हुन्छे । माझीको ससुरालीमा कार्य परेकाले ऊ त्यहाँ छिट्टै आएको र श्रीमती छोराछोरी तारिदिएको हुन्छ । पहिलो यात्रीका रूपमा अप्सरालाई पाएपछि आजको दिन शुभ हुने भयो भन्ने सोच्छ । तिमी यो नदी किन तर्न चाहन्छ्यौ भनी सोध्छ । अप्सराले मेरी हजुरआमा निकै बिरामी हुनुहुन्छ । उहाँ छिट्टै नदी पारी पुग्नुहुनेछ त्यसैले म नदीपारि नै पर्खेर बस्छु त्यसैले जान लागेको हुँ यदि जवाफ दिन्छे । माझीको नदी तराइदिने काम भएकाले नदी तारिदिने सुर गर्छ । अप्सरा डुङ्गामा बसेर पानीमा हात हाल्दै आनन्द लिइरहेकी हुन्छे । पटक-पटक त्यसै गरेकाले माझीले अप्सरालाई रिसाउँछ । कर्णाली नदी धेरै चौडाइ भएको नदी भएकाले १५ मिनेट पार गर्न लाग्छ । अप्सराले बेला बेलामा पानीमा आफ्नो हात चोप्दै पानीको चिसोपन र आफ्नो औंठीको स्वर्ण तरङ्ग हेर्छे । अप्सराले डुङ्गा चलिरहँदा माझीसँग तपाईको हजुरआमा हुनुहुन्छ भनी सोध्छे । तपाइले पनि आफ्नी हजुरआमालाई यसरी नै तारिदिनु भएको थियो 'यस्तै यस्तै प्रश्न गर्न थाल्छे । माझीलाई अप्सरा पागलजस्तै' लाग्छ । अप्सराले आफू माझी भएको भए नदी तारिदिन सजिलो हुने र हजुरआमा खुसी हुने कुरा गरेकी छे ।

हजुरआमा 'कसैसँग नबोलेको धेरै दिन भैसक्यो भनेर सुनाएकी छ । अप्सराकी हजुरआमा यस्तो अवस्थामा हुँदा त्यो नदी कस्तरी तर्नुहुन्छ भन्नेकुरा अप्सरालाई ज्यादै दु:ख लागेको छ । अप्सराले त्यस्तो कुरा गरेको देखेर अप्सराको दिमाग ठिक रहेनछ भन्ने माझीलाई लाग्छ । माझीलाई अप्सराको कुरा सुन्नुभन्दा नदीमा डल्फीन देखिन्छ कि भन्ने हेर्न मनासिब लाग्छ । र ऊ त्यतैतिर हेर्दै डुङ्गा चलाउन थाल्छ । अप्सरालले दुई वर्ष भएदेखि नै हजुरआमासँगै सुत्थैं, हजुरआमाकै पछिपछि दगुर्थे, हजुआमा कपाल कोरिदिने, नङ काटिदिने गर्नुहुन्थ्यो । अहिले उहाँ नसक्ने भएकाले कपाल कोरिदिने, नङ काटिदिने, पानी दिने पङ्खा हम्किदिने गर्नुपर्छ भन्ने कुरा सुनाउँछे । उसले कुरा गर्दागर्दै नदीको पल्लोतिर पुगिसकिएको हुन्छ । अप्सराले माझीलाई धन्यवाद दिन्छे र सुनको औँठी दिँदै मलाई मामुले बनाइदिनुभएको हो, तर म हजुरआमासँगै बादलपारि जाने हो यो तपाईं राख्नुस् भन्छे । माझी छक्क पर्छ । माझीले औँठी होइन दश रुपैयाँ देऊ भन्दा मलाई थप सहयोग गर्नुहोला यो औँठी राख्नुस् भनी कर गर्छे ।

अप्सराले हजुरआमा पानीको थोपै खान नसक्ने भएपछि नदी तर्न आउँछिन् त्यसबेला उहाँलाई नदी तार्दिनुहोला भन्छे । आफू त्यही ढुङ्गामाथि बसी पर्खिन्छु भनेर माझीलाई औँठी लिन कर गर्छे । माझीले आफ्नो भाडा बराबरको सिसाको चुराले पुग्छ त्यो देऊ भन्छ । हजुरआमालाई किनारमै नछोडनु भन्दै ऊ त्यही किनारमा खेल्न थाल्छे । माझी यात्रीको खोजीमा पश्चिमतिर जान्छ । घामका किरणसँगै त्यस परिवेशमा रमाउन थाल्छे । नदीपारि कमिलाजत्रै देखिएका मानिसहरुलाई उसले ठम्याउन सक्दिन । उसको नजिक एक चरा आउँछ । 'सि' सिट गरेर चराले गीत गाउँछ । अप्सराले त्यो चरा अलि ठुलो भएको भए हजुरआमालाई ढाडमा राखेर ल्याउँथ्यो होला भन्ने कल्पना गर्छे । हेर्दाहेर्दै अप्सराको दिन त्यहीँ बित्छ । रात पर्न थाल्छ हिमालतिर पानी परेकाले नदीको बहाव क्षमता पनि बढिरहेको देखिन्छ । नदीमा पानी बढेको बेला माझीहरू आउँदैनन् । पहिलोपटक नदीमा साँझ परेको अवस्थामा भएकाले झस्किन थाल्छे । नदीको किनारमा भएका चराको आशा बोक्छे तर त्यो आशाको अर्थ हुँदैन । ढुङ्गामा बसेर चित्र कोर्ने र हजुरआमाको फोटोमा कुरा गर्छे । हेर्दाहेर्दा अँधेरो हुनथाल्यो त्यस निर्जन नदी वरिपरि कोही हुँदैनन् । अप्सराले जोडले बल लगाएर कराउँछे । त्यो आवाज घर फर्कन लागेको माझीले सुन्छ । फेरि औँठी दिने सर्तमा तारिदिने अनुरोध गर्छे । माझीले औठी दिन पर्दैन भनी बस भन्छ । नदी तारी डुङ्गा किनार लगाइसकेपछि अप्सरालाई घर पुऱ्याइदिनुपऱ्यो भनी सोच्छ । घर पुऱ्याइसकेपछि अप्सरा

हराएको खबरले आँखा हेरेकी हजुरआमा पनि स्वर्ग हुनुभयो भन्ने खबर अप्सराले सुन्छे । अप्सरा रुँदै घरभित्र पस्छे । माझीले अप्सराले दिएको चुरा ढुङ्गामाथि राखेर मौन रही घर फर्किएको सन्दर्भबाट कथा अन्त्य भएको छ ।

**पात्रचरित्रः** 'कर्णालीको पल्लोतिर' कथामा माझी, अप्सरा अप्सराकी हजुरआमा, ममी, माझीकी श्रीमती छोराछोरी, दुध बेच्ने व्यापारी रहेका छन् । मानवेतर पात्रका रूपमा चराहरु, निर्जन नदी, जङ्गल रहेका छन् । यस कथाको पुरुष प्रमुख पात्र माझी रहेको छ । माझी यस कथाको गतिशील, बद्ध, मञ्चीय, अनुकूल र सत्पात्र हो । बालपात्र अप्सरा स्त्री चरित्र गतिशील, बद्ध, मञ्चीय, अनुकूल र सत्पात्र हो । माझी र अप्सरा यस कथाका केन्द्रीय पात्र हुन् । अप्सराको भूमिका यस कथामा सुरुदेखि अन्त्यसम्म आएको छ । उसको बालमनोविज्ञान एकदमै प्रबल रहेको छ । घरको ज्येष्ठ सदस्यका रूपमा रहेकी उसकी हजुरआमाको ममतामा हुर्केकी, बढेकी छ । अरू कसैले अब हजुरआमा कर्णालीको पल्लोतिर जाने र नफर्किने भएकाले खान र बोल्न छोडनुभएको हो भन्ने कुरा सुनाइदिएपछि हजुरआमाभन्दा पहिला आफू त्यहाँ पुगी हजुरआमालाई पर्खिने उद्देश्यले एकाबिहानै कर्णालीको पल्लोतिर पुगी बसेकी छ । साँझसम्म त्यही कुरेर बस्दा पनि त्यहाँ हजुरआमा नआएपछि घर फर्केकी छ । नातिनातिना हजुरआमा बाबा कति प्यारा हुन्छन् र नातिनातिनाकै मायाममताले हजुरआमा बाबाको सास धड्कन अलि दिन बढी चल्छ भन्ने कुरा अप्सराका सबै व्यवहार र कुराबाट थाहा पाउन सकिन्छ । यस कथाकी हजुरआमा, अप्सराकी आमा सहायक पात्र हुन् । उनीहरूको भूमिका बिचमा प्रसङ्गअनुसार आएको छ । माझीकी श्रीमती, छोराछोरी, दुध बेच्ने व्यापारी गौण पात्र हुन् । कथाको सम्पूर्ण घटना माझी र अप्सराका माध्यमबाट अगाडी बढेको छ । सदा दिनझैं माझीले त्यस दिन फरकै कार्य गरेको अनुभव गरेको छ । मानवेतर पात्रका रूपमा नदी, जङ्गल, चराचुरङ्गी आदि आएका छन् ।

**दृष्टिविन्दुः-** यस कथाको कथानक पात्र चरित्रको भूमिका अनुसार अघि बढेको छ । कथाकारले आफू नेपथ्यमा बसी पात्र चरित्रद्वारा कथालाई अघि बढाएका छन् । पात्र चरित्रद्वारा कथा अघि बढेकाले यस कथाको दृष्टिविन्दु तेस्रो पुरुषको रहेको छ ।

**परिवेशः**-यस कथाको परिवेशमा कर्णाली नदी वारिपारिको दृश्यलाई देखाइएको छ । माझीको दिनचर्या दिनभर त्यही कर्णाली नदी वारपार गर्न आउने यात्रीलाई तार्नु रहेको छ ।

कर्णाली नदीको पानी, त्यस नदीको विशेषता, जङ्गल, चराचुरङ्गीको वर्णन पाइन्छ । बालमनोविज्ञानमा आधारित यस कथामा आफूलाई माया गर्ने हजुरआमाप्रति नातिनीले देखाएको मायालाई देखाइएको छ । 'नदीमाथि पल्लो किनारबाट वल्लो किनारसम्म सेता चरा बाक्लै सङ्ख्यामा उडिरहेका थिए' (पौड्याल ; २०७६ : ६१) ।

**भाषाशैलीः-** यस कथाको भाषाशैली सरल सहज छ । अप्सरा र माझी बिच भएका कुराकानी संवादका रूपमा आएका छन् । "माझीदाइ, तपाईंको घरमा हजुरआमा हुनुहुन्छ?" "हुनुहुन्न धेरै पहिले बित्नुभाको ।" (पौड्याल ; २०७६ : ५५) कथामा अनुकरणात्मक, तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको छ । निर्जन, स्वर्णतरङ्ग, हृदय, उद्गार भयङ्कर आदि शब्द प्रयोग भएका छन् । अवाक्, पुलुक्क, टक्क, ठ्याक्कै आदि जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएका छन् । खुस्किनु, बिजुली चम्किनु जस्ता टुक्काको प्रयोग पाइन्छ ।

**उद्देश्यः-** कर्णालीको पल्लोतिर कथाको उद्देश्य नातिनातिनालाई हजुरबाआमाप्रति माया मोह कतिसम्म हुँदोरहेछ भन्नेकुरा देखाउन खोजिएको छ । एक नाबालिका जसले हजुरआमाको मायाबाट छुट्टिने डरले हजुरआमासँगै जाने उद्देश्यले कर्णाली पारि गएर बस्छिन् । पानी खान पनि नसक्ने, बेहोसी अवस्थामा रहेकी हजुरआमा अब सन्चो हुन सक्दनन् भन्ने उसलाइ लाग्छ । नातिनी हराएको खैलाबैलाले यता हजुरआमा झन् छिटो मृत्युको मुखमा पुग्छिन् । भोक लाग्दा खुवाउने, सरसफाइ गरिदिने, साथमै हिँडाल्ने, मिठामिठा कुराहरू सुनाउने हजुरआमा बिरामी पर्दा अप्सराको मन विचलित भएको छ । नातिनीलाई आफू सम्मुख नदेख्दा हजुरआमा छिटो मृत्युको मुखमा पुगेकी छन् । यस कथाको मुख्य उद्देश्य नातिनातिनीको माया हजुरआमाबामा हुन्छ । हजुरआमा बाआमाको माया नातिनातिनीमा हुन्छ । यी दुबैको अभावमा विचलित हुन्छन् भन्ने कुरा यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकता :** यस कथाको शीर्षक 'कर्णालीको पल्लोतिर' रहनु सार्थक छ । यस कथामा कर्णाली नदीवारिपारिको दृश्यलाई देखाइएको छ । यस कथाका प्रमुख पुरुष पात्र माझी कर्णाली नदीमा यात्रुहरू तार्दै वारिपारि गर्छन् । बालपात्र अप्सराले पनि कर्णाली नदी तरी पारि पुगेकी छन् । ढुङगा, वन, चरीसँग आफ्ना संवेदना पोखेकी छिन् । नातिनीलाई माया गर्ने हजुरआमा पनि त्यही कर्णालीको तिरमै सेलाउनेछिन् । उनको देहको समाधि गर्ने ठाउँ त्यहीँ रहेको छ । जहाँबाट उनी कहिल्यै फर्केर जाने सक्ने छैनन् । यस कथाको माझीको

काम नदी वारपार गर्ने भएको र कर्णाली नदीको फैलावट, पानीको अवस्था त्यहाँ वरिपरिको दृश्य आदिको विश्लेषणले पनि यस कथाको शीर्षक 'कर्णालीको पल्लोतिर' रहनु सार्थक छ ।

**५. अदालत बाहिर**

**कथानक** : गाउँ र सहर दुवैको विशेषता बोकेको एउटा सुलुबुङ गाउँका मानिसहरूको विचारमा परिवर्तन नआएका कारण त्यो गाउँ दुर्गमजस्तै भएको सन्दर्भबाट कथानक सुरु भएको छ । सुलुबुङ गाउँमा बाटोघाटो भएको, कालोपत्रे हुन बाँकी भए पनि गाडीहरू गुड्ने गर्छन् । एउटा माध्यमिक विद्यालय, स्वास्थ्यचौकी, वडा कार्यालय र हुलाक कार्यालयको सुविधा भएको ठाउँ छ । प्रधान बरालका दुई परिवार त्यहाँको पुरानो बस्तीका रूपमा चिनिन्छन् । सुखनी र नैनी मिल्ने साथी थिए । पछि यिनीहरूको मित्रता हराउँदै गएको थियो । नैनीको घमण्डको जड बाबुको पुरानो सम्पत्ति थियो । अज्ञात स्रोतबाट कमाई उनी त्यस ठाउँको साधुक कहलिएका छन् । सुखनीले अभावको जिन्दगी जिउने भएकाले उसलाई कसैले गन्दैनन् । सानो छँदा अति नै मायाप्रेम भएपनि किशोर अवस्थामा पुग्नासाथ आर्थिक अवस्थाले उनीहरू परिचित हुन थाल्छन् । यसैकारणले यी दुवैलाई दुई यात्रीका छुट्टै बाटाजस्तै बनाएको छ । नैनीले सत्र वर्षमा बिहे गरी । भागेर गई भनेर केही दिन परिवारले गुनासो गरे पनि पछि स्वीकारेका छन् । केही महिनापछि नैनीको धुमधामसँग गरिदिन्छन् । बेहुली बनेकी नैनीलाई सुखनीले अन्तिममा उदास भएर हात हल्लाउँदै बिदा गरेकी छ । एकवर्ष नबित्दै नैनिको लोग्नेको अज्ञात रोगका कारण मृत्यु हुन्छ । सुखनीले यो खबर थाहा पाएपछि १८ वर्षमै विधवा हुनुको पीडा महसुस गर्छे । साथीको दुःख मनमनै भए पनि बाँड्छे । केही समयपछि माइत आउँदा दुवैको भेट हुन्छ । दुवै भक्कानिएर रुँदै छुट्टिन्छन् । दिनहरू बित्दै जान्छन् । राजकुमारी जस्ती देखिने नैनीको अभिमान कम भएको छैन । सुखनीलाई मूल्यहीन चिजका रूपमा हेर्न थाल्छे । सुखनीले विहे गरी र उसको लोग्नेले पनि इटहरीमै लगेर राख्छ । नैनीले पनि अर्को विवाह गर्छे उसलाई पनि इटहरीमै लगेर उसको लोग्नेले राख्छ । सुखनी र नैनी सडकको वारिपारि हुन्छन् । बाहिर निस्कँदा, बजार निस्कँदा जम्काभेट भए पनि नैनीले बेवास्ता गर्छे । नैनीको अथाह सम्पत्ति भएकाले राज गरेर खान्छे तर सुखनीलाई अभावले छोड्दैन ।

नैनी र सुखनी दुवै गर्भवती हुन्छन् । नैनीले छोरो र सुखनीले छोरी पाउँछे । छोराछोरीको स्थान समान छ भन्ने बेला पनि नैनीको पुरानै सोच  छ । धनले ओतप्रोत भएकी नैनीले

छोरालाई जे भन्यो त्यही पुऱ्याएकी छे र पुऱ्याउन सक्छु भन्ने घमन्ड पनि छ । सुखनीको छोरी जन्माएकोमा रतिभर चिन्ता र डर छैन लक्ष्मीले आर्शीवाद दिन्छन भन्ने सकारात्मक सोच छ । कहिलेकाही नैनी र सुखनीको छोराछोरी एकै ठाउँमा खेल्ने गर्थे । राजा रानी बन्ने, बालगीतमा नाच्छे गाउँने गर्थे । नैनीलाई आफ्नो छोराले सुखनीको छोरीसँग खेलेको मन पर्दैन । नैनी सिंहजस्तो गर्जन्छे र महाकालीको रूप देखाउँछे । यही रिसले सुखनीलाई बोक्सीको आरोप लगाइ पिट्छे । नैनीले आफ्नो छोरालाई स्कुल ल्याउने र लैजानका लागि रामधनलाई जिम्मा लगाएकी छ । आमाको निषेधिताका कारण राजा उदास र विद्रोही देखिन्छ । रानी भने आनन्दित र प्रसन्न हँसमुख जस्ती देखिन्छे । नैनी र सुखनीका छोराछोरी बाटोमा भेटेपछि एक अर्कामा इसाराद्वारा खुसी व्यक्त गर्छन् । यो नैनीले रिक्सामा कालो पर्दासमेत लगाउन लगाएकी छ । यसले गर्दा नैनीको छोरा राजाको बाटाको खुसी पनि खोसिएको छ । एकदिन बाटोमा हिँड्दै गर्दा रिक्साको टायर फुट्छ । रामधनले रिक्सा बनाउँदै गर्दा राजा र रानीको भेट हुन्छ र उनीहरू त्यही खेल्न थाल्छन् । राजा र रानी बिहेको खेलमा व्यस्त हुन्छन् । एक अर्कामा खुसी हुँदै दङ्ग परिरहेका हुन्छन् । रामधनले राजालाई बोलाएपछि दुवै झसङ्ग भएर आफ्नो बाटो लाग्छन् । राजा र रानीको बिहेको साक्षी पिपल हुन्छ र इतिहास रामधन हुन्छ । भोलिपल्ट सुखनीलाई पुलिसले समात्छ । मुद्दाको सुनुवाइको लागि नैनी अदालत पुग्छे । नैनीले राजालाई विष खुवाउने सुखनी र रामधन हुन भनी बयान गर्छे । धेरै चर्काचर्की भएपछि बच्चालाई पनि अदालतमा ल्याउने आदेश हुन्छ । त्यसपछि बच्चा लिन प्रहरी जान्छन् । राजारानी दुवै विवाहको खेलमा मस्त भएका बेला भेटिन्छन् । सिँगार पटारले देवदूतजस्ता देखिएका राजारानीलाई प्रहरीले चियाएर हेरिरहन्छन् । प्रहरीले बच्चालाई अदालत नलैजाने निधो गर्छन् । प्रहरीले गाउँलेहरुलाई सुखनी र नैनीका बारेमा सोधपुछ गर्छन् । सबैले सुखनीको गुणगान गाउँछन् र नैनीको आलोचना गर्छन् । प्रहरी अदालतमा पुगी बच्चा विवाहको खेलमा मण्डपमा भएकाले ल्याउन नसकेको कुरा बताउँछन् । न्यायाधीशले सबै कुरा बुझेपछि मुद्दा खारेज भएको कुरा सुनाउँछन् र कथा अन्त्य हुन्छ ।

**पात्रचरित्रः**-कथामा घटनाक्रमलाई अगाडि बढाउन पात्र चरित्रको आवश्यकता पर्दछ । यो कथाको मह□वपूर्ण त□व हो । कथा वस्तुलाई अगाडि बढाएर विश्वसनीय, जीवन्त तथा गतिशील र प्रभावकारी बनाउनमा पात्रको मह□वपूर्ण भूमिका हुन्छ । अदालत बाहिर कथाका पात्र चरित्रमा नैनी, सुखनी, नैनीका बाआमा, सुखनीको परिवार, नैनीको पहिलो

लोग्ने, दोस्रो लोग्ने, बैनीको छोरो राजा, सुखनीको लोग्ने, सुखनीको छोरी (रानी), रामधन : गाउँलेहरू, प्रहरीहरु र न्यायाधीस रहेका छन् । यस कथाको प्रमुख पात्रमा नैनी र सुखनी रहेका छन् ।

नैनी स्त्री पात्र हो । ऊ यस कथामा खलपात्रका रूपमा आएकी छ । बहिर्मुखी चरित्र भएकी नैनी प्रतिकूल पात्र हो । सुखनी यस कथाकी प्रमुख स्त्री पात्र हो । उसको भूमिका यस कथामा सत्पात्रका रूपमा देखिन्छ । सुखनी यस कथाकी अनुकूल पात्र हो । नैनी र सुखनीको भूमिका यस कथामा सुरुदेखि अन्त्यसम्म आएको छ । यी दुवै मञ्चमा आसीन गतिशील चरित्र हुन् । सहायक पात्रका रूपमा नैनीको छोरा राजा र सुखनीको छोरी रानी रहेका छन् । कथाको विच भागबाट उनीहरुको भूमिका सक्रिय रहेको छ । नैनीका बाआमा, सुखनीको परिवार, नैनीको लोग्ने रामधन, गाउँलेहरू, प्रहरी, न्यायाधीश गौण चरित्र हुन । कथाको कुनै एक प्रसङ्गअनुसार कतै-कतै उपस्थिति देखिन्छ । परिवारको कठोर निर्देशनमा पनि बालबालिकाहरू निर्दोष हुने भएकाले बालसाथीलाई कहिल्यै भुल्न सकिँदैन भन्ने उदाहरणका रूपमा राजारानी भूमिका रहेको छ । वर्गीयताको पर्खाल तोड्न सहयोग पुऱ्याउने बालबालिकाले सक्छन् भन्ने कुरा यस कथाले देखाउन खोजेको छ ।

**दृष्टिविन्दु** :- कथाको मह□वपूर्ण त□व दृष्टिविन्दु पनि हो । कथाकारले कथावाचन गर्नका लागि अँगाल्ने ठाउँ व्यक्ति र पाठकप्रति लिने दृष्टिकोणलाई दुष्टिविन्दु भनीन्छ । कथाकार आफैँले कथानक प्रस्तुत गरे प्रथम पुरुष र पात्रचरित्रद्वारा प्रस्तुत गरे तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । 'अदालत बाहिर' कथाका कथानक पात्रचरित्रद्वारा नै अघि बढेको छ । त्यसैले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ ।

**भाषाशैली**:- 'अदालत बाहिर' कथाको भाषाशैली सरल सहज छ । कथाको बिचबिचमा संवादात्मक शैलीका वाक्यहरू प्रयोग भएका छन् । कथामा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । "बोक्सी । मेरो राजालाई विष खुवाउन लागेकी?" "के भनेको नैनी, त्यस्तो ?" (पौड्याल ; २०७६ : ७६) जस्ता संवादात्मक वाक्यहरू आएका छन् । तत्सम शब्दमा आदिकाल, अभिमान, विपन्न, अज्ञात, स्त्री, डाहा, हर्षमिश्रित, विर्ष आदि । तद्भव शब्दमा धुमधडाका, भैमा, पुर्पक्ष आगन्तुक शब्दमाः पाइलट, फाटक, डॉक्ला, मुड़वी, इन्सपेक्टर पाइडल आदि शब्दहरू रहेका छन् । एकलापीय र संवादात्मक शैलीका वाक्यहरूको संयोजनले कथा सुन्दर भएको छ ।

**उद्देश्यः** अदालबाहिर कथाको उद्देश्य समाजमा रहेको वर्गीय द्वन्दका कारण मनमुटुमा बसेका साथी पनि कति परको सम्झन्छन् । वर्गीय असमानताका कारण मानिसहरू के कस्ता व्यवहार देखाउन थाल्छन् भन्ने कुरा कथामा देखाउन खोजिएको छ । नारीले नारीको समस्या कहिल्यै बुझ्दैनन् । एक आपसमा जति नजिकको सम्बन्ध भए पनि नारीको शत्रु नारी नै हो भन्ने कुरा यस कथाका पात्र सुखनी र नैनीबाट थाहा पाउन सकिन्छ । समाजमा रहेका यस्ता मानिसहरू जसले अर्काको मर्म बुझ्दैनन् घमण्ड गर्छन्, रिस गर्छन् तिनीहरूका लागि आफ्नो कोही हुँदैन । धन पैसाको अभिमानले गरिबलाई फन्दामा पार्न खोजे पनि कानूनले सबैलाई बराबर न्याय दिन्छ । गरिबहरू धन अभावकै कारण तुच्छ वचन पनि सहेरै बस्छन् । धनीहरूलाई कसैले तपाइ नभनेनि आफैँ मपाईंको घमण्ड देखाउँछन् । धनीहरूले समाजबाट एक्लो महसुस गर्नुपर्छ भन्ने कुरा यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकताः** 'अदालत बाहिर' कथाको शीर्षक 'अदालत बाहिर' रहनु सार्थक छ । सामाजिक जीवन जिउने क्रममा आइपर्ने दुःखसुख बाँडेर अघि बढ्नुपर्ने ठाउँमा धनको घमण्डका कारण अनायासै बहाना बनाई अदालतसमक्ष न्याय माग्न जानु गलत कुरा हो । त्यो निसाफ गर्नलायकको मुद्दा नभएको हुँदा त्यसलाई खारेज गरिनु अदालतबाट बाहिरिनु हो । अभिभावक बालबालिकाका लागि कठोर बन्न खोज्नु बालबालिकाको अधिकारबाहिरको कुरा हो । कानुनले तोकेअनुसारको अधिकार पाउनु बालबालिकाको हक हो । त्यसैले नैनीले सुखनीमाथि लगाएको मुद्दा खारेज भएको हो । व्यक्तिगत अहम्को कारण कसैले कसैलाई हेप्न, आरोप लगाउन पाइँदैन । झगडामा एक पक्षमात्र सामेल हुँदैन । यस कथामा नैनी व्यक्तिगत क्रोध र अहम्का कारण न्याय माग्न गएकी छ जुन कुरामा सुखनी सहभागी नै छैन । यो एकपक्षीय द्वन्द्व हो । एकपक्षीय द्वन्द्वको न्यायनिसाफ दिने काम अदालतले गर्दैन । त्यसर्थ यो अदालतबाहिरको कुरा हो । त्यसकारण व्यक्तिगत रिसइबीले कोही कसैमाथि आक्षेप लगाउनु र त्यसका लागि न्याय खोज्नु अदालत बाहिरको कुरा भएको हुँदा यस कथाको शीर्षक 'अदालत बाहिर' रहनु सार्थक छ ।

### ६. उनी योगमाया भइन्

**कथानकः** सन्ध्यारानी नेपाली, संस्कृत र अङ्ग्रेजीकी राम्रै ज्ञाता हुन् भन्ने कुरा पानीखेतका गाउँलेहरूले थाहा पाएको सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा  कथानक रहेको छ । सन्ध्या रानीमा धर्मग्रन्थ, साहित्य एवं दर्शनको पनि

निकै गहिरो जानकारी छ । रूपमा पनि सुन्दर कला, ज्ञानले पनि निपूर्ण सन्ध्यारानीले पानीखेतकै अनुपमसँग विवाह गरेकी छन् । पढेलेखेकाले अनुपमका घरका परिवारले सन्ध्यारानीलाई बुहारी भएकोमा राम्रो मानेका छैनन् । पढेकी बुहारीले घरव्यवहार चलाउन सक्दिन भन्ने सोच छ । गाउँका मानिसहरू उसको रूप र ज्ञानका कारण डाह गर्छन् । अनुपम र सन्ध्यारानीको प्रेम बलियो भएका कारण सन्ध्यारानी कुनै कुराबाट पनि डराउँदिनन् । ७-८ वर्षपछि नियतिको विधानले उनीहरूलाई अलग बनाउँछ । अनुपमले एक छोरा अविनाश र अञ्जलीलाई छोडेर परमधाम हुन्छन् । अनुपमको मृत्युपछि गाउँलेहरूले कुरा काट्न थाल्छन् । जसले जे भने पनि गरे पनि दुई छोराछोरी पालेर बस्ने आँट गर्छिन् । अनुपम हुँदासम्म सबथोक भएजस्तो हुन्छ । तरपछि सबैथोक फेरिन्छन् । अनेकौं पीडाहरु छिदाल्दै दिनहरू बिताउँदै जान्छिन् । अनुपमको मृत्युको एकवर्षपछि सन्ध्यारानी गाउँ छोडेर हिँड्छिन् । जहाँ गए पनि महिलाको समस्या र पीडाले छोड्दैन । जागिरको टुङ्गो लागे पनि पुरुषहरूको अन्य सुविधाको सर्तमा हुने कुरा हुन्छ । महिलाहरू ज्ञान र रूपको डाह गर्छन् । छोराछोरी हुर्काउने उद्देश्यले सन्ध्यारानीले मर्यादाको सीमाभित्र रहेर हुनेसम्मका सबै काम गर्छिन् । दुःखद जीवन जिउने क्रममा धेरै अनुभव बटुल्छिन् ।

नातिनातीनीको मायाले सासूससुराको मन पग्लियो कि भनेर १५ वर्षपछाडि पानीखेत फर्किइन् । केही दिनहरू त्यही बिताइसकेपछि उनको स्वभावमा एक अकल्पनीय परिवर्तन आउँछ । धेरैलाई थाहा छ उनको सङ्घर्ष बारेमा तर थोरैले मात्र बुझेको जस्तो गर्छन् । अञ्जली र अविनाश बढेसँगै आवश्यकता पनि बढदै जान्छन् । उनीहरूमा परिवर्तन आउन थाल्छ । सन्तानको मायाको बलले हरेक दुःख परास्त गर्न सफल भएकी सन्ध्यारानीले मर्ने निर्णय लिँदा उनीमा कुनै आक्रोश हुँदैन । उनको सहनशीलता असल गुणहरू झल्किरहेका हुन्छन् । उनको निर्णयलाई गाउँलेहरूले थाहा पाएपछि सम्झाउँछन्, बुझाउँछन् । जिन्दगीलाई हार र हुतिहाराका रूपमा लिइसकेपछि आत्महत्या गर्ने कुरामा मन परिवर्तन गर्दिनन् । पढेलेखेकी मान्छेले कस्तो बुद्धि गरेकी भन्नेछन् । आफ्नो जीवनको एकछेउ, त्यसैले बसाइँ सरेपछि हृदयको कुनै ठाउँमा प्रेम रहन सक्दैन र त्यस्ता निर्णय हाबी रहन्छन् । गाउँघरका अरू मानिसहरुले जीवनदेखि हार खाएर मर्दा अनेकौं कुरा गर्छन् । गरिखान नसकेका, कानुनको प्रयोग गरेर भए पनि बाँच्नुपर्ने आदि कुरा गरेको सुनिन्छन् । "समाज गफाडी हो, गायक जस्तै गीत गाउँछ, थुक्क गर्छ, सुक्छ पनि गर्छ तर मनको घाउ कसैले साट्दैन ।" (पौड्याल ; २०७६ : ९४) आँसुहरू कोही बाँड्दैनन् ।

मृत्यु कि स्वयम् व्यक्तिले गर्छ, कि रोगले हुन्छ, कि दुर्घटनाले हुन्छ कि उमेरले हुनेगर्छ । चाहेर वरण गरेको मृत्यु हत्या हो । महासमाधि र आत्महत्याको कारण चरम निराशा हो भन्ने मत सन्ध्यारानीले गाउलेसँग राखेकी छन् । वर्तमान समाजको रीत संस्कार सन्ध्यारानीका छोराछोरीले पनि अँगालेकाले आफू भएको र नभएको कुनै अर्थ नभएको पनि बताएकी छन् । सन्ध्यारानीले यस्ता कुराहरु गरेपछि जिम्मालले न्याय दिन सकेका छैनन् । गैरकानुनी निर्णय भएकाले जेलमा थुन्ने कुरा गरेका छन् । समाजका अनेकौं दुर्वाच्य लाञ्छनाका अगाडि सांसारिक मापदण्डहरूको कुनै मूल्य नभएकाले केही फरक पर्दैन भनी जवाफ दिएकी छन् ।

गाउँघरका सबै उपाय निरर्थक भएपछि गाउँलेहरूले मनोचिकित्सक कहाँ पुऱ्याउँछन् । त्यहाँ मुखनिर हुन्छ भन्ने वाचा गरे पनि फेरि आफ्नै ढिपी छोडेकी छैनन् । धामी, झाँकी, मठमन्दिर, ज्योतिष जहाँ पुऱ्याए पनि हुन्छ भन्ने तर पछि आफ्नो निर्णय छोडिनन् । 'भाग्य रेखाले छले छुरीले नयाँ भाग्य रेखा कोर्छ भन्नेहरुलाई केहीले छेक्दैन' भन्ने नेपोलियनको विचारजस्तै सन्धारानीले विजयदशमीको साइत हेर्ने नपर्ने जिकिर गर्छिन् । सन्ध्यारानीको छोरा अनुपम र जिम्माल दशैंको टीकाको साइत बिथोलिनु हुँदैन भन्ने उद्देश्यले उनीकहाँ पुग्छन् । सीता, कृष्ण र सतीदेवीले पनि आत्महत्या नै गरेकी हुन् त्यसैले आजको दिन अशुभ हुँदैन भनी जवाफ दिन्छिन् । यस्तो जवाफ सुनेका जिम्मालले सन्ध्यारानीलाई बाँच्ने आदेश  दिन्छन् । अर्घ दिइरहेका लोटाले जिम्मालका टाउकामा हिर्काउँछिन् र भाग्छिन् । जिम्मालका मान्छेहरू पछिपछि लाग्छन् । मर्न हिँडेकी मान्छे किन ज्यान जोगाउन भौं दौडिरहेकी छन् भन्ने कुरा जिम्मालका मान्छेलाई अचम्म लाग्छ । नारद ढुङ्गाको किनारमा वरिपरिबाट सबैले घेरिसकेपछि जोडजोडले कराउँदै भन्न थाल्छिन् । "बावु खाइस्" भन्ने मेरी छोरीलाई 'बाबु खाने' त्यो मृत्युलाई इस् भन्न उसकै घरमा जान लागेकी छु, भन्दै नदीमा हामफाल्छिन् । सन्ध्यारानीको जीवन समाप्त भएसँगै कथाको अन्त्य हुन्छ ।

**पात्र/चरित्र:** यस कथाकी पात्र चरित्रमा सन्ध्यारानी, अनुपम, अञ्जली, अविनाश, सासूससुरा, गाउँले जिम्माल बा, डाक्टर, ज्योतिष र धामीझाँक्री रहेका छन् । यस कथाकी केन्द्रीय पात्र सन्ध्यारानी हुन् । यस कथाकी नारी पात्र गतिशील, सत्चरित्र, बद्ध र मञ्चीय पात्र हुन् । उनको स्थान यस कथामा सुरुदेखि अन्त्यसम्म नै रहेको छ । सत् पात्रको भूमिकामा रहेकी सन्ध्यारानी न्यायका लागि निडर हुनुपर्छ भन्ने कुरालाई चरित्र चित्रण गरेकी छन् । सहायक

पात्रमा अञ्जली, अविनाश र जिम्माल रहेका छन् । जिम्मालको भूमिका कथाको मध्यबाट अन्त्यसम्म रहेको छ । उनकै सहयोगमा केन्द्रीय पात्रको भूमिका अगाडि बढाउन सहयोग भएको छ । अविनाश अञ्जली छोराछोरीको भूमिका निभाउन आएका हुन् । उनीहरुको भूमिका वर्तमान समयमा आमाबुबाले अथाह सङ्घर्ष गरी हुर्काउँछन र तिनै आमाबुबाको हरपल दुःख सुखमा मलम नबनी आगो बन्ने छोरा छोरीको भूमिकामा उभिएर खल चरित्रका रूपमा उपस्थित छन् । सासूससुरा डाक्टर, ज्योतिष, धामीझाँक्री गौण पात्रका रूपमा रहेका छन् । उनीहरुको भूमिका कथामा कहीँकतै प्रसङ्गअनुसार मात्रै उल्लेख गरिएको छ । मानवेतर पात्रका रूपमा आकाशमा उडिरहेका चराचुरुङ्गी, नदी आएका छन् । यो कथा एक विधवा नारीको अन्तर्वेदना र सङ्घर्षको कथा हो । जीवनले चरम निराशा अनुभव गरिसकेपछि कसैको कुराले रोक्न सक्दैन भन्ने यस कथाको भावलाई पात्र चरित्रले देखाउन खोजेका छन् ।

**परिवेशः** 'उनी योगमाया भइन्' यस कथाको परिवेशमा पानीखेतको एक गाउँ आएको छ । जुन समाज समयअनुसार परिवर्तन हुनसकेको छैन । नदी, वन, खेतहरू, आकाश आदि परिवेशहरु कथामा आएका छन् । परिवेशका रूपमा समय उल्लेख गरिएको छैन । 'छोराछोरीको हरेक खुसीका लागि एक आमाले अथाह सङ्घर्ष गर्छिन् । घर, गाउँसमाजका कटु वचनले कुँडिए पनि छोराछोरी नै सबथोक ठानी मरिमेटी गर्छिन् । तिनै छोराछोरी नै हातखुट्टा लागिसकेपछि एउटी आमालाई बुझ्न नसकी कटु वचन लाउँछन् । वर्तमान समयमा यो नै हरेक आमा बुवाको चरम निराशा बनेको कुरा यस कथामा देखाउन खोजिएको छ ।

**दृष्टिविन्दुः** यस कथाको कथानकलाई कथाकार नेपथ्यमा बसेर कथानकलाई पात्र चरित्रद्वारा अगाडि बढाइएको छ । पात्र चरित्रद्वारा कथानक अघि बढेकाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष रहेको छ ।

**भाषाशैलीः** 'उनी योगमाया भइन्' : कथाको भाषा सरल छ, सहज छ । यस कथाको भाषाशैली समाजको यथार्थ प्रस्तुत गर्ने खालको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । कहीँकतै जिम्माल र सन्ध्यारानीका बिचमा संवादका रूपमा कुराकानी आएका छन् । "म तिम्रो छोराछोरीको कुरा गरिरहेको छु ।" (पौड्याल ;२०७६ : ९९) "झ्यालखानाका लाछी पुलिसले के गर्न सक्छन् जिम्मालबा ? कुटछन्, पिट्छन र म महिला

भएकै कारणले सायद ममाथि बलात्कार गर्छन । हद भए मार्न सक्छन् मृत्युका लागि त म तयारै छु ।" (पौड्याल ; २०७६ : १०१) गाउँघरमा बोलिने गाउँले भाषाको प्रयोग भएको छ । विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेर सन्ध्यारानीको कथाको भाषा मिठासपूर्ण रहेको छ ।

**उद्देश्यः** 'उनी योगमाया भइन्' कथाको उद्देश्य समाजमा रहेका विधवा नारीहरुको स्थिति के- कस्तो छ त्यसलाई स्पष्ट रूपमा देखाउनु हो । एक नारीले आफ्नो श्रीमानको मृत्युपछि धेरै शोकमा डुबे पनि छोराछोरीको लालनपालनमा कुनै पनि किसिमको कमी नहुने उद्देश्य राखी छोरीछोरी हुर्काउँछिन् । त्यस्तो दुःखमय अवस्थामा गाँउसमाजमा विधवा महिला-प्रतिको दृष्टिकोण, घरपरिवारको अनेकौं दुर्वचन, समाजका व्यक्तिको कुदृष्टि सबैलाई पन्छाएर छोराछोरी नै सबथोक सम्भी सबै बिर्सेर बाँच्नुपर्छ भन्ने साहस लिएर हिँड्छन् । जब छोराछोरी हुर्केर बढेर केही गरी खानसक्छौं भन्ने हुन्छन त्यति दुःख गरी हुर्काएकी आमालाई बिर्सन्छन् । त्यहीँ गाउँ समाजको संस्कार सिक्छन् । त्यस्तै किसिमका वचन लाउँछन् । यस्तो व्यवहार आमालाई सहन गाह्रो हुन्छ । यो नै आफ्नो जीवनको चरम निराशा हो भन्ने ठान्छिन् । आफू छोराछोरीबाट हेला भएर बाँच्नुभन्दा आत्महत्या नै राम्रो बाटो हो भन्ने निर्णय लिन्छन् । जति दुःख भए पनि एक नारीलाई सन्तान छोडेर जान धेरै अप्ठ्यारो हुन्छ । छोराछोरीलाई आमाप्रतिको दुःखमा कत्ति पनि सहानुभूति हुँदैन । वर्तमान समयमा हाम्रो "समाजमा रहेको यस्तो खालको परिवेशले सम्पूर्ण बाआमालाई छोराछोरी हुर्केपछि छोराछोरीको व्यवहारले बाँच्नुको अर्थ नभएको महसुस गराएको छ । त्यही कुरालाई सन्ध्यारानीको कथामार्फत देखाउन खोजिएको छ ।

**शीर्षक सार्थकता** : 'उनी योगमाया भइन्' कथाको शीर्षक सार्थक छ । यस कथाकी पात्र सन्ध्यारानी एक नारी हुन् जसले आफ्नो जीवन कष्टपूर्ण तरिकाले जिएकी छिन् । जसको निम्ति जीवन दुःखगरी बिताएकी थिइन् तिनैले लगाएको आक्षेप उनलाई साह्रै असह्य भएको छ । समाजमा विधवा नारीलाई हेर्ने दृष्टिकोण उनीहरूको स्थान घरपरिवार गाउँलेको तिरस्कार सहँदै आफ्नो सन्तानलाई हुर्काएकी छिन्, बढाएकी छिन् तर तिनै सन्तानलाई जस्तो शिक्षादीक्षा संस्कार दिए पनि त्यही समाजजस्तै बनेका छन् । समाजका विचारहरूमा परिवर्तन नपाउँदा आफ्नो जीवनमा आएका कष्टलाई निराशामा बदलेकी छिन् । नारीलाई हेयका दृष्टिले नारीले नै हेर्छन् । शिक्षादीक्षाले पूर्ण भए पनि समाजका विभिन्न लाञ्छनाले अपहेलित भएर बस्नुपर्छ । समाज सुधार्ने उद्देश्य लिएर हिँडेकी योगमाया, जसले

सन्ध्यारानीकै जस्तो जीवन भोगेकी थिइन् । सन्ध्यारानीकै जस्तो चाहन्थिन तर कहिल्यै परिवर्तन हुन सकेन । समाजमा पुरुषत्व कायम भएकाले उनको केही लागेन । नारीले नारीको पीडा बुझ्न सकेनन् । अन्धविश्वासलाई नै विश्वास गर्छन् । नारीले नारीको पीडामा साथ दिनेभन्दा रुँदा खुसी हुने रम्ने गर्दा  पीडामा रहेका महिलालाई झनै घाउमाथि नुन छर्केझैँ महसुस गर्छन् । योगमाया समाजमा रहेका महिलाले भोगेका यथार्थ कुरालाई चर्को आवाज उठाई नारी हकहितका लागि अघि बढेकी महिला हुन् । त्यस्तै सन्ध्यारानीले पनि आफू मरेर गए पनि निकै सन्देशहरू त्यो समाजमा छोडेर गएकी थिइन् । त्यस्तै सन्ध्यारानीले पनि धेरै कुरा कथाका माध्यमबाट सिकाएकी छिन् त्यसर्थ यस कथाको शीर्षक उनी योगमाया भइन् सार्थक र अर्थपूर्ण रहेको छ ।

### ७. हुलाकी

**कथानक:** तराईको सुलुबुङमा एक परिवार बस्थ्यो । त्यहाँका मानिसहरू दिनगुजाराका लागि विदेसिन्थे भनेसँगै कथाको सुरुवात भएको छ । आदि, मध्य र अन्त्यको रैखिक शैलीमा कथानक अघि बढेको छ । प्रजातन्त्र आएसँगै हुलाकीले काम पाएको छ । गाउँकै एक दुलही मर्नुको अन्तर्कथा हुलाकीले थाहा पाएको छ । विदेशबाट पठाएका चिठी हुलाकीले नै पढिदिने गर्छ । बाआमाले दाइजो दिन नसकेका कारण श्रीमान्ले र सासूले दुर्व्यवहार गरेको कुरा भन्ने गर्छन् । हुलाकी भएकाले कयौँका अवाञ्छित गर्भपतन, छोडपत्र, जग्गा विवाद, ज्यान मार्ने धम्की आदि कुराहरु सबै थाहा पाउने गर्दछ । आवश्यक नभएसम्म केही कुरा नगर्ने बानी हुलाकीमा हुन्छ । हुलाकी जागिरका पनि धेरै जोखिमहरु हुन्छन् । सुलबुङको दुर्गम भेगमा हुलाकीका लागि निकै कठिनाइहरू हुन्छन् । तराईतिर बाट त्यहाँ गएकाले हुलाकीलाई अलि कठिनाइ हुन्छ । हुलाकी त्यस्तै समस्याको कठिनाई गर्दै अगाडि बढ्छ । त्यसअघि पनि त्यहाँ हुलाक नभएका पनि होइनन् । आम जनतालाई शिक्षा वर्जित भएकाले धेरै चिठी नलेखिने र हुलाकीको त्यसअघि खासै अर्थ पनि हुँदैन । २००७ सालपछि देशमा राणा शासनको पतन भएपछि २०४६ को जन आन्दोलनपछि मानिसहरु हिँडडुल गर्न थाल्छन् । देशभित्र चिठीको मह□व ह्वातै बढ्न थाल्छ । अनौपचारिक शिक्षाको मह□व बढिरहेको बेलामा कामको खोजीमा युवाहरू भारत, मलेशियातिर जानेक्रम बढ्छ । हरेक दिन दुध बेच्न जाने व्यापारीसँगै हुलाकी पनि आहोरदोहोर गर्दछ । १० बजे कार्यालयमा पुग्ने हिसाबले ऊ सधैँजसो एकै समयमा हिँड्ने गर्छ । सोचेभन्दा अगाडि चिठी पुऱ्याउँदा

प्रभावकारी हुने ठान्छ । त्यतिबेलाको समय फिलिप्स रेडियो सुन्ने, राजारानीका फोटा घरमा टाँस्ने, चलन हुन्छ । मानिसहरू देशमा भएको असल र विसङ्गतका कुनै कुराको जानकारी लिन चाहँदैनन् । बारीमा फट्याङ्ग्राले पुर्‍याएको नोक्सानी, लोक्ने स्वास्नीको कुटाकुट, किसानकी छोरी मुखियाका छोरासँग बसेका घटना आदिसँग चासो राख्छन् । देशको, दुर्घटनाको खबरहरू हुलाकी नै सुनाउने गर्दछ । घरबाहिर परदेशिएका युवाहरूको चिठी ऊ नै पढिदिन्छ । चिठीमा निकै भावुक अभिव्यक्तिहरु हुन्छन् । उसले ती सबै कुरालाई बुझ्रेर मिलाई मिलाई पढिदिन्छ । प्रेमप्रसङ्गका कुरा, लिनेदिने कुरा, जन्म मृत्युका कुरा हराएका, भेटिएका कुराहरू सबै कुरा चिठीमा भएकाले त्यसका बारेमा सबैकुरा थाहा पाए पनि  सबै कुरालाई बुझ्रेर मात्र कुरा गर्ने गर्छ ।

केही समयपछि सुलुबुङमा विकास भई परिवर्तन आउँछ गाडी चल्न थाल्छन् । मा.वि. विद्यालय उच्च बन्छन् । बिजुली बत्तीको सुविधा हुन्छ । टेलिभिजनबाट समाचार प्रसारण हुन्छ । त्यसपछि हुलाकीको काम घट्दै जान्छ । हप्तादिनमा एकदिन मात्रै गए पनि हुन्छ । देशविदेशमा गएर काम गर्नेको चिठी धागोले बाँधेर आउँछन् । सुलुबुङ्को विकास परिवर्तनपछि हिंसाका घटना बढ्न थाल्छन् । गाउँ भन्नु त केटाकेटी, बुढाबुढी र अपाङ्गको घर बन्न पुग्छ । यस्तो दुर्दशा देख्दा सुन्दा हुलाकी दिक्क मान्छ । समयसँगै आएको परिवर्तनले हुलाक सेवा धराशयी बन्न पुग्छ । हुलाकीको परिचय उसको काम हुन्छ । काम नै धरापमा परेपछि निकै चिन्तित बन्छ । हुलाकीका बचेका दिनहरु र रातहरू शताब्दी जति लामा भएर बित्छन् । काम नचलेपछि हुलाकीले सुलुबुङ् छोडेर जानुपर्ने देखिन्छ । ऊ परिवारसहित त्यहाँबाट निस्कन्छ । घर मालिकले घर खोलेर हेर्छन् । त्यहाँ एकजोर कपडा भेटिन्छन् । त्यहाँ एक अज्ञात किशोरको चिठी पाउँछन् । चेलीबेटी बेचबिखनमा संलग्न व्यक्तिले समय र स्थान उल्लेख गरी टिकट काटिएको कुरा उल्लेख गरी लेखिएको चिठी पनि भेटिन्छ । त्यो देखेपछि चौकिदार प्रहरी चौकी पुगेर प्रहरी ल्याई आउँदा उसका विस्तारामुनि धेरै चिठीहरू चपाएर फालिएको भेटिन्छ र तीस वर्षसम्म सुलुबुङ  किन शान्त रह्यो भन्ने कुरा थाहा पाउँछन् । हुलाकीको व्यवहार घरबेटीले र प्रहरीले थाहा पाएसँगै कथाको अन्त्य भएको छ ।

**पात्रचरित्रः** 'हुलाकी' कथाका पात्र चरित्रमा हुलाकी, हुलाकीको परिवार चौकीदार, घरमालिक मानिस, प्रहरी, रामअवतार रामअवतारकी आमा र श्रीमती रहेका छन् । मानवेतर पात्रका

रूपमा गधाहरू आएका छन् । यस कथाको प्रमुख पात्र हुलाकी हो उसकै जीवनकथामा कथा अगाडि बढको छ । हुलाकी यस कथाको पुरुष पात्र, सत्पात्र, मञ्चीय पात्र, गतिशील र अनुकूल पात्र हो । हुलाकीको परिवार र गाउँका मानिसहरू र गाउँका मानिस सहायक पात्र हुन । सहायक पात्रको सहयोगले प्रमुख पात्रको भूमिकालाई अगाडि बढाउन मद्दत गरेको छ । रामअवतार, आमा र श्रीमती यस कथाका गौण पात्र हुन् । यिनीहरूरुको भूमिका कथाको कुनै एक प्रसङ्गमा मात्र आएको छ । प्रजातन्त्रपछि प्रख्यात भएको हुलाकी समय परिवर्तनका कारण धराशयी बनेको छ ।  आफ्नो पेसा जोगाउन र समाजमा चुप रहँदा सबैलाई भलो हुन्छ भन्ने मनशायले चुप रहन बाध्य भएको पात्र हो । चुप रहँदा गाउँमा आतंक पनि मच्चिँदैन र आफ्नो पेसामाथि शत्रुता पनि बढ्दैन भन्ने सोच हुलाकीमा रहेको छ ।

**परिवेश** :- 'हुलाकी' कथाको परिवेशका रूपमा सुलुबुङको गाउँ आएको छ । गाउँमा भएको स्वास्थ्यचौकी, विद्यालय, प्रहरीचौकी, हुलाक घर, गाउँको घरखेत, रुखबिरुवा, जङ्गल नदी र बाटोघाटोको चर्चा कथामा गरिएको छ । समयको आधारमा २००७ सालमा प्रजातन्त्रको घोषणालगतैको समय भनी उल्लेख गरिएको छ । २००७ सालपछि  प्रजातन्त्रको उदय भयो सूचनाको आदानप्रदानको मुख्य साधनका रूपमा चिठी पत्र लेखिए हुलाक सेवा फस्टायो । धेरै व्यक्तिहरूले हुलाकी भएर सेवा गरे तर समय परिवर्तन भएपछि यो लोप भएको कुरा परिवेशको रूपमा उल्लेख गरिएको छ ।

**दुष्टिविन्दुः** 'हुलाकी' कथाको दृष्टिविन्दु तृतीय पुरुषको रहेको छ । यस कथाका कथाकार नेपथ्यमा बसी पात्रचरित्रद्वारा कथानक अघि बढाइएको छ । हुलाकीका माध्यमबाट अरू पात्रको सहयोगमा यस कथाको कथानक अघि बढेको छ ।

**भाषाशैलीः** यस कथाको, भाषाशैली सरल र सहज छ । तत्सम, तद्भव र आगुन्तक शब्दको प्रयोगका साथै अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । कथाको सुरुवातमा हुलाकीले गाउँका मानिसको बारेमा कुराहरू थाहा पाएको र कथाको अन्त्यमा गाउँलेहरूले हुलाकीका बारेमा यथार्थ थाहा पाएको सन्दर्भ रहेको छ ।

**उद्देश्य** :- 'हुलाकी' कथाको उद्देश्य २००७ सालपछि ह्वात्तै बढेको चिठीपत्रको मह□व बुझाउन र विकास परिवर्तनसँगै चिठीपत्रको मह□व नै लोप भएको कुरा स्पष्ट पार्नु रहेको

छ । सूचना दिने र ल्याउने हुलाकी चिठीपत्रको आदानप्रदान लोप भएसँगै पेसा पनि लोप भएको कुरा यस कथामा उल्लेख गरिएको छ । सूचना दिने व्यक्ति सचेत रहेमा गाउँमा शान्ति हुने रहेछ । व्यक्तिभन्दा प्रिय व्यक्तिको काम रहेछ । काम गर्दा तड़कभड्क सुझेर-बुझेर नगरे धेरै समस्याहरू आउने रहेछन् । विकृति विसङ्गतिले चर्को रूप लिएको अवस्थामा उनीहरूमाथि जाइलाग्नु राम्रो होइन । जनताका लागि केही गर्छौं भनी प्रजातन्त्रको स्थापना भए पनि गुपचुप रूपमा धेरै विकृति विसङ्गतिले भित्री जालो तोडिएको थिएन भन्ने कुरा यस कथाले दर्शाउन खोजेको छ ।

**शीर्षक सार्थकताः** "यस कथाको शीर्षक हुलाकी रहनु सार्थक छ । चिठीपत्र, सूचना जानकारी ल्याउने पुऱ्याउने पेसामा आबद्ध मानिसलाई हुलाकी भनीन्छ । यस कथाको प्रमुख पात्र हुलाकीको काम चिठीपत्र पुऱ्याइदिने ल्याइदिने रहेको छ । २००७ सालपछि मानिसहरू पैसा कमाउनका लागि देश विदेश जान थाले । घरमा जानकारी दिने अरू माध्यम नभएकाले चिठीपत्र नै त्यतिबेला उपयुक्त भयो । सबै पढेलेखेका नहुनाले चिठी सजिलो माध्यम बन्न पुग्यो । हुलाकीले हुलाक घरमा चिठी खसालीदिने र देशविदेशबाट आएका चिठीपत्र सम्बन्धित घरमा पुऱ्याई खबर दिने प्रचलन व्यापक रूपमा रहयो । रेडियो, टेलिभिजन पत्रपत्रिका आदिको विकास नभएको अवस्थामा हुलाकी पेशा एकदम राम्रो थियो । विकासका परिवर्तनसँगै सञ्चारका क्षेत्रमा पनि परिवर्तन आएपछि अरू माध्यमबाट सूचना आदानप्रदान हुन थाले र हुलाकी पेशा धरापमा पऱ्यो । चिठीपत्र लेखिन छाडे । पहिले गाउँघरमा सूचना दिने व्यक्तिका रूपमा परिचित हुलाकी कामले परिचित हुन्थे । काम नै सकिएपछि उनीहरुको परिचय नै लोप भयो । कहाँ गए, कहाँ बसेका छन् । त्यसको अत्तोपत्तो नै छन । कामले परिचित हुलाकीहरू काम नै नपाउँदा उनीहरूको परिचय लोप भएको कुरा कथामा उल्लेख गरिएकोले 'हुलाकी' शीर्षक रहनु उपयुक्त छ ।

८. ताल्चा

**कथानकः** अनुपम राणाले धेरैवर्षदेखि हेर्दै आएको विद्यालय श्री बालहित आवासीय माध्यमिक विद्यालय अरू विद्यालयको दाँजोमा धेरै अघि छ भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । त्यही चर्चाका कारण अनुपमले पनि आफ्ना दुवै छोरी त्यही भर्ना गरेका छन् । विद्यालयले बेला बेलामा विभिन्न साहित्यिक कार्यक्रम गर्छ । नाम चलेका कलाकार आई आफ्ना सिर्जना व्यक्त गर्दछन् । विद्यालयका राम्रा क्रियाकलापले अनुपमले आफ्ना छोरीहरू पनि भविष्यमा

असल मान्छे बन्नेछन् भन्ने आशा राखेका छन् । छोरीहरू पढाइमा पनि अब्बल छन् । एक्कासि विद्यालय बेचियो भन्न सुनिन्छ । यसले अभिभावक र विद्यार्थीलाई केही असर गर्दैन । मालिक फेरिने भए पनि व्यवस्था त्यही रहने भएकाले फरक पर्दैन भन्ने निष्कर्ष निस्किन्छ । अनुपमले स्कुलमा बच्चाहरू कुँदेको, उफ्रेको कराएको खुब हेर्न रुचाउँछन् । यसो गर्दा अनुपमलाई समय बितेको थाहा हुँदैन । नयाँ व्यवस्था आएकोले सबै कुद्ने, कराउने, उफ्रने काम बन्द हुन्छ । विद्यालय ध्यान केन्द्र जस्तो हुन्छ । पहिलेझैं विद्यालय चौतारामा केटाकेटी भेटिँदैनन् । सबै बुद्धजस्ता शान्त देखिन्छन् । बच्चाहरू नबोल्दा घर गाउँ नै शून्य देखिन्छ । अभिभावकहरू विद्यालयले ठिक्क पारेकाले राम्रो भयो भन्ने सोचाइमा छन् । यो कुराले अनुपमलाई चिसो पस्छ । सधैं परीक्षामा सर्वोत्कृष्ट नम्बर ल्याई प्रथम हुने छोरीहरूको त्यो परिवर्तनले अनुपम चकित पर्छन् । विद्यालयले एकपटक र्‍याली निकाल्ने योजना बनाउँछ । त्यो र्‍यालीमा अनुपमले आफ्ना छोरीहरूलाई उत्कृष्ट देख्ने आशा गर्छन् । त्यतिबेला छोरीहरू राजनेताजस्ता देखिनेछन् भनी कल्पना गर्छन् । कल्पना गर्दागर्दै नाराहरुका साथ र्‍याली गुञ्जन थाल्छ । हतपत कौशीमा आएर हेर्न थाल्छन् । करिब तेह्रऔं पालीमा उनका छोरीको विद्यालयको र्‍याली रहेको छ । र्‍याली कसैको शवयात्रामा हिँडेको जस्तो मौन देखिन्छ । नारा लगाउने उनकै छोरी हुन्छिन् । विद्यालयका सम्पूर्ण शिक्षक, प्रमुखहरू विद्यार्थी सँगसँगै हिँडेका हुन्छन् । लामो लाइन, हातखुट्टाको एउटै ताल हुन्छ । अनुशासित विद्यालयको नाममा त्यही विद्यालय पर्छ । अनुपमले छोरीलाई बोलाउँछन् । देखे पनि छोरीले नदेखेझैं गर्छिन् । केही दिनपछि अभिभावक दिवस आयो । अनुपमले पनि निम्ता पाउँछन् । परिचित साहित्यकार भएकाले अतिथिका रूपमा मञ्चको अग्रभागमा आसनग्रहण गर्न जान्छन् । विद्यार्थीहरु मूर्तिवत् रूपमा बसेका हुन्छन् । बुद्धजस्ता धीर र गम्भीर देखिन्छन् । विद्यालयले वार्षिक अतिरिक्त क्रियाकलाप र शैक्षिक गतिविधितर्फका पुरस्कार दिने कार्यक्रम पनि राखेको हुन्छ । सबै पुरस्कार वितरण गरिन्छन् तर यसवर्ष वक्तृत्व, वादविवाद, नेतृत्व क्षमता विवेचना आदि क्षेत्रमा पुरस्कृत हुने विद्यार्थी सङ्ख्या न्यून हुन्छ । विद्यालयले गरेको कार्यभन्दा बाहिर कार्यक्रममा पाएका पुरस्कारहरू हुँदैनन् । प्रधानाध्यापकले हामीले यो वर्ष अनावश्यक विषयमा ध्यान दिएका छैनौं भनी भाषण गर्छन् । अभिभावकले परर ताली पिट्छन् तर विद्यार्थीहरूले ताली पिट्दैनन् । मञ्चमा बोल्नेबाहेक कसैका ओठ खुलेका देखिँदैनन् । कार्यक्रममा पहिले जस्तै नाटक, गीत, नाचगान, रहेनछन् । कार्यक्रममा कुस्ती, तेक्वान्दो, बक्सिङ् कण्ठ गरेका कविताहरू सबै नतमस्तक हिसाबले देखाउँछन् । ‘पिँजडाको

सुगा', रामायणको सुन्दरकाण्ड' जस्ता कविताहरू फरर भनेको सुन्दा अभिभावक छक्क पर्छन् । प्रस्तुति दिँदा बच्चाहरूले दायाँबाया कहीँ पनि हेर्दैनन् । निहारिकाको स्टेजमा आउने पालो आउँछ । सिर्जना क्लबकी अध्यक्ष भएकाले क्लबको प्रगति विवरण सुनाउने काम हुन्छ । छोरीले बोलेको अनुपमले मोबाइलमा रेकर्ड गर्छन् । निहारिकाले चारैतिर हेर्छिन् । स्कुल सञ्चालकका आँखामा पुगेर ठोक्किन्छिन् । इतिहासकै पहिलो कन्दराबाट पहिलो मान्छेले बोलेजस्तो आवाज आउँछ । पछाडि बसेकाले त्यो आवाज सुन्दैनन् । निहारिकाका हातमा लिखित र सीमित भाषण हुन्छ । छोरीको भाषण हेरेका अनुपमले छोरीलाई वकिल बनाउने सपना हार्छन् । वकिल बन्ने छोरी दुर्बल बहसमा देखिँदा अनुपमले अब अर्को विद्यालय फेर्ने निर्णय गर्छन् । बाबाको निर्णयले छोरीहरू खुशीले नाचेसँगै कथाको अन्त्य भएको छ ।

**पात्रचरित्रः-** यस कथाका पात्रचरित्रमा अनुपम, अनुपमकी श्रीमती सुधा, छोरी निहारिका र स्मृति, गाउँले स्कुले केटाकेटीहरू, स्कुलका प्रअः, शिक्षकहरू रहेका छन । यस कथाका कथाकार नेपथ्यमा बसेर पात्रचरित्रद्वारा कथा अघि बढेको छ । यस कथाका प्रमुख पुरुष पात्र अनुपम हुन् । उनको सहभागिता कथामा सुरुदेखि अन्तसम्म रहेको छ । सत्पात्रको रूपमा अनुपमको सक्रिय सहभागिता रहेको छ । अनुपम यस कथाका मञ्चीय, गतिशील, अनुकूल, पात्र हुन् । सहायक पात्रका रूपमा सुधा, निहारिका र विद्यालयका प्र.अ रहेका छन् । सहायक पात्रको भूमिकाले कथा अन्त्यसम्म पुऱ्याउन सहज बनाएको छ । कथानकअनुसार उनीहरूको भूमिका मञ्चीय नै छ । गौण पात्रमा गाउँले, स्मृति, स्कुले केटाकेटीहरू रहेका छन् । उनीहरूको भूमिका कथामा प्रसङ्गअनुसार कहीँकतै मात्र आएको छ ।

**दृष्टिविन्दुः** यस कथाको कथाकार नेपथ्यमा बसी पात्रचरित्रको माध्यमबाट कथाको घटनाक्रम अघि बढाइएको हुँदा यस कथाको दृष्टिविन्दु तेस्रो पुरुष रहेको छ ।

**परिवेशः** 'ताल्चा' कथाको परिवेशका रूपमा काठमाडौँको परिवेश र त्यहाँ वरिपरि रहेका मन्दिरहरू आएका छन् । मुख्य परिवेश बुझाउनका लागि श्री बालहित आवासीय माध्यमिक विद्यालय र त्यही परिसर वरिपरि रहेका १५ ओटा विद्यालयहरू रहेका छन् । २०३७ साल पछिको समयका निजी विद्यालयको अवस्थालाई चित्रण गरिएको छ ।

**भाषाशैलीः** 'ताल्चा' कथाको भाषाशैली, सरल र सहज छ । कथामा अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । फरर, हुरुक्क, पुलुक्क, पुलकित, वाल्ल आदि रहेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनको कथालाई सुन्दर बनाएको छ । कथामा

एकलापीय र संवादात्मक रूपमा कुराकानीका वाक्य पनि आएका छन् । “अहिले तर व्यस्त हुनुहुन्छ ।” “मेरो नाम भन्नू न” हैट, अहिले त सकिँदैन सर । गाली खाइन्छ । मिलिटरीको मान्छे पो त” (पौड्याल ; २०७६ : १४१)

**उद्देश्यः-** यस कथाको उद्देश्य समसामयिक परिवेशमा निजी विद्यालयले अनुशासनका नाममा बालबालिकालाई शान्त राख्ने प्रवृत्तिले उनीहरूमा, डर, त्रास र सङ्कोचहरू बढिरहेको छ भन्ने कुरालाई देखाउन खोजिएको छ । घोकन्ते विद्याले सर्वोत्कृष्ट अङ्क ल्याउँदैमा विद्यार्थीको भविष्य अब्बल छ भन्न सकिँदैन । त्यस्ता विद्यार्थी अरूसम्मुख प्रतिस्पर्धा गर्दा असफल हुन्छन् । व्यवहारमुखी र सिर्जनशीलतामा अभ्यस्त बनाउनुको साटो घोकाइ र रटाइले विद्यार्थीको पढाइ उपलब्धिपूर्ण छैन । उनीहरू देशका लागि योग्य व्यक्ति बन्न सक्दैनन । मार्कसिटमा $A^+$ आए पनि व्यवहारमा सधैँ डर, त्रास, सङ्कोच रहिरहनेछ । व्यावहारिक हुन नसकेको शिक्षाले जीवनलाई उँधोतिर धकेल्छ । जहाँ समस्या, छलफल कुराकानी, हल्ला पछि निष्कर्ष निकाल्दा त्यो छापले बालबालिकामा सकारात्मक प्रभाव पार्छ । शान्त परिवेशमा समस्याको समाधान शिक्षकबाटै भएपछिको त्यो सिकाइ घोकाइ रटाइमा मात्र सीमित हुन्छ । व्यवहारमा प्रयोगमा रहँदैन । मार्कसिटको उच्च अङ्कले बालबालिकाको भविष्य उज्वल बन्न सक्दैन । उनीहरूमा तर्क वितर्क गर्न सक्ने क्षमताको कमी हुन्छ । बोल्न हिचकिचाउँछन् । तसर्थ यस्तो शिक्षा बन्द गरिनुपर्छ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

**शीर्षक सार्थकता :-** ‘ताल्चा’ कथाको शीर्षक ताल्चा रहनु सार्थक छ । ‘ताल्चा’ भन्नाले ढोका, बाकस आदि बन्द गर्नका लागि बनाइएको फलाम वा पित्तलको यन्त्र भन्ने बुझिन्छ । यस कथामा स्वतन्त्रता र शिक्षाका लागि खोलिएको विद्यालय जहाँ स्वतन्त्रता र व्यावहारिक शिक्षा दिन छोडिएपछि विद्यालयप्रतिको सकारात्मक धारणालाई अनुपमले सधैँका लागि, ढोका बन्द गरिदिएका छन् । यसको अर्थ विद्यालयप्रतिको मोह सधैंका लागि बन्द हुनु वा ताल्चा लगाइनु हो । देशका लागि असल व्यक्ति बनाउने उद्देश्यले हरेक आमाबुबाले बालबालिकालाई विद्यालय पठाउँछन् । तर विद्यालयले अनुशासनका नाममा बालबालिका-लाई स्वतन्त्र हुन दिँदैन । विद्यालयका प्र.अ. शिक्षकको निर्देशनमा मात्र काम गर्नुपर्ने, शान्त हुनुपर्ने, हरपल आज्ञापालन गर्नुपर्ने हुँदा बालबालिका डर, त्रास सङ्कोचमा छन् । घोकाइ र रटाइमा आधारित रहेर हामी उत्कृष्ट छौं भन्ने विद्यालय ताल्चा लगाइदिए पनि फरक पर्दैन

। त्यस्ता विद्यालयले बालबालिकालाई डर, त्रास र सङ्कोचता पैदा गर्न सिकाएका छन् । हरेक आमाबुबाले छोराछोरीमाथि देखेका सपना तुहिएका छन् । स्वतन्त्र पढ्न, खेल्न र भन्न नपाइने विद्यालयमा विद्यार्थीको मनोविज्ञान ठिक हुँदैन । व्यावहारिक शिक्षा र सिर्जनामा रहन नसक्ने हुँदा त्यस्ता विद्यालयप्रति सकारात्मक झुकाव राख्नुहुँदैन । मनदेखि नै त्यस्ता विद्यालयप्रतिको झुकावमा ताल्चा लगायौँ भने राम्रो हुन्छ त्यसैले यस कथाको शीर्षक ताल्चा रहनु सार्थक छ ।

९. भुवन

**कथानकः** भुवनले स्कुल जाने भनेपछि स्कुलमा त्यस्तो केही हुँदैन । बिहान बेलुका मेरोमा काम गर तेरो बिहे मन्त्रीकी छोरीसँग गरिदिउँला भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथा रहेको छ । भुवनको सोझो मन र मस्तिष्क दुवैले मालिकको कुरा सही हो भन्ने ठान्छ । मालिक बाहेक भुवनको आफ्नो भन्नु कोही हुँदैन । दिनभरी भेडा चराउँछ । भेडाले कसैको बाली बिगारेमा वीरवहादुरकहाँ उजुरी गर्न आउँछन् । उजुरीकर्तालाई वीरबहादुर एउटै कुरा भन्ने गर्छ । भूवनको बिहे मन्त्रिकी छोरीसँग गरिदिन्छु । उसले ठेक्कापट्टा मिलाइदिन्छे भन्छ । एकदिन भुवनले मन्त्रिकी छोरी कस्ती छे भनेर सोध्छ । वीरबहादुरले अप्सरा जस्ती छे, सुनकेस्रा छे केशराशिबाट सुगन्धित अत्तरको बास्ना आउँछ र उसका कानमा घाम र जून झुण्डिछन् भन्छन् । एघार वर्ष पुगिसकेकाले भुवन सुन्दरता भनेको के हो भन्ने कुरा बुझ्न सक्ने भएको हुन्छ ।

दिउँसो वाखा चराउन जाँदा दुलहीको चित्र कोर्छ । वीरबहादुरले कखरा र अलिअलि ऐन पढ्न सिकाएको हुन्छ । उत्तिसका रुखमा चढेर 'सानु कसको आँगन कुरेर बसौली, त्यै लाग्छ पिरलो' भन्दै गीत गाउँछ । यही गीत गाउँदै, घर गोठाला हिँड्ने गर्छ । वीरबहादुरले भूवनका लागि छुट्टै कटेरो बनाइदिएका छन् । भेडाको आवाजले भुवन रातभर पनि निदाउन सक्दैन् । भेडाको घाँटीमा भएको धुन सुन्दै कल्पनाकी दुलही सम्झँदै रातहरु बिताउँछ । गोठाला जाँदा पनि कल्पनाकी दुलही सम्झदै बस्छ । भुवन र वीरबहादुरले खाने खाना फरक हुन्छ । मलाई तपाइँले खाने खाना खान मन छ भन्दा मन्त्रीको छोरीले तँलाई मन पराउँदिन भनी वीरवहारदुरले टारिदिन्छ । ऊ शाकाहारी हो भन्ने जवाफ दिन्छ । थोरै मासु र अलिकति साग मनपर्छ होला भन्दा हावामा उडने अप्सरा हो मासुले उसको वजन बढ्छ भन्ने जवाफ दिन्छ । दुध भेडाको मात्र खान्छे भनेर सुनाउँछ ।

दिउँसो गोठाला जाँदा किसान र अरू गोठालासँग खुवै अप्सराका कुरा गर्छन् । किसानहरू उसको व्यवहार देखेर हाँस्ने गर्छन् । कसैले सोधे भने सधैँका वर्षमा ११ वर्षको भएँ भन्ने गर्छ । किसानले जन्मे हुर्केको र बढेको आँखैले देखेको हुनाले तिमी २५ वर्षका भयौँ भन्छन् । साँझ घरमा गई मेरो बिहे गर्ने बेला भयो । मन्त्रिकी छोरी खोजेर ल्याउनू भनी कर गर्छ । वीरबहादुरले २०१ थान भेडा नभए मन्त्रिकी छोरी दुःखी हुनेछे भनेर जवाफ दिन्छ । एकदिन किसानले भुवनको सबै व्यवहारका बारेमा वीरबहादुरलाई भन्छ । भूवनको मगज ठिक छैन यसलाई एकपटक जचाउन लैजानपऱ्यो भनी वीरबहादुरसँगै अनुरोध गर्छ । भेडा एकदिन आफूले हेरिदिने र भुवनलाई औषधी गर्न जानु भनेपछि वीरबहादुरले भुवनलाई अस्पताल लगेर जान्छन् । जँचाएर ल्याउँदा वीरबहादुरले भुवनलाई सामान्य अवस्था रहेको कुरा बताउँछन् ।

केही दिन बितेसँगै भुवन दिनदिन कमजोर हुँदै जान्छ । हिँड्दा लरबरिने, रगत छादने गर्न थाल्छ । भुवनको यस्तो अवस्था देखेपछि उसका साथीहरू उसमाथि दया देखाउन थाल्छन् । जति जे भए पनि उसको खोज खबर गर्ने कोही हुँदैन । भुवनको त्यस्तो अवस्था भएपछि वीरबहादुरले कतै जाने भनेर भुवनसँग सोध्छन् । उसले ज्यादै ढिपी गरेपछि मन्त्रीकी छोरीसँग भेट्न जाने जवाफ दिन्छन् । ऊ खुसीले नाच्छ, उफ्रिन्छ र राम्रा लुगा लगाएर तयार हुन्छ । वीरवहादरले आफूले लगाएको कोट फुकालेर पनि दिन्छन् । वीरबहादुर र भुवन हिँड्दा हिँड्दै, साँझमा कोशी किनारसम्म पुग्छन् । कोशीमा तैरिरहेको डुङ्गा देखाउँदै वीरबहादरले मन्त्रीकी छोरी त्यहाँ डुङगामा बसेर आउँछे । ऊ यहाँ नआएसम्म त यही बस्नु भनेर आफू घर फर्कन्छन् । भुवन असीमित खुसीका साथ नदीमा उँधोतिर हेर्छ । घाम अस्ताउँछ तर मन्त्रीकी छोरी त्यहाँ आउँदिन । माझीले डुङ्गा थन्काउँछन् र घर फर्कन्छन् । नदी किनारमा भएकाले चिसो सिरेटो चल्न थाल्छ । चिसोले उसको शरीरको रगत नै जमाइदिन्छ । एक्कासी आफूअगाडि देखिएको कालो आकृति पनि देख्न छोड्छ । उसले हातको इशाराले कालो आकृतिलाई बोलाइरहेको हुन्छ । भुवनलाई गाह्रो हुँदै जान्छ र नजिकैको कालो आकृतिलाई बोलाउने आशा लिई डुङ्गा नदीमा पसाल्छ । चिसोले अररिएको हातले आग्लो ठेल्न सक्दैन र नदीको बिचमै पल्टिन्छ । भोलिपल्ट बिहान भुवनको मृत शरीर माझीले भेट्टाउँछन् । पुलिसले लासको निरीक्षण गर्छ । उसले लाएको कोटको भित्री खल्तीमा कागज भेटिन्छ । कागजमा सुस्त मनस्थिति, कुपोषणका कारणले लाग्ने रोग,

क्षयरोग र निमोनियाले ग्रस्त भनी लेखिएको हुन्छ । तीनओटा ट्रकमा भेडाहरू भारततिर लग्दै गरेको दृश्य देखिएसँगै कथाको दुःखद अन्त्य भएको छ ।

**पात्रचरित्रः** 'भुवन' कथाका पात्रचरित्रमा भुवन, वीरवहादुर मालिक, गाउँलेहरू, किसान, माझीहरू र गोठालाहरु रहेका छन् । यस कथाका केन्द्रीय चरित्रमा भुवन र वीरबहादुर मालिक रहेका छन् । बाल पुरुष पात्र भुवन र साहु वीरबहादुर पुरुष पात्र हुन् । भुवन बालपात्र, गतिशील, अनुकूल, बद्ध, मञ्चीय र सत् पात्र हो । उनीहरूको भूमिका यस कथामा केन्द्रीय रहेको छ । कथाको सुरुदेखि अन्त्यसम्ममा भुवन र वीरबहादुर मुख्य रूपमा आएका छन् । यस कथाका सहायक पात्रहरू किसान रहेको छ । किसानको भूमिकाले कथालाई अन्तसम्म पुऱ्याउन सजिलो भएको छ । अन्य चरित्रहरुमा गोठालाहरू, गाउँलेहरू, माझीहरू रहेका छन् । मानवेतर पात्रका रूपमा भेडाहरू आएका छन् ।

**परिवेशः** कोशी किनार नजिकैको गाउँ, कोशी नदी, पहाडका खर्कहरू आएका छन् । समयका आधारमा यो कथा आजभन्दा २५-३० वर्ष अगाडिको हो भन्न सकिन्छ । जिम्मालहरूले कुनै गरिब, घरका टुहुरा केटाकेटीहरू पाल्ने, पढाउने, हुर्काउने आश्वासन दिएर ल्याउँछन । उनीहरूलाई गोठालो, हली जस्तो काममा लगाउने र अशक्त भएपछि नहेर्ने परम्परालाई यस कथामा देखाउन खोजिएको छ ।

**भाषाशैलीः** 'भुवन' कथाको भाषाशैली सरल र सहज छ । वीरबहादुर र भुवन बिचमा कुराकानी संवादात्मक शैलीमा आएका छन् । "भुवन, तयारी गर । हामी आज कतै जाने ।" "कहाँ जाने बुवा ?" 'मन्त्रीकी छोरी भेट्न ।' (पौड्याल ; २०७६ : १५१) तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा सुन्दर देखिन्छ । मृत्युलाई मन्त्रीकी छोरी अप्सरा भन्ने बिम्ब दिएका छन् ।

**दृष्टिविन्दु** : यस कथाको दृष्टिबिन्दु तृतीय पुरुषको रहेको छ । कथाकार नेपथ्यमा बसी पात्रचरित्रद्वारा कथाका घटनाक्रम अघि बढाइएको छ ।

**उद्देश्यः-** यस कथाको उद्देश्य बालमनोवैज्ञानिक कथाकार महेश पौड्यालले समाजमा रहेका आमाबावुविहीन बालबालिका कति अपमान र अपहेलित छन् । उनीहरुको दर्दनाशक अवस्थाका बारेमा यहाँ देखाउन खोजेका छन् । अभिभावकत्व ग्रहण गरेका धनाढ्य व्यक्ति बालबालिकाको मर्म बुझ्दैनन् । श्रमशोषण गर्छन् खान, लाउन, उपचार र उनीहरुको

आकाङ्क्षासँग कहिल्यै वास्ता गर्दैनन् । मानवीय व्यवहार गर्न नजानेका जमिनदारहरू कामको लागि मात्रै आफ्नो ठान्छन लोभ देखाउँछन्, फकाउँछन् । जब कमजोरी हुन पुग्यो भने, अनेक जालझेल गरी आफूलाई गाल नपर्ने गरी अलग्गै लगी छोडदिन्छन् । हाम्रो समाजमा यस्ता कयौं बालबालिकाहरु खान नपाई कुपोषणको सिकार भएका छन् । राम्रो खान, लाउन, सबैलाई मन हुन्छ तर ठुला महलमा बस्नेहरू सानाको मन हुँदैन भन्ने व्यवहार गर्छन् । आमाबाबाविहीन बालबालिकालाई कसैले पनि चासो दिँदैन । उनीहरु पढ्न, लेख्न, खान, लाउन उपचार आदि बाँच्नका लागि नभई नहुने कुराबाट समेत वञ्चित छन् भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकता**: 'भुवन' कथाको शीर्षक 'भुवन' रहनु सार्थक छ । यस कथाको प्रमुख पात्रका नामबाट कथाको शीर्षक रहेको छ । अनाथ टुहुरा बालबालिकाले सबै ठाउँमा यही दुर्दशा खेपिरहेका छन् । उनीहरूको काम शोषण हुन्छ । उनीहरूलाई सम्मान गरिँदैन । बालबालिकाको श्रमले मालिक बन्दछन् तर मालिक बनाउन परिश्रम गर्ने व्यक्ति सधैँ दासदासीकै दायरामा बस्नुपर्ने हाम्रो समाजको अवस्था छ । उनीहरूलाई भोकभोकै काम गराउँछन् । न सुत्न राम्रो व्यवस्था हुन्छ, न त राम्रो खान र लाउन बिरामी हुँदा औषधी उपचार नगरी जालझेलद्वारा मार्न तयारी हुन्छन् । सोझा साझा बालबालिकाहरू जे भने पनि त्यो गर्न तयारी हुन्छन् । भुवनकै जीवनकथामा कथानक अघि बढेकाले यस कथाको शीर्षक 'भुवन' रहनु सार्थक छ ।

### १०. पानीमुनिको जून

कथानक बुद्धपूर्णिमाको उज्यालो सँगै कथाको प्रारम्भ भएको छ । बुद्ध पूर्णिमाको दिनमा धार्मिक आस्थाभन्दा बढी त्यहाँको रमणीयता हेर्ने मानिसहरूको घुइँचो लागेको देखिन्छ । समय समयमा बहने चिसो हावाले सबैको मन हरण गर्छ । कोही रोइरहेका कोही छरिएका कोही गीत गाइरहेको र कविता भनीरहेका देखिन्छन् । पूजा गर्नेहरू तलाउमा गई हातगोडा धुन्छन् र मन्दिर प्रवेश गर्छन् । त्यहाँको शान्ति पवित्रता, अहिंसाप्रतिको प्रतिबद्धताले गर्दा साच्चिकै बुद्ध जन्मेको देशको भान हुन्छ । त्यो रौनक हेर्न पुगेको विजयले त्यो परिवेशलाई बाह्रवर्ष लामो युद्ध भएको देश हो कि होइन अचम्म मानी हेरिरहेको छ । यो शान्त प्रकृतिमा कसरी हिंसा पलायो सोच्न थाल्छ । चिसो हावाको तरङ्गमा बजिरहेको बुद्धका मन्त्रहरुले लुम्बिनी नै हो भन्ने अनुभूत गराउँछन् । सधैंका वर्षहरुमा झैं बुद्ध पूर्णिमाको माहोल हेर्न

आउने विजयको यो पाँचो पटक हो । अब जन्मने बुद्ध निर्यातित र नबिदिसिने होओस् भन्ने चाहन्छ । आफ्नै जन्मभूमिमा दुःख गरी बसोस् । आजको झैँ बुद्धको जानकारी दिन जापान, चिन, कम्बोडिया आदि देशबाट भिक्षुहरू नआउन् । हामीले आजको बुद्ध व्यवहारमा भन्दा गीतमा पाएका छौं । यति सुन्दर देशमा बुद्धको जन्मसँगै मान्छे र प्रकृतिको प्रेमालापले मन शान्त बनाउनुपर्छ भन्ने कुरा सोचिरहेको छ । विजय जतिपटक पूर्णिमाको माहोल हेर्न जान्थ्यो त्यतिबेला एक दृश्य देख्थ्यो । एक आइमाई बहुलाई जस्तै कपाल फिँजाएकी, शरीरका लुगा ध्वजापताका भएका खाली पानीमा एकोहोरो हेरेको देखिन्छे । सधैं यो दृश्य देख्नाले विजयको मनमा अनेकौं प्रश्नहरू उब्जेका छन् । के खाँदी हो ? कहाँ बस्दी हो ? रातभरको यस्तो चिसो कसरी कटाउँदी हो भन्ने सोच्छ । भोलिपल्ट भिक्षुसँग उसको बारेमा सोध्छ । ती महिला डेढ वर्षको छोरो पूर्णिमाकै दिन त्यही तलाउमा डुबेर मृत्यु भएकाले त्यसकै शोकमा प्रत्येक वर्ष यहाँ आउने र पानीमुनिको जून हेर्ने र आफँ बोल्ने रहेछिन् । पानीमुनिको जूनमा छोरो, लुकेको छ त्यही बसेको छ भन्ने सोचेर छोरो देख्ने र काखमा राख्ने आशले यहाँ आउँछे र एकोहोरो हेरिरहन्छे भन्ने कुरा भिक्षुले भन्छन् । विजयलाई यथार्थ कुरा थाहा पाएपछि उसको छोरो तलाउमा खोज्न प्रत्येक वर्ष त्यहाँ आउने कुरा रहस्यमयी लाग्छ । यसैमा कथाको अन्त्य भएको छ ।

**पात्रचरित्र:** 'पानीमुनिको जून' कथाको पात्रचरित्रमा विजय, ममता ममताको छोरो, भिक्षुहरू, मन्दिर दर्शन गर्न आउने दर्शनार्थी, विद्यार्थीहरू रहेका छन् । यस कथाका प्रमुख पात्र विजय र ममता आएका छन् । विजय यसकथाको पुरुष पात्र हो । सत्चरित्र भएको बद्ध तथा मञ्चीय पात्र हो । ममता यस कथाकी प्रमुख स्त्री पात्र हो । सत्चरित्र भएकी छोराको वियोगमा बहुलाई जस्ती देखिने ममता मञ्चीय पात्र हो । विजय र ममताको समग्र क्रियाकलापमा कथा अघि बढेको छ । भिक्षु र भिक्षुहरू यस कथाका सहायक पात्र हुन् । प्रमुख पात्रलाई उनीहरुको भूमिकाले अघि बढ्न सहयोग मिलेको छ । दर्शनार्थीहरू विद्यार्थी, ममताको छोरो गौण पात्र हुन् । कथाको कुनै एक प्रसङ्गमा मात्र यिनीहरूको चर्चा भएको छ ।

**दृष्टिविन्दु:** 'पानीमुनिको जून' कथाको परिवेश पूर्णिमाको उज्यालो रातमा बुद्धको जन्मोत्सव मनाउनेहरूको भिड, दर्शनार्थीहरू, त्यहाँको बुद्धको मन्त्र, गीतहरू बजेको, भिक्षुहरूको आवतजावत गरेको, चिसो बतास चलेको, नजिकैको तलाउ आदि रहेको छ । मन्दिर सिँगारेको, मन्त्र गाइएको आवाजहरू रहेको छ ।

**भाषाशैलीः** 'पानीमुनिको जुन' कथाको भाषाशैली सरल र सहज छ । तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा सुन्दर बनेको छ । तत्सम शब्दमा क्रन्दन, मानपेमे हुँ, विडम्बना, अर्धनग्न, शृङ्गार र कायर जस्ता आगन्तुक शब्दको प्रयोग भएका छन् । सिङ्गो शब्दका साथै समूहवाची शब्दहरूको प्रयोग भएको छ । एकलापीय संवाद र संवादात्मक शैलीका वाक्यहरू आएका छन् । जस्तै "फेरि एउटा बुद्ध जन्मे हुन्थ्यो ।" (पौड्याल ; २०७६ : १६२) "बाजे, उफ त्यहाँ बस्ने दिदी कता?" "को ममता ? भिक्षुले हाँस्दै जवाफ  दियो ।" (पौड्याल ; २०७६ : १६२)

**उद्देश्यः** 'पानीमुनिको जून' कथाको उद्देश्य हाम्रो देश बुद्ध जन्मेको देश हो । शान्तिको लागि तपस्या गर्ने बुद्धको देशमा हत्या, हिंसा हुनु हुँदैन । देशको परिस्थिति बिग्रँदा यस्तो शान्त देशमा बाह्रवर्ष युद्ध भयो । हत्या, हिंसाहरू भए । कति काटिए मारिए यो सबै हुनु हाम्रो व्यवहारमा बुद्धले बास नगर्नु गीतमा मात्र बुद्ध हुनु हो । हाम्रो देश शान्तिको प्रतीक हो । यहाँ जन्मेका बुद्धको जानकारी अरू नै देशका शिक्षुबाट किन थाहा पाउने ? हामी आफैँ यस कुराप्रति चासो राखेर सबैलाई बुझाउन सक्ने हुनुपर्छ । यति व्यस्त रहेमा हाम्रा देशका अमूल्य सम्पत्तिका बारेमा सम्पूर्ण नेपाली चुक्नेछौँ । आफ्नो देशको चिन्ता गर्ने, शान्ति चाहने, सबैसँग मिलेर बस्ने हिमाल, पहाड, जस्ता प्रकृतिको रक्षा गरी देशको अर्थतन्त्र बलियो बनाउने छोरा जन्माउने इच्छा अझै मायादेबीलाई छ । त्यो छोरा पहिले थियो । आठ वर्ष-देखि यता पानीमा जून खोज्न हिँडिरहेको छ । छिट्टै त्यो दिनको पर्खाइमा रहेका सम्पूर्ण नेपालीहरू पर्खाइ नै कुरिरहेका छन् । अझै बुद्ध जन्मिन सकेका छैनन् । देश रोइरहेको छ । बुद्धलाई साथ दिने र चिनाउने सबै युवाहरु विदेशिएका छन् । असल सपूतको खाँचो छ । हाम्रो देशलाई हामी नेपाली आफँले चिनाउन सकेनौँ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

**शीर्षक सार्थकताः** 'पानीमुनिको जून' कथाको शीर्षक सार्थक रहेको छ । बुद्ध पूर्णिमाको उज्यालो रातमा एक महिलाले आफ्नो डेढ वर्षको छोरो गुमाएकी छिन् । त्यही छोरो खोज्न प्रत्येक पूर्णिमामा त्यस तलाउ नजिक आउने गर्छिन् तर छोरो भेटेकी छैनन् । आफ्नो आँचलमा लिई सुम्सुम्याउने तीब्र इच्छा छ । पानीमुनिको जुन टिप्न र छोप्न नसकिने कुरा हो । आठ वर्ष पहिले जून टिप्न गएको छोरा नफर्किए पछि एक आमाको जीवन अधुरो र अँध्यारो छ । त्यही छोराको पर्खाइमा रुने गर्छिन् । रोग, भोक, चिसो तातोको परवाह छैन । त्यसैगरी नेपाल आमा पनि देशको परिस्थिति देखेर रोइरहेको र असल बुद्धजस्तै देशको

इज्जत राख्ने छोरो पाउने आशमा छन् । पानीमुनिको जून जस्तै भएको छ नेपाल आमाको स्थिति यस कथाको शीर्षक पानीमुनिको जून रहनु सार्थक छ ।

११. पर्खाल र परेवाहरू

पल्लो घरको भैरुङ्का परेवाले सुकाएको बिस्कुन खाइदिएपछि हजुबाले भैरुङ्सँग कहिल्यै नबोल्ने निर्णय लिएसँगै कथानक आरम्भ भएको छ । आदि मध्य र अन्त्यको रैखिक ढाँचामा कथा अघि बढेको छ । भैरुङ् र हजुरबाको यस्तै सानातिना कुराबाट सम्बन्ध बिग्रँदै गएको छ । मानवीय किटानहरु थाहा नभएका परेवाहरुलाई के पर्वाह । ती परेवाहरु उडेर फेरी हजुरबाको घरमा आइहाल्छन् । भैरुङ्का बिचको वैमनस्यताले हजुरबाले पर्खाल लगाउने निर्णय गर्छन् । पर्खाल लगाए पनि परेवाहरू त्यही पर्खालमा आएर बस्ने गर्छन् । त्यसपछि पनि अति नै भएपछि पर्खालमाथि जाली लगाउँछन् । यस्तै सामान्य कुराबाट कुँडिएको हजुरबाको मन दशौँ वर्षसम्म पनि पलाउँदैन् । भैरुङ्लाई कैयौं आपत विपतले सताउँछ तर हजुरबा जाँदैनन् । "हातखुट्टाका छाला उक्काएर कमाएको अन्न त्यसका सुलीलाई" भन्दै मुर्मुरिन्छन् (पौड्याल ; २०७६ : १६९) ।

एकदिन भैरुङ्कहाँ कोलाहल गरी रोएको आवाज आउँछ गाउँलेहरु आउँछन् । कसै कसैले भैरुङ्की स्वास्नीलाई सर्पले डसेको कुरा सुनाउँछन् । नजाने गाउँको बाटै किन सोध्नु भनी आफ्नो बारीको छेउतिर गएर बस्छन् । धेरै बेरसम्म कोलाहल सुनिन्छ । आउने जाने गाउँलेको भिड लाग्छ । जाँदै नजाने दृढ सङ्कल्प गरी खाना पकाउन थाल्छन् । खाना खाने बेलामा टुको आवाज आउँछ । भैरुङ्की स्वास्नी बितेको थाहा पाउँछन् । हजुरबालाई खाना खाने मन लाग्दैन । बोल्दै नबोल्ने निर्णय लिएका हजुरबाले सङ्कल्प तोड्न सक्दैनन् । मलामी पनि जाँदैनन् । भैरुङ्को घरमा धेरै आपद्विपद्हरु पर्दै जान्छन् । एकदिन भैरुङ्को घर डढ्छ । घरमा भएको सबै धन डढ्छ । सबै गाउँलेहरू आएर सान्त्वना दिन्छन् र सहयोग  गर्छन् । हजुरबा चिहाएरै बस्छन् तर जादैनन् । भैरुङ्ले चुराचान्दपुरमा बसाइँ सर्ने निर्णय गर्छ । ऊ त्यहाँ जाने तयारी गर्न थाल्छ । पोको पुन्तुरा कस्छ । ऊ त्यस गाउँलाई छोडेर जाँदा गाउँलेहरू आउँछन् कसैले सातुचामल, कसैले बाबर, कसैले सय पचास रुपियाँ दिन्छन् । भैरुङ् घरबाट हिँड्दै गर्दा सबैले उसलाई बिदाइ दिन्छन् । पर्खालको फेदैफेद भएर भैरुङ्को परिवार दोबाटोमा निस्किन्छ । हिँडदै गरेको भैरुङ्लाई कसैले भाइ भनेर बोलाएजस्तो आवाज आउँछ । पछि हेर्दा हजुरबा थर्थर काँपिरहेका, ग्लानिले भरिएको

अवस्थामा उभिएका हुन्छन् । यतिका दिनसम्म सँगै बस्यौँ, आज छोडेर गयौ भन्दै भक्कानिए भैरुङ् र हजुरबाका आँखामा बलिन्द्र आँसु आउँछन् । हजुरबाले भैरुङ्लाई दुई काइयाँ केरा दिएर बिदा भएसँगै कथाको दुःखद अन्त्य हुन्छ ।

**पात्र चरित्रः** 'पर्खाल र परेवाहरू' कथाका पात्र चरित्रमा हजुरबा, भैरुङ्, भैरुङ्की स्वास्नी, छोराहरु, गाउँलेहरू र मानवेतर पात्रमा परेवा, बाख्राहरू रहेका छन् । हजुरबा र भैरुङ् यस कथाका प्रमुख पुरुष पात्र हुन् । गतिशील, मञ्चीय, अनुकूल र सत् चरित्र भएका भैरुङ् यस कथाका केन्द्रीय पात्र हुन् । हजुरबा यस कथाका पुरुष पात्र गतिशील, मञ्चीय, प्रतिकूल र असत् चरित्र भएका केन्द्रीय पात्र हुन् । यी दुवैको भूमिका कथामा सुरुदेखि अन्तसम्म आएको छ । आमुन्ने सामुन्ने घर जोडिएका छरछिमेकी बिचमा आउने वैमनस्यता र यसले निम्त्याउने समस्याजस्ता कुरालाई प्रष्ट पार्न यी दुवैको भूमिका रहेको छ । भैरुङ्की श्रीमती, छोराछोरी गौण पात्र हुन् । उनीहरूको भूमिका कथाको कुनै एक प्रसङ्गमा मात्र आएको छ । सहायक पात्रका रूपमा गाउँलेहरू आएका छन् । उनीहरुको सक्रियताले गर्दा प्रमुख पात्रको भूमिकालाई अन्त्यसम्म पुऱ्याउन सहयोग गरेको छ । मानवेतर पात्रका रूपमा परेवा, बाख्रा आदि आएका छन् ।

**परिवेशः** 'पर्खाल र परेवाहरू' कथाको परिवेशका रूपमा कुनै गाउँको दुई छिमेकीहरु आएका छन् । समाजमा बसिसकेपछि सामान्य कुराले मनमुटाव हुन्छ भन्ने खालको परिवेश उल्लेख गरिएको छ । दुई परिवारबिचको वैमनस्यताले गर्दा धेरै आपतविपत्हरू आएका छन् । बोली बाराबारको स्थितिले गर्दा परिवारमा ठुलै समस्या भएको कुरा कथामा उल्लेख छ । छिमेकी छिमेकी बिचमा असल सम्बन्ध कायम नभएपछि जीवन निराश बन्छ त्यो ठाउँप्रतिको मोह मर्दै जान्छ भन्ने परिवेश उल्लेख छ ।

**दृष्टिविन्दुः** 'पर्खाल' र परेवाहरू' कथाको दृष्टिविन्दु तेस्रो पुरुषको रहेको छ । यस कथाका कथाकार नेपथ्यमा बसी घटनाक्रम पात्रचरित्रद्वारा अघि बढाएकाले दृष्टिबिन्दु तेस्रो पुरुषको रहेको छ ।

**भाषाशैलीः-** 'पर्खाल र परेवाहरू' कथाको भाषाशैली सरल र सहज छ । यस कथामा उखान टुक्काको प्रयोग भएको छ । 'नहिँडने गाउँको बाटो किन सोध्नु' । गाउँघरतिर बोलिने भाषाको प्रयोग भएको छ । भड्खलामा, बभिनी, सक्किइ, सँहारो पऱ्यो, आदि । क्यार्नु त

पुँणेले बाँझो भैमा, काइयाँ, काँपिरहेका आदि जस्ता पुर्बेली भाषिकाका शब्दको प्रयोग भएको छ । अनुकरणात्मक द्वित्व भएका शब्दको प्रयोगले कथा झनै मिठासयुक्त बनेको छ ।

**उद्देश्यः** 'पर्खाल र परेवाहरू' कथाको उद्देश्य छरछिमेकमा बस्दा सानातिना समस्या आउँछन् । तिनलाई ठूलो जड्को रूपमा लिनुहुँदैन बिर्सनुपर्छ । समाजमा रहँदाबस्दा वरपर दुःख सुखमा साथ दिने सहयोग गर्ने गर्नुपर्छ । सानातिना झैझमेलाका कारण ठूलो सङ्कल्प गर्दा छिमेकीलाई समाजमा वस्नुको औचित्य नभएको ठान्न बाध्य हुनुपर्छ । मर्दापर्दा छरछिमेकीको धेरै आवश्यकता पर्दछ । यतिबेला छरछिमेकीले सक्दो सहयोग गर्नुपर्छ । बितिसकेको कुरामा पछताउनुभन्दा पहिले नै सोचविचार गरी निर्णय लिँदा सबैको भलाइ हुन्छ । मानिस बुद्धिमान् र सर्वश्रेष्ठ प्राणी हो । चराचुरुङ्गी, गाई, बाखा मानवेतर प्राणी हुन् । यिनीहरुले कसैको काम सपारेको बिगारेको थाहा पाउँदैनन् । त्यसैले छरछिमेकीको मह□वलाई बुझेर समाजमा बस्दा कुनै अप्ठेरो आउँदैन र पछुताउनु पर्दैन भन्ने सन्देश यस कथाबाट थाहा पाउन सकिन्छ ।

**शीर्षक सार्थकताः** 'पर्खाल र परेवाहरु' कथाको शीर्षक सार्थक छ । बिरुवा, बाखा, परेवाले गर्दा बिगार गरे भनी हजुरबाले पल्लो घरको भैरुङ्सँग कहिल्यै नबोल्ने सङ्कल्प गरेका छन् । त्यसकै रिसले घर वरिपरि पर्खाल र जाली हाल्न लगाएका छन् । पर्खाल र जालीले छिमेकीसँगको सम्बन्ध टाढिएला र मुक्ति होला भन्ने सोच भएका हजुरबाको पर्खालमा परेवा बस्न छोडेका छैनन् । पर्खालले छिमेकमा भएका हुने गरेका आपत्विपत् नदेखिएका र नसुनिएका होइनन् । यसले गर्दा हजुरबाको मनमा झनै छटपटी र बेचैनी उत्पन्न भएको छ । हजुरबाले आफूले गरेको सङ्कल्प र पर्खाल लगाउनुले छिमेकीसँगको सम्बन्ध पहिले झैँ हुन् नसक्ने सङ्केत गरको छ । यस कथामा भैरुङ्को र हजुरबाको सम्बन्ध अब पहिले झैँ नहुने भएको छ । उनीहरू एक आपसमा कहिल्यै भेट नहुने गरी छुट्टिएका छन् । आफूले गरेको ग्लानि र क्षोभका कारण विक्षिप्त बने पनि उनीहरूको आफ्नोपनलाई पर्खालले ढाकिसकेको छ । पर्खाल भत्काउन, सङ्कल्प तोड्न हजुरबाले सक्दैनन् भने परेवालाई छिमेकमा नजाऊ भन्न भैरुङ्ले सक्दैनन् त्यसर्थ यी दुवैबिच छिमेकीको सम्बन्ध सुध्रिन सकेन र भैरुडङ्ले सधैँका लागि गाउँ छोडन बाध्य भए । हजुरबा र भैरुङ्को सम्बन्धमा पर्खाल लागेकाले यस कथाको शीर्षक 'पर्खाल र परेवाहरू' सार्थक छ ।

## १२. लौरो

गुलाबचन्द एक पापड बेच्ने व्यापारी हुन् । व्यापारी बनेका गुलाब, चन्दसँग गुजारा चलाउनका लागि सबैथोक थिए भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथा अघि बढेको छ । छोराहरुको रहरका लागि रेडियो, टेलिभिजन पङ्खाजस्ता सरसामान जोडेका छन् । सपनामा रामनाम जप्दै गरेको अवस्थामा आवाजहरू आउन थाल्छन् । घरढलेका, पर्खाल, रुख ढलेका आवाजहरूसँगै मानिसहरूको रोएको आवाज आउँछ । कुनै जन्ममा असल काम गरेकाले आफ्नो घर, जायजेथा केही नभएको गुलाब चन्दले ठहऱ्याउँछ । गुलाबचन्दले आफूले दृष्टि गुमाइसकेकाले पृथ्वीमा भएको त्यो भयावह स्थिति देख्नुपरेको छैन ऊ यसैमा खुसी हुन्छ । आफ्नो भन्दा अरूको पीडामा दुःख मान्ने गुलाबचन्द त्यो भयावह स्थिति देखेमा मूर्च्छित हुन्थ्यो होला । यही विपत्का कारण धेरै समस्याहरू देखिन्थे । खाद्यान्नको अभाव लुगा, कपडाको अभाव, भाँडाहरूको अभाव, आदि । यस्तो विषम परिस्थितिमा माननीय प्रधानमन्त्रीले हवाई सर्वेक्षण गर्छन् । जताततै राहत शिविर, सूचना केन्द्र चिकित्सा केन्द्र खोलिन्छ । विभिन्न अन्तवार्ता रिपोर्टहरू तयार पारिन्छन् । घाइतेहरू तड्पिरहेको समाचार आउँछ । त्यो सहर दुःखमा मलम लगाउनेभन्दा दुःखीका नाममा  रमाउने गिद्धहरुको सहर भएको छ । देशको विकास नभएको नाममा नेतालाई गाली गरेका छन् । देशको अवस्था कस्तो हुने हो भन्ने यकिन नभएकाले खाने र ज्यान जोगाउन पाए हुन्थ्यो भन्ने सबैको चासोको विषय छ । कसैले कसैको चासो गर्दैनन् । बाँच्ने र मर्ने दुई प्रश्नहरुको सहर बनिरहेको छ । आफ्नै आमाले खान लागेको पाउरोटीको टुक्रो खोसेर खान पाए हुन्थ्यो भन्ने मान्यताको जिन्दगी सबैले जिइरहेको छन् । सबै यसै कारण हैरान छन् । आपतकालमा धमिलो पानीमा माछा मार्नेहरुको कमी छैन् । उज्यालोमा साथी बन्छन् रातीमा तिनै लुटेरा बन्छन् ।

अप्ठ्यारोमा झनै अप्ठ्यारो पार्न तिनै व्यक्ति तल्लीन हुन्छन् । गुलाबचन्दको आफ्नै मिहिनेतको सम्पत्ति भएकाले रत्तिभर डर छैन । लुटेराहरूको बिगबिगी भए पनि मेरो सम्पत्तिमा आँखा लाउँदैनन् होला भन्ने आशा छ । एकदिन गुलाबचन्दको छोराले सबै पसलहरू लुटेराहरूले लुटे । हाम्रो घरमा भएको चालिस हजार पनि लुकाउनुपऱ्यो भन्छ । आजसम्म कसैले केही नगरेकाले गुलाब चन्दले केही हुन्न भन्ने जवाफ दिन्छन् । त्यसै दिनको सन्ध्याकालमा गुलाबचन्दको छोराले हरायो छैन, बुवा हाम्रो पैसा चोरले लगेछन्

भनेर सुनाउँछ । धर्मेन्दर अतिएर कराइरहेको हुन्छ । गुलाबचन्दले आजसम्मको कमाइ सकिएकाले आँसुले आँखा भिजाउँछन् । छोरालाई पुनर्जन्मको कुनै साहु भएकाले चुक्ता गऱ्यो होला भनी सम्झाउँछन् । गाउँमा चोरहरुको बिगबिगी रोकिएको छैन । फसल लुटने, सुन, धनमाल बाखा सबै चोरी गर्दछन् । पैसा चोरी भएपछिको दुई दिन पछि टि.भी चोरी भएको छ । सधैँ फरक फरक कथा सुनाउने गुलाबचन्दलाई आज चोर मामाको कथा सुनाउन नातिले अनुरोध गर्छ । गुलाबचन्द नातिलाई कथा सुनाउन सक्दैनन् । ऊ नैराश्यले भरिएको हुन्छ । उसको सासको गति बढिरहेको छ । शरीर थर्थर काँपिरहेको छ । उसलाई यो हल्ला साँच्चिकै हो वा होइन देख्न पाए हुन्थ्यो भन्ने लागेको छ । सबैका मालिक भगवान् भएकाले छोरालाई हिम्मत राख्न र विश्वास गर्न सम्झाएको छ । चोरी हुने काम रोकिएको छैन । नहुनेका घर उभिएका छन्, हुनेका लडेका छन् । गरिब धनी भएका छन् । इतिहास विपरीत दिशातिर गइरहेको छ । गुलाब चन्दको जीवन चालिस वर्ष अघिकै जस्तो भएको छ । रेडियो, टि.भी, पैसा, र गरगहना, भाँडाकुँडा, भेडाबाखा सवै चोरी भएका छन् । अन्यत्रबाट आई जीवन गुजारा गर्नेको स्थिति सबैको यस्तै भएको छ । चालिस वर्ष दुःख गर्दा बस्दा पनि त्यस समाजले स्वीकार गर्न नसक्नु त्यस समाजको प्रवृत्ति नै रहेछ । जस्तो भए पनि गुलाबचन्दले कसैलाई गाली गरेका छैनन् । केही दिन लुटने सामान गुलाबचन्दका घरमा नभएकाले कोही आउँदैनन् । एक हप्तापछि गुलाबचन्द दुष्टले सबै लग्यो भन्दै रोएको आवाज आउँछ । धर्मेन्दरलाई अचम्म लाग्छ । के विघ्न पऱ्यो होला, कहाँ गए होलान् पूर्वजन्मका कुरा सहरले दिएको कुरा र लिएका कुरा भन्दै बुवासँग पुग्छ । गुलाबचन्द बलिन्द्रधारा आँसु बगाएर रुदै म बेसहारा भए भन्दै रोएका छन् । गुलाबचन्दले दृष्टिविहीनको साथै लङ्गडो पनि भए, मेरो लौरो पनि चोरी भयो । लौरीमा भएको, काँजोको लागि यतिसम्म गरे पापीहरूले भन्दै रोइरहेका छन् । धर्मेन्दर आफ्नो संस्कारलाई ख्याल गर्दै लौरोको मोल जाँचिरहेको घटनाबाट कथाको दुःखद अन्त्य भएको छ ।

**पात्रचरित्रः-** 'लौरी' कथाका पात्रचरित्रमा धर्मेन्दर, गुलाबचन्द, गुलाबचन्दकी श्रीमती, नाति, राहुल, गाउँलेहरू, चोरहरु आदि रहेका छन् । गुलाबचन्द र धर्मेन्दर यस कथाका प्रमुख पुरुष पात्र हुन् । उनीहरुको भूमिका गतिशील, अनुकूल, मञ्चीय र सत् चरित्रका रूपमा आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म उनीहरूको भूमिका मुख्य रूपमा आएको छ । गुलाबचन्द र धर्मेन्दरका माध्यमबाट कथाका सम्पूर्ण घटनाक्रम अघि बढेको छ । नाति राहुल, चोरहरू यस कथाका सहायक पात्र हुन् । राहुल र चोरहरूका माध्यमवाट प्रमुख पात्रलाई कथाको

अन्त्यसम्म पुग्न सजिलो भएको छ । गुलाबचन्दकी श्रीमती गाउँलेहरू गौण पात्र हुन् । कथाको कुनै एक प्रसङ्गमा मात्र उनीहरूको भूमिका जोडिन पुगेको छ ।

**दृष्टिबिन्दुः** 'लौरो' कथामा तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथाका कथाकारले पात्र चरित्रका माध्यमबाट घटनाक्रम घटाएका छन् त्यसैले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ ।

**परिवेशः** 'लौरो' कथाको परिवेश पूर्वजन्म र लोकविश्वासक कुरामा आधारित परिवेश रहेको छ । मान्छेले आफ्नो जीवनमा जति कमाउँछ त्यो ठाउँले दिएको हो भन्ने ठान्नु र सबै गुमाउँदा जसले दिएको हो उसले लग्यो भन्ने कुरामा विश्वास गर्ने लोकविश्वासका कुराहरू रहेका छन् ।

**भाषाशैलीः** 'लौरो' कथाको भाषाशैली सरल र सहज छ । तर तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा सुन्दर देखिएको छ । एकलापीय संवादात्मक शैलीका वाक्यहरू रहेका छन् । "नरो छोरा । थियो होला पूर्वजन्मको साहू । लग्यो, हिसाब चुक्ता गरेर ।" (पौड्याल;२०७६:१८०) कथामा पूर्वीय भाषिकाको प्रयोग पाइन्छ । जस्तै किन रुनुभाको "केही पनि थाहा पाइन नि ।"

**उद्देश्यः** 'लौरो' कथाको उद्देश्य हामी जति दुःख गर्छौ त्यो सबै यही समाजको लागि हो । जन्मदा मर्दा सम्पत्ति धेरै लिएर आएका हुदैनौँ । पूर्वजन्मको कर्म अनुसार भाग्य निर्धारण हुने र त्यही अनुसारको फल यो जन्ममा प्राप्त हुने लोकविश्वासको कुरा, लौरो कथामा उल्लेख गरिएको छ । असल कर्म गरी कमाएको धन सुरक्षित हुन्छ । चोरेर, ढाँटेर, अज्ञात तरिकाले कमाएको धन त्यक्तिकै नष्ट भएर जान्छ । कुनै पनि व्यक्तिले आफ्नो मिहिनेत र इमानदारीमा विश्वास गर्नुपर्छ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

**शीर्षक सार्थकताः** 'लौरो' कथाको शीर्षक सार्थक रहेको छ । अन्धो अशक्त व्यक्तिको साहारा लौरो हुन्छ । लोक विश्वासमा विश्वास राख्दा कमाएको जति सबै धन, पैसा, वस्तुहरू चोरले चोरेर लग्छन् । जति कमाएका थिए त्यो सबै धन चोरी भएपछि भएको एक लौरो पनि काँजोको आसले चोरी हुन्छ । पूर्व जन्मको कर्म अनुसारको फल वर्तमानको जन्ममा पाउने हुँदा जुन सहरमा धन आर्जन भएको छ त्यही सबै धन समाप्त पनि भएको छ । पूर्व जन्ममा कुनै व्यक्ति साहु भएको र गुलाबचन्द ऋणी भएकाले सम्पत्ति सबै नाश भएको हो भन्ने

विश्वास राख्ने व्यक्ति सहाराका लागि लौरो चोरी हुँदा तड्पिएको छ । जीवनको सबै थोक समाप्त भएको अनुभव गरेको छ । लौरो समाउनेसम्मको स्थिति बनाइदिने पनि भगवान् हुन् । दृष्टिविहीनको लौरोसम्म नरहने गरी बेसहारा बनाइदिने पूर्वजन्मको साहुप्रति कुनै संवेदना नभएको ठहराएका छन् । दृष्टिविहीनका लागि लौरो सर्वस्व हुन्छ त्यो नै लुटिएको छ । लौरो सम्म नराखिदिने सहरलाई पूर्वजन्मको साहु र आफू ऋणी भएको ठान्ने गुलाबचन्दको सहारा लौरोकै सेरोफेरोमा चर्चा भएकाले 'लौरो' शीर्षक रहनु उपयुक्त छ ।

## १३. लामबद्ध प्रतिघातहरू

कथानकः 'म' पात्रले देहरादुनबाट आएको परिवारमा रहेका छोराछोरीलाई ट्युसन पढाउने काम पाएको सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथा अगाडि बढेको छ । पेन्टरलाई ट्युशन पढाउन पाएकोमा 'म' पात्रले खुसी हुँदै स्वीकारेका छन् । 'म' पात्रको आउने जाने क्रम सुरू हुन्छ । साढ़े पाँच बजेपछि आठ बजेसम्म ट्युशन पढाउनुपर्छ । जुनु पनि जवान हुन्छे । 'म' पात्र पनि जवान हुन्छन् । जुनुको खासै ध्यान पढाइमा हुँदैन । पेन्टिङ र प्रदर्शनीका कुरा गरेर बस्न खुब रुचाउँछे । 'म' पात्रले जुनुलाई जबरजस्ती पढाइमा ध्यान केन्द्रित गराउँछन् । छ महिना ट्यूशन पढेपछि जुनुले राम्रो प्रगति गरेकी छे । ट्युशन पढाइसकेपछि 'म' पात्र र जुनुकी आमा बिचमा दुःख सुखका कुरा हुने गर्छन् । जुनुको बुबा एक्कासि रक्तचाप बढेर देहान्त भएको खबर आउँछ । उनीहरूको घर भैरहवा हुन्छ । छोराछोरीको पढाइका लागि काठमाडौं बसेका हुन्छन् । जुनुको बुबाको घरमा अनेपालीभाषी बुहारीलाई नस्विकार्दा अर्को विवाह गरेका रहेछन् । त्यतापट्टिबाट एउटा छोरा जन्मेको रहेछ । त्यसैलाई अंशको उत्तराधिकारी बनाएका रहेछन् । जुनुको आमाको नागरिकता पनि नबनाइदिएकाले उनीहरुको घरमा हक जमाउने अधिकार नै रहेनछ । झन् बुवाको मृत्युपछि त पूर्णतः खानदानबाट नै बहिष्कृत भएका छन् । जुनुकी आमाको दर्दनाशक अवस्था हुन्छ । चिनेजानेका कोही हुँदैनन् । माइत जाउँ भने पनि जुनुकी आमाको माइतीले स्वीकारेका छैनन् । घर गएर बस्न घरको खानदानबाट नै बाहिरिएकी छिन् । देहरादून बस्दा सबैले मान प्रतिष्ठा गर्छन् । सबैले चिन्छन् । बिरानो सहर काठमाडौँमा जुनुकी आमाका सबै सपना भत्किएका छन् । त्यही पेन्सन नै उनको सहारा बन्छ । छोरी जुनु पेन्टीङमा राम्रो क्षमता भएकीले सबैले उसलाई चिनेका छन् । जुनुकी आमा र 'म' पात्रको घनिष्टता दह्रो हुँदै गएको छ । दुःख सुखमा सघाउने गर्छन् । धेरै

वर्षहरू बित्दै जान्छन् र 'म' पात्र र जुनुकी आमाबिच विश्वास पनि बढ्दै जान्छ । जुनुको चित्रकलामा मान प्रतिष्ठा पनि बढ्दै जान्छ । बबरमहलमा भएको पेन्टिङ प्रदर्शनीमा जुनुले 'म' पात्रको पाउँमा परेर सम्मान गरेकी थिई । 'म' पात्रचाहिँ सार्वजनिक ठाउँमा जुनुले सम्मान गरेकोमा चुनौतीले गाँजेको महसुस गरिरहेका हुन्छन् । समय बित्दै जाँदा जुनुको ठुलाबडासँग उठबस गर्ने, राती अबेर घर फर्किने कार ट्याक्सीमा यात्रा गर्ने बानी हुन्छ । 'म' पात्र पढाइका कारण विश्वविद्यालयतिर व्यस्त हुन् थालेपछि आउनेजाने क्रम पनि पातलिँदै जान्छ । जुनुको परिवारको नम्बर बदिलिने, डेरा सर्ने, क्रम जारी रहन्छ ।

लगभग छ महिनाको अन्तरालपछि प्रज्ञाप्रतिष्ठानमा रहेको कार्यक्रममा भेट हुन्छ । त्यस कार्यक्रममा जुनुले एक अतुल भन्ने केटाले आफ्ना कलाकृति मुम्बइ प्रदर्शनीमा राखिदिने आश्वासन दिएको कुरा 'म' पात्रलाई सुनाउँछिन् । एक दिन 'म' पात्र जुनुको डेरामा गएका हुन्छन् । जुनुको आमाले सबैकुरा सुनाउँछिन् । जुनुको र अतुलको सम्बन्धका बारेमा आमा छोरा दुबै सहमत नभएको कुरा पनि गर्छिन् । छोरीले आजभोलि आफ्नो कुरा नसुन्ने गरेका कुरा पनि भनीछन् । जुनुले कहिले कोही कहिले कोही केटासँग बस्ने उठने गरेको कुरा 'म' पात्रले जुनुको आमाको मुखबाट थाहा पाउँछन् । जुनुकी आमाको छोरीप्रतिको व्यवहारको उकुसमुकुसताले सीमा नाघिसकेको हुन्छ । उनी आफ्नै छोरीको व्यवहारबाट, अपहेलित भएकी हुन्छिन् । सबैकुरा सुनिसकेपछि 'म' पात्रलाई उन्मत्त यौवनको उच्छृङ्खलता देख्दा घिन लाग्छ । जुनुकी आमाले एकपटक तपाईंले सम्झाइदिए मान्छे भनेपछि नकार्न पनि सक्दैनन् । सधैंको चिया नास्ता खान होटेल रोजमेरी होटेलमा जुनुलाई बोलाएर सबै कुरा भनेर सम्झाउँदा भोलि निर्णय दिन्छु भनेर निस्किन्छे । उसको निर्णयलाई रोक्ने अधिकार 'म' पात्रलाई छैन । एक शिक्षकको नाताले जुनुको कुभलो नचिताउने भएकाले 'म' पात्रले सम्झाएका हुन्छन् । जुनुको निर्णय सुन्न आतुर 'म' पात्रले जुनुलाई सुटकेस लिएर बाहिर निस्केको देख्छन् । आमाले र भाइले सम्झाइरहेका हुन्छन् । रोक्न खोजिरहेका हुन्छन् । मलाई रोक्न मान्छे बोलाएकी ? अरू पनि बोलाउनु नि । किन एकजना मात्र भन्दै निस्किन्छे । दुबै आमाछोराले मर्ने कुरा गर्छन् । जुनुले आमालाई गाली गर्छे । लात लगाउँछे । आमाभन्दा साँचो मान्छे संसारमा नदेखेका 'म' पात्रलाई आफूले जन्माएको छोरीले यसो गरेको देख्दा ग्लानि हुन्छ । जुनुलाई तिमी कोसँग बोल्दैछ्यौ थाहा छ भनी सोध्दा हु आर यु ? मेरो जीवनको बारेमा बोल्ने तपाइँ को ? भनी प्रश्न गरी निस्किन्छे । त्यसपछि म पात्र जुनु र आमाबिच पनि कहिल्यै भेट नभएको सन्दर्भसँगै कथाको दुःखद अन्त्य भएको छ ।

**पात्र/चरित्रः** 'लामबद्ध प्रतिघातहरू' कथाका पात्र चरित्रमा 'म' पात्र, जुनु, जुनकी आमा, बुबा, भाइ, अतुल, राजकुमार, होटेल मालिकहरु रहेका छन् । म पात्र, जुनु र जुनकी आमा ( दिदी) यस कथाका प्रमुख पात्र हुन् । 'म' पात्र यस कथाका प्रमुख पुरुष पात्र हुन् । गतिशील, मञ्चीय, सत् चरित्र भएका बद्ध तथा केन्द्रीय पात्र हुन् । कथामा 'म' पात्रको भूमिका सुरुदेखि अन्त्यसम्म आएको छ । 'म' पात्रकै सक्रियतामा कथाको कथानक अघि बढेको छ । 'जुनु' यस कथाकी केन्द्रीय स्त्री पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म जुनुको भूमिका मुख्य रहेको छ । ऊ यस कथाकी खल स्त्री पात्र, गतिशील, मञ्चीय, बद्ध तथा प्रतिकूल पात्रका रूपमा परिचित छ । जुनुकी आमा यस कथाकी प्रमुख स्त्री पात्र हो । उनको भूमिका सत् चरित्रको रूपमा देखा परेको छ । उनकै सक्रियतामा कथानक अघि बढेको छ । 'म' पात्र, जुनु र जुनकी आमा यसकथाका मञ्चीय पात्र हुन् । सहायक पात्रमा जुनको भाइ र अतुल आएका छन् । कथाको मध्य भागबाट उनीहरुको भूमिका मञ्चीय छ । उनीहरूको सहयोगले कथालाई अघि बढाउन सहज भएको छ । राजकुमार, होटेलमा रहेका मानिसहरू, सहरमा देखिने मानिसहरू गौण पात्र हुन् । उनीहरूको भूमिका कथामा प्रसङ्गअनुसार एक पटक मात्र आएको छ ।

**दृष्टिविन्दु** : 'लामबद्ध प्रतिघातहरू' कथाको दृष्टिविन्दु प्रथम पुरुष र तृतीय पुरुष रहेको छ । कथाकार कथामा स्वयम् उपस्थित भई कथानकको घटनाक्रम अगाडि बढाइएको छ । कथानकलाई अगाडि बढाउन कथामा कथाकार 'म' पात्रका रूपमा उपस्थित छन् र पात्र चरित्रका माध्यमबाट पनि कथानक अघि बढेकाले यस कथाको दृष्टिबिन्दु तृतीय र प्रथम पुरुषको रहेको छ ।

**परिवेशः** 'लामबद्ध प्रतिघातहरू' कथाको परिवेशमा काठमाडौँको कालीमाटी, कौशलटार, देहरादुन र भैरहवा जस्ता ठाउँहरु आएका छन् । काठमाडौँ सहरको बसाइ, ट्युसन पढाउने, परिपाटी, शिक्षादीक्षाको सजिलोको लागि डेरामा बस्नुपर्ने बाध्यता सहरको बसाइले छोराछोरीमा आउने परिवर्तन, उनीहरुका क्रियाकलाप, बहुविवाह, जातभावाका कारण हेपिने प्रवृत्ति, आदि कुराहरू यस कथाको परिवेशका रूपमा आएका छन् । परिवेशका रूपमा समय उल्लेख गरिएको छैन ।

**उद्देश्य** : 'लामबद्ध प्रतिघातहरू' कथाको उद्देश्य जीवन जिउने क्रममा विभिन्न किसिमका प्रतिघातहरू आउँछन् । कुनै प्रतिघात समयले आफैँ निम्त्याउँछ । नियतिको खेल कसैले

रोक्न सक्दैन । जे भोग्यो त्यो सहनै पर्छ । कुनै कुनै प्रतिघातहरू आफँले आफ्नै कर्मले निम्तिन्छन् । प्रकृतिले वा नियतिले भोगाएको प्रतिघातलाई जसरी पनि सहनुपर्छ, गर्नुपर्छ, बाँच्नुपर्छ भनेर साहस बढाउन सकिन्छ तर आफ्ना कर्मले भोगाएको प्रतिघात सहन गाह्रो हुन्छ । कसैले आफूलाई प्रहार गरेको बदलामा गरिने प्रहार नै प्रतिघात हो । एउटी आमाले आफ्नो जीवन रङ्गमय भएको छोराछोरी खुसी हुँदा पाउँछिन् । अथाह दुःख गरी छोराछोरी हुर्काए पनि छोराछोरीले त्यो पीडा बुझ्न सक्दैनन् । संसारमा सबैभन्दा साँचो माया गर्ने छोराछोरीका लागि आमा नै हो । तिनै आमालाई छोराछोरीले बुझ्न र माया दिन चाहदैनन् । छोराछोरी हुर्कीसकेपछि आफ्नो इच्छाअनुसार बाँच्नुपर्छ भन्ने ठान्छन् । आमा सधैँभरि जति दुः ख पीडा भए पनि छोराछोरीका लागि बाँच्नुपर्छ भन्ने सोच्छिन् । यस कथामा आमा र छोरीका माध्यमबाट देखावटी र कृतिमताको पछाडि लाग्ने युवा पुस्ताले न आफूलाई न समाजलाई नै सही दिशा दिन सक्छन् । तिनै आमालाई रुवाएर लाञ्छना लगाएर आफ्नो मनोमानी गर्छन । ज्ञान दिने शिक्षकलाई पहिले सम्मान गरिन्छ मान गरिन्छ तर समयको परिवर्तनसँगै पछि तपाइँ को हुनुहुन्छ भनी प्रश्न गर्न पनि सङ्कोच मानिँदैन भन्ने यस कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकताः** 'लामबद्ध प्रतिघातहरू' कथाको शीर्षक सार्थक छ । कसैले आफूलाई प्रहार गरेको बदलामा गरिने प्रहार नै प्रतिघात हो । जुनुकी आमाले देहरादूनमा रहँदा आफ्नो जीवन रङ्गमय हुने आशाले आफूले मन पराएको केटासँग विवाह गरिन् । केटाका परिवारले जातभातको भाषामा विभेद भएका कारण बुहारी स्वीकार गरेनन् । यसकारण जुनुकी आमाले त्यो परिवारबाट बहिष्कृत हुनुपर्‍यो त्यहाँ पनि जुनुकी आमाले प्रतिघात नै बेहोर्नु परेको छ । अकस्मात जुनुको बुवाको हृदयघातका कारण मृत्युवरण गर्न पुगे र जुनुकी आमाको सर्वस्व खुशी नै लुटियो । त्यहाँ पनि जुनुकी आमाले प्रतिघात नै बेहोर्नुपर्‍यो । छोराछोरीको भविष्यपछि खुशी आउला भन्दै सहरमा छोराछोरी पढाउन बसिन् । असल संस्कार दिने कोसिस गरिन् तर छोरीले उनको इच्छा आशा, भरोसा गुमाइन् । त्यहाँ पनि प्रतिघात भोग्नुपरेको छ ।  बिरानो सहरमा चिनजान र परेको दुःख सुखमा साथ दिने 'म' पात्र पनि छोरीको व्यवहारका कारण सम्बन्ध नराम्रो हुन पुगेको छ । जुनुकी आमाले जीवनमा प्रतिघातहरू एकपछि अर्को गर्दै बेहोरेकोले लामबद्ध प्रतिघातहरू कथाको शीर्षक रहनु सार्थक छ ।

१४.काकी

'म' पात्रलाई बलराम दाइले काका बिरामी हुनुभएको छ । तपाइँलाई लिन पठाउनु भएको भन्ने सन्दर्भबाट कथा सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथा अघि बढेको छ । 'म' पात्र काकीको घरमा नगएको चार वर्ष भैसकेको हुन्छ । हाँस्ने बेलामा हाँस्न नसक्ने, दुःखमा आँसु झार्न नसक्ने संवेदनाहीन, निष्ठुर काकीलाई 'म' पात्र सम्झन पनि चाहन्नन् । आफ्नै काखको छोरो मर्दा पनि नरूने काकी आज फेरी काकालाई साह्रो भएको खबर पठाएर लिन पठाउनु भएको छ । 'म' पात्रलाई छोरा मर्दा काकीले देखाएको संवेदनाले ऐठन भएजस्तो अनुभव ताजा नै छ । आफ्नो छोराको पीडामा धेरै आमाहरूले अलापविलाप गरेको देखेका थिए 'म' पात्रले । काकी पनि आफ्नो छोराको शव देख्दा त्यस्तै गर्नेछिन् । कसरी सम्हाल्ने होला भन्दै आफु संवेदनशील बन्दै काकीको सम्मुख लास लिएर गएका छन् । काकी संवेदनाशून्य मुद्रामा देखिन्छिन् । यही समाचार अरूलाई सुनाउँदा यस्तो हुनसक्दैन, तिमीले ढाँट्यौ भन्थेहोलान् । छोराको लास सम्मुख पर्दा पनि यो कसरी भयो, कहाँ भयो किन खबर भएन यस्ता कुरासमेत काकीले सोधेकी छैनन् । त्यस दिनको काकीको व्यवहार देखेपछि म पात्र त्यस घरमा गएका थिएनन् ।

दुई वर्षपछि फेरि अर्को छोरा गाडीबाट लडेर मर्छ । 'म' पात्रलाई समाचार पुगे पनि काकीका लागि त्यो पनि घातक छैन होला भन्ने लाग्छ र त्यहाँ जाँदैनन् । काकीका आशाका किरण दुवै छोरो दैवले चुँडेर लग्छ । त्यसदिन देखि त्यस घरमा कहिल्यै घाम लाग्दैन कहिल्यै उज्यालो हुँदैन । काकीको अतीत जस्तोसुकै भएपनि काकाको त्यस्तो अप्ठेरो स्थितिमा जानुपर्छ भन्ने लागेर 'म' पात्र त्यहाँ पुग्छन् । काकाको अवस्था नाजुक भइसकेको हुन्छ । अस्पताल लग्नका लागि काकीलाई सोध्छन् । काकीले जाने नजाने, पैसा, भए नभएको कुनै प्रतिक्रिया दिइनन् । बलराम दाइले पैसा निकाल्छन् र अस्पताल लग्छन् । एक घण्टापछि काकाको शवसहित घर फर्कन्छन् । काकाको यस्तो खबरले गाउँलेहरु जम्मा हुन्छन् । बलराम दाइ भक्कानो छोडेर रुन थाल्छन् । सबै इष्टमित्रका आँखा रसाउँछन् । शवलाई घाटतर्फ लगिन्छ । काकी पनि पछि पछि जान्छिन् । 'म' पात्रलाई काकी देखेर मनमनै रिस उठेर आउँछ । तिम्रो को मऱ्यो र घाटमा आयौ भनी सोध्न मन थियो तर त्यस्तो अवस्थामा मुखचाहि फोरेनन् । छोरा नभएकाले सगोत्रको एक केटालाई दागवत्ती दिन लगाउँछन् । सबैका अनुहारमा सहानुभूति हुन्छ । 'म' पात्रको आँखा झ्वाट्ट काकीतिर पर्छ । काकीका

आकाश ताक्ने आँखा चितातिर केन्द्रित देख्छन् । काकी डढेलोले चारैतिर घेर्दै गर्दा लासको नजिक पुग्छिन् । चिता अग्निको तापले असिनपसिन हुँदै गगनभेदी आवाज निकालेर ह्वाँ ह्वाँ गरेर रुन थाल्छिन् । आगोको चर्को रूप बढेझैँ काकीको रोदन पनि चर्को हुँदै जान्छ । 'म' पात्रले काकीको आँखामा आँसुको भल समुन्द्र देख्छन् । काकी जोडजोडले रुँदै, मलाई कसको भरमा छोडेर गयौ ? भन्दै रुन थाल्छिन् ।

काकीको त्यो रुवाइले 'म' पात्रको रिस निर्मूल भएको छ । 'म' पात्रले काकीका हात समाते । घाटको सबै काम सक्किएपछि सबैजना घरतर्फ लागे । 'म' पात्रलाई काकी अझै धेरै रोए हुन्थ्यो, भन्नी लागेको छ । बेसाहारा हुँदा पनि त्यत्ति रुवाइले नपुगेझैँ लाग्छ । अलि अलि लोकलाई देखाउनु थियो देखाइन भयो भन्ने सोच राख्छन् । काजक्रियाको काम सुरु हुन्छ । बलराम दाइले काकीको बारेमा सबै कुरा बताउँछन् । काकीलाई बाल्यकालदेखि नै चिनेजानेका बलराम दाइले चौध वर्षमा बिहे गरेकी, घरमा डढेलो लागेर सबै सम्पत्ति सक्किएको, मागेर खानुपरेको, चार भाइ छोरा कालले टिपेर लगेको, भएका दुई छोरा पनि अकस्मात बितेकाले काकीको आँखामा आँसु नआउने कुरा सुनाउँछन् । भाउजूको जायजेथा सबै उपचारमा खर्च भयो । साहुहरू आएर दिनको ताण्डव मच्चाउँछन् । मान्छेका आँसु पनि कति हुन्छन् र भाइ चोट र पीर खपेर भाउजूको मुटु नै सुकेको छ भनेर सबै वृतान्त 'म' पात्रलाई सुनाउँछन् । मन परेका बेला भाउजू सबैकी प्यारी भइन् । मन नपरेका बेला भाउजू 'सन्तान टोक्कुइ' भइन् । अबदेखि रुनै पर्दैन अब रुन्नन होला भाउजू भन्दै बलराम दाइले आँसु झार्छन् । यत्तिकैमा कथाको दुःखद अन्त्य भएको छ ।

**पात्र चरित्रः** 'काकी' कथाका पात्रचरित्रहरूमा काकी म पात्र, बलराम दाइ, काका, अन्तरे, कान्छो, दुलाल बा, छिमेकीहरू, कर्किनी बुढी, मलामीहरू रहेका छन । 'म' पात्र, काकी र बलराम दाइ यस कथाका प्रमुख पात्र हुन् । 'म' पात्र र बलराम दाइ यस कथा प्रमुख पुरुष पात्र हुन् । 'म' पात्र बर्हिमुखी चरित्र भएका बद्ध र मञ्चीय पात्र हुन् । बलराम दाइ प्रमुख पुरुष पात्र सतचरित्र भएको मञ्चीय पात्र हुन् । काकी यस कथाकी प्रमुख स्त्री पात्र हुन् । शान्त धीर जस्तोसुकै दुःख सुख सजिलै सामना गर्न सक्ने सत्चरित्र भएकी असल मञ्चीय पात्र हुन् । छिमेकीहरु कर्किनी बुढी मलामीहरू गौण पात्र हुन् । कथाको कथानकअनुसार कुनै एक प्रसङ्गमा मात्र यिनीहरूको भूमिका उल्लेख छ ।

**दृष्टिविन्दुः** 'काकी' कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुष दुवै रहेको छ । कथाकार आफँले 'म' पात्रका माध्यमबाट कथानकको घटनाक्रम अघि बढाएका छन भने पात्र चरित्रको माध्यमबाट पनि घटनाक्रम अघि बढेको छ त्यसैले यस कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुष गरी मिश्रित दृष्टिविन्दु रहेको छ ।

**परिवेशः** परिवेश भन्नाले देश, काल र परिस्थिति भन्ने बुझिन्छ । 'काकी' कथामा एकपछि अर्को गर्दै जीवनमा आउने दुःख संवेदनाले न रुन सक्ने न हाँस्न सक्ने एक महिलाको जीवन कथालाई कथामा देखाउन खोजिएको छ । समाजमा त्यस्ता महिलाप्रतिको दृष्टिकोण र स्थितिलाई कसरी हेरिएको हुन्छ भन्ने परिवेश काकी कथामा रहेको छ । छोराको र श्रीमानको मृत्युमा एक नारीले देखाउने संवेदना भयानक नै हुन्छ । तर विवाहपछि थुप्रै दुःख कष्टले थिचेपछि काकीले बाहिरी रूपमा संवेदनालाई प्रकट गर्न सकेकी छैनन् । यसप्रति समाजको दृष्टिकोण कस्तो हुन्छ भन्ने कुरालाई परिवेशको रूपमा लिइएको छ । गाउँघरमा गरिने मृत्यु संस्कार, घाटमा गरिने विधि आदि कुरा कथामा परिवेशका रूपमा आएका छन् ।

**भाषाशैलीः** 'काकी' कथाको भाषाशैली सरल र सहज रहेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा सुन्दर बनेको छ । पूर्वीय भाषिकाको प्रयोग, टुक्काको प्रयोग भएको छ। "यो बहुलाएकी छे", कर्किनी बुढीले भनीन् "यसलाई हेर है ।" "यो आगोमा ओइऱ्येली ।" (पौड्याल ; २०७६ : २१४) 'सन्तान टोक्कुई' हवाँ, हवाँ, थुम्थुम्याउने, अवाक् पर्नु, आदिजस्ता अनुकरणात्मक शब्द र टुक्काको प्रयोग भएको छ ।

**उद्देश्यः** 'काकी' कथाको उद्देश्य समाजमा रहेका धेरै दुःख र पिर खेप्दै आएका महिलाहरूको संवेदना र त्यसमा गाउँका मानिसहरूको दृष्टिकोणको यथार्थ स्थिति प्रस्तुत गर्नु हो । नियतिको खेलसँग लड्दैपड्दै आफ्ना दिनहरू बडो मुस्किलसँग जिउँदै आएका महिलाहरू गाउँमा कस्तो रूपमा चिनिन्छन् । उनीहरुकको स्थिति कस्तो छ । गाउँसमाजमा उनीहरूको सम्मान कत्तिको छ देखाउनु रहेको छ । जति दुःख पिर सह्यो, जति रोयो त्यति नै आँखाका आँसु पनि सकिने रैछन मुटु पनि शुष्क हुने रहेछ । पीडा लुकाइ रुनेहरुका आँखामा धेरै आँसुहरू बाहिरी रूपमा देखिँदैनन् । दुःखीलाई पटक पटक दुःख नै आउने रहेछ । एकपछि अर्को गर्दै आएका हरेक दुःखमा आँसु बगाउँदा बगाउँदै आँसु सकिने रहेछन । दुःखले शिर निहुरिने रहेछ । आकाशतिर हेरेर सुस्केरा हाल्न बाध्य हुनुपर्ने रहेछ । सधैँका लागि छोडेर मरेर जानेका पछि जान पनि नसुहाउने र बाँच्न पनि कठिन रहेछ । समाजमा कहिले

दुःखीका नाममा चिनिनुपर्ने रहेछ त कहिले कुनै अपशब्दले अपराधी भएर बस्नुपर्ने रहेछ भन्ने कुरा यो कथाले विसङ्गत जीवनको उत्कृष्ट नमुना प्रस्तुत गरेको छ । हाम्रो समाजको यथार्थ प्रस्तुत गर्नु 'काकी' कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकताः** 'काकी' कथाको शीर्षक सार्थक रहेको छ । कथाको सुरुदेखि अन्त्यसम्म काकीकै व्यवहार र गुणगानमा कथा अन्त्य भएको छ । सबैका नजरमा कहिले दुःखी कहिले सन्तान टोक्कुईका रूपमा चिनिएकी काकी कुनै एक समाजकी नारी हुन् । हरेक समाजमा काकीले भोगेका समस्या र संवेदना नारीले भोगेका हुन्छन् । छोराको मृत्युमा नरोएकोमा 'म' पात्रले काकीलाई क्रोधको दृष्टिकोणले हेरेका छन् । धेरै पीडाहरू सहँदै र टार्दै आएकी काकी एक्कासि छोराको मृत्युको खबरले न त रुन सक्छिन् । न कसैलाई श्राप दिन । काकी पीडालाई लुकाइ, भित्र मन दुखाउँदै रुने बानी भएको हुँदा उनका आँसु सकिएका छन् । रुन सकेकी छैनन् । काकाको मृत्युमा धेरै रोएकी छन् उनको सहारा पनि कोही छैनन् । जब म पात्रले बलराम दाइबाट सबैकुरा थाहा पाए तब मात्र काकीको यथार्थ चरित्र थाहा पाएका छन् । सधैँभरि संवेदना एकै नासको रहदैन । पटक पटक एकै किसिमका दुःखले सताउँदा मानिसमा फरकै छाप पार्दछ । कथाका सम्पूर्ण घटनाहरू काकीकै सेरोफेरोमा रहेकाले 'काकी' शीर्षक सार्थक छ ।

## १५. चोट

**कथानकः** बुद्धिमान बहुलाएको छ । जति रात गहिरिन्छ सबैका घरका दैला बन्द हुन्छन्, सारा गाउँ चिरनिन्द्रामा डुब्छ बुद्धिमान निस्पट्ट अँध्यारोमा एक्लै कहिले तल कहिले माथि उचो स्वरमा गीत गाएर हिँड्छ भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अघि बढेको छ । 'म' पात्रका निदाउन लागेका आँखा बिउँझिएका छन् र बुद्धिमानलाई अँध्यारोमा रमाउँदै हेरिरहेका छन् । ऊ 'अब चोटहरूले पिरोल्दैन मलाई' .......भन्दै गीत गाइरहेको हुन्छ । बुद्धिमान कसैको केही नबिगारी हिँड्ने शान्त सफा जेन्टलमेन जस्तो राम्रो केटा हो । समाजमा आइपर्ने सामाजिक कार्यमा अघि सरेर सहयोग गर्दछ । बुद्धिमानको राती गीत गाएर हिँड्ने कारण पत्ता लगाउन 'म' पात्रले चेष्टा गर्छन् । गाउने बजाउने क्रमको साथी बुद्धिमानले 'म' पात्रसँग असल साथीत्व विकास गराइसकेको हुन्छ । बुद्धिमानसँग पनि अनेक वेदनाहरू होलान्, सपनाहरू होलान् तर उसले विभिन्न किसिमका चोटहरू खाएको छ । जति चोट खाए पनि ऊ खुसी नै देखिन्छ । हरेक

काम गर्न तम्सिने र गर्ने बुद्धिमान दुःखी छ वा भोको छ भन्नेकुरा थोरैलाई मात्र थाहा छ । दाजु भाउजूको स्याहार सुसारमा हुर्किएको बुद्धिमानको चोटसँग के साइनो छ जान्ने इच्छा 'म' पात्रलाई लागेको छ । चोटले बहुलाएको होला कि अतृप्त तृष्णाका स्वरहरु होलान्, त्यस्तो मनोविज्ञान जान्ने इच्छा 'म' पात्रलाई छ तर त्यो मनोविज्ञान जान्न चुनौती पनि छ ।

शरदको पूर्णिमाको रात 'म' पात्र लाई निन्द्राले छोड्छ । हार्मोनियम बजाएर गीत गाउँदै गर्दा सडकमा उच्च स्वरले गीत गाएको सुन्छ । आफूले गाइरहेको गीतलाई रोकी बुद्धिमानकै गीतमा केन्द्रित रहन्छन् । बुद्धिमान सरासर 'म' पात्रकै, कोठानजिक आउँछ । रात निक्कै गहिरिएकाले चिसो हुन्छ । 'म' पात्रले ओढेको बर्को बुद्धिमानले तान्छ । नाङ्गा पाखुरामा लुगलुग काँप्दै गर्दा घुम्लुङ्ग ओढाइदिएको बर्काले ऊ खुसी हुन्छ । विस्तारै, उज्यालो हुँदै जान्छ । ऊ गीत गाउन थाल्छ त्यसबखत उसका आँखा रसाएका हुन्छन् । सधैं शुष्क देखिने आँखामा साउने झरीसरी पानी देखेपछि 'म' पात्रले के भयो ? किन रोएको भनी प्रश्न सोध्छन् । 'म' पात्रले कर गरेपछि एक्कासि, जोडले 'चोट' भनी कराउँछ । 'चोट' शब्दले 'म' पात्रको मनमा थुप्रै प्रश्नहरू तेर्सिन्छन् । बुद्धिमानले आफ्नो टाउको देखाउँदै टाउकोको घाउहरु देखाउँछ । रगत सुकेका टाटाहरू सर्टमा घाँटीमा खुट्टामा देखिन्छन् । उसले त्यो घाउ चोटहरू आफ्नै हातले बनाएको हुन्छ । फेटाले कसेको घाउहरु एक्कासि खोल्दा रगत भलभली बग्न थाल्छ । उज्यालो हुन केही समयमात्र बाँकी हुन्छ । बिहान भेट्ने आशले म पात्र आफ्नो घरतिर जान्छन् । 'म' पात्र बिहान बुद्धिमानको घर जाँदा ढोका खुलै हुन्छ । घरभित्र पसेर चारैतिर हेर्छन् । हतपत यो कुरा विष्ट दाइलाई सुनाउँछन् । उनले यो खुकुरी कुलक्षणको हो । सात वर्षअघि पहाडबाट झापा बसाइँ सर्दा लिएर आएका हुन् । खरको छानोमा सिउरिएको खुकुरी खसेर बुद्धिमानकी श्रीमतीको देब्रे आँखो फुट्यो । त्यसै पिरले मरी । त्यसपछि बुद्धिमान यसरी बहुलाएको हो भनी भन्छन् । विष्ट दाइको कुराबाट बुद्धिमानको चोट र बहुलापनको साइनो पनि पत्ता लाग्छ । चार दिनपछि विष्ट दाइले बुद्धिमान चापागाउँ पुगेर मरेको खबर ल्याएसँगै कथाको दुःखद अन्त्य भएको छ ।

**पात्र चरित्रः** 'चोट' कथाका पात्रचरित्रहरूमा 'म' पात्र, बुद्धिमान, दाजु भाउजू, छिमेकी विष्ट दाइ रहेका छन् । 'म' पात्र र बुद्धिमान यस कथाका प्रमुख केन्द्रीय पुरुष पात्र हुन् । गतिशील, सत् चरित्र भएका, अनुकूल चरित्र, बद्ध तथा मञ्चीय पात्रका रूपमा उनीहरूको भूमिका सुरुदेखि अन्त्यसम्म नै रहेको छ । विष्ट दाइ यस कथाका सहायक पुरुष पात्र हुन् ।

उनको भूमिकाले केन्द्रीय पात्रलाई अन्त्यसम्म पुग्न सहयोग मिलेको छ । दाजु र भाउजू यस कथाका गौण पात्र हुन् । उनीहरूको भूमिका कथानकको प्रसङ्ग अनुसार एक ठाउँमा मात्र आएको छ ।

**दृष्टविन्दु:** 'चोट' कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुषको रहेको छ । कथाकारले कथानकलाई स्वयम् आफ्ना माध्यमबाट र पात्रचरित्रका माध्यमबाट घटाइएका छन् । त्यसैले यस कथाको दृष्टिबिन्दु प्रथम र तृतीय पुरुष रहेको छ ।

**परिवेश:** परिवेश भन्नाले देश, काल, परिस्थिति भन्ने बुझिन्छ । 'चोट' कथाको परिवेशमा झापा, काठमाडौँ, चापागाउँ जस्ता ठाउँहरू आएका छन् । चोटले पीडित बुद्धिमान रातमा हिँड्ने, एक्लै बर्बराउने, गीत गाउने जस्ता अस्वाभाविक व्यवहार देखाउने गरेको परिवेश कथामा उल्लेख छ । विवाह गरेको एक वर्षपछि श्रीमतीले खुकुरीका कारण ज्यान गुमाएकी छन् । श्रीमतीको ज्यान लगिदिने खुकुरीप्रति बुद्धिमानको आक्रोश जागेको छ । त्यही खुकुरीले नै आफ्नो शरीरमा घाउ नै घाउ बनाएको छ । श्रीमतीको वियोगमा आफूले पनि त्यही खुकुरीले ज्यान गुमाएको परिवेश कथामा उल्लेख छ ।

**भाषाशैली:** 'चोट' कथाको भाषाशैली सरल सहज छ । तत्सम तद्भव र आगन्तुक शब्दहरूको संयोजनले कथानक सुन्दर बनेको छ । कथाको बिच बिचमा गीतको एक सेर रहेको छ । "चोटहरुले पिरोल्दैन मलाई" (पौड्याल ; २०७६ : २२०) बुद्धिमान र 'म' पात्रबिच एकलापीय र संवादात्मक शैलीका वाक्यहरू आएका छन् ।

**उद्देश्य:** 'चोट' कथाको उद्देश्य हाम्रो समाजमा बुद्धिमान जस्ता थुप्रै व्यक्तिहरू हुन्छन् । त्यस्ता व्यक्तिको कसैले भित्री मनोविज्ञान बुझ्न चाहदैनन् र बहुलाको संज्ञा दिन्छन् । चोटले गर्दा व्यक्ति अस्वाभाविक देखिन पुग्छ । रोग, भोक, निद्रा केही परवाह हुँदैन । पीडाले नै रित्तिसकेको हुन्छ । जीवनलाई निस्सारतामा बदल्न सक्छ । दिनमा कसैले देखे भने के भन्लान् भन्ने डरले रातमा चोटहरू भुलाउन अनेक किसिमका कार्यहरु गर्न पुग्छन् । नियतिले दिएको चोटलाई भुल्न नसकी आफूले आफूलाई नै पलपलमा चोट पुऱ्याएर नै मृत्युको मुखमा पुग्न बाध्य हुन्छन् । चोटमाथि चोट थपिएपछि मान्छे न रुन सक्छ न हाँस्न सक्छ भन्ने तथ्य कथाले प्रष्ट गर्न खोजेको छ ।

**शीर्षक सार्थकता:** 'चोट' कथाको शीर्षक सार्थक छ । बुद्धिमान आफ्नो पारिवारिक चोटको कारण बहुलाएको छ । उसको मनोविज्ञान कसैले बुझ्न सकेको छैन । दिउँसोमा उसलाई कम पीडा हुन्छ र शान्त रहन्छ । रातीमा एक्लो हुँदा पीडा, बढी हुन्छ र सडकमा बहुलाएको भेषमा गीत गाउँछ हिँडछ । वर्षदिन नपुग्दै श्रीमती गुमाएको पीडाले उसमा दु:खका वेदनाहरूले चरम सीमा लियो । आमा बुवा पनि नभएको दाजु भाउजूले रोग भोक र शोकमा पनि साथ नदिएकाले उसमा धेरै संवेदनाहरू उब्जिए । श्रीमतीलाई चोट पुऱ्याइदिने खुकुरीप्रति उसको आक्रोश छ । त्यसै खुकुरीले नै चोट पुऱ्याएर आफ्नो जीवन निस्सार बनाएकाले टाउको छिया छिया बनाएर मृत्युको मुखमा पुगेको छ । यस कथाका सम्पूर्ण कुराहरु चोटमा आधारित भएकाले कथाको शीर्षक 'चोट' रहनु सार्थक छ ।

### १६. दृश्यान्तर

लोकन्थली कुनै ठूलो सहर होइन । भर्खरै विकास हुन लागेको गाउँ नै हो भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । तरकारी बजारको वरिपरि पर्खालका आड्मा, मन्दिरको छेउछाउमा कहिले रुँदै गरेकी, कहिले मुस्कुराउदै गरेकी उनीलाई 'म' पात्रले देख्छन् । ठाउँ ठाउँमा लुगा च्यातिएर धुजाबाती भएका, छाला घोटिएर कुहिनाहरू कालै भएका ओठ फुटेको, उनको दु:खका कारुणिक बिम्बहरु स्पष्ट देखिन्छन् । तिहारको माहोल हुन्छ । लक्ष्मीपूजाको रात भएकाले सहर बिजुलीबत्तीले उज्योलो हुन्छ । लक्ष्मीपूजा गरिसकेपछि भैली खेल्नेहरू समूह समूहमा देखिन्छन् । एकहुल भैले आएर भैलो खेल्न थाल्छन् । एकदुईवटा गीत गाएर नाचेपछि क्यासेट बजाएर पपगीतमा नाच्न थाल्छन् । पपगीतमा नाच्दा कसैले ध्यान दिँदैन । घरबेटीले पपगीतमा नाचेकोमा ध्यान नदिएकोले भैलेहरूले गीत अर्को बजाउँछन् । मोहनी लाग्ला है बोलको गीतमा नाच्न थाल्छन् । सबैले आनन्द मानी हेरिरहेका हुन्छन् । गेटमा बसेर भैलो हेरिरहेकी उनी गेटभित्र आउँछिन् । निधारमा टीका, सिउँदोमा सिन्दुर, गलामा पोते, शरीरमा चौबन्दी चोलो फरिया लगाएकी अरू दिन देखिएकी उनी र आजमा धेरै फरक हुन्छ । उनी आँगनभित्र पस्दा निक्कै फरक र भयभित देखिन्छिन् । गाउँमा हुने गरेका सामाजिक कार्य, सभाहरूमा समावेश नगरिने भएकाले होला उनीमा त्यस्तो प्रकारको डर त्रास उत्पन्न भएको भन्ने 'म' पात्रलाई लाग्छ । बिना अवरोध भित्र आउन पाएकोमा उनी दङ्ग हुन्छिन् । बिर्सिएको खुसी आज फेरि पाउँदा आफ्नो जीवन नै सुन्दर भएको आभास गरेकी छन् ।

'म' पात्रले उनीतिरै बढी ध्यान दिइरहेका छन् । गीतसँगै उनका ओठहरु फर्फराइरहेका छन् । भैलेहरूले पप गीत बजाउँदा उनीमा विषाद पैदा हुन्छ । 'म' पात्रले भैलेहरुलाई गीत बजाउन लगाउँछन् र उनीलाई नाच्न अनुरोध गर्छन् । कस्तो सजीव नाच, वर्णन गर्न नसकिने कुनै नर्टराजले नाचेको भन्दा बढी राम्रो हुन्छ । 'म' पात्रले पनि आजसम्म नाचेका विभिन्न नाचहरू भन्दा फरक त्यो नाच उनको नाच्दाखेरिको हाउभाउले गर्दा हेर्नेहरू दङ्गै परेका हुन्छन् । पटक पटक यही गीत बजाइ नाचिरहन्छिन् । यस नाचबाट जीवनको गतिलाई स्वाभाविक धावनमार्गबाट मोडन सक्ने दृढ इच्छाशक्ति र दम पनि हुन्छ । लगातार लामो समयसम्म नाचेपछि भुँइमा लड्छिन् । केहीले उठाएर बसाउँछन् । त्यहाँ भएका सबै स्तब्ध देखिन्छन् । केही बेरपछि उठेर "भोलि तिहार सिद्धिन्छ हो ?" भनी प्रश्न गर्छिन् । 'सबैले' हो भनी जवाफ दिन्छन् । उनीले भोलिदेखि यसरी नाच्न पाइदैन भनी मलिन अनुहार बनाउँछिन् । अरू कसैले नाच्न तिहार नै चाहिन्छ भनेर सोध्दा अरूबेला नाच्दा सबैले कुट्छन् भन्ने जवाफ दिन्छिन् । उनको शरीरमा भएका सुम्ला डामहरू देखाउँछिन् । उनका आँसुहरू निर्विवाद बगिरहेका हुन्छन् । त्यही 'बहुलाइ' को बर्को ओढेर त्यहाँबाट हिँड्छिन् । 'म' पात्रले भोलिपल्ट पहिले जुन ठाउँमा देखे त्यही ठाउँमा देखिएको सन्दर्भबाट कथाको अन्त्य भएको छ ।

**पात्र चरित्रः** 'दृश्यान्तर' कथाका पात्र चरित्रमा 'म' पात्र, उनी, भैलेहरू, घरबेटी रहेका छन् । 'म' पात्र र उनी यस कथाका प्रमुख केंन्द्रीय पात्र हुन् । 'म' पात्र पुरुष पात्र, गतिशील, सत् चरित्र भएका अनुकूल, बद्ध र मञ्चीय पात्र हुन् । कथाको सुरुदेखि अन्त्यसम्म 'म' पात्रको भूमिका सक्रिय रहेको छ । यस कथाको 'उनी' पात्र प्रमुख स्त्री पात्र हुन् । बद्ध, मञ्चीय, गतिशील, अनुकूल र सत् चरित्र भएकी केन्द्रीय पात्र हुन् । कथाको सुरुदेखि अन्त्यसम्म उनिको भूमिका सक्रिय रहेको छ । भैलेहरू यस कथाका सहायक पात्र हुन् । कथानकलाई अगाडि बढाउन उनीहरूको भूमिका सक्रिय रहेको छ । घरबेटी यस कथाका गौण पात्र हुन् । कथाको प्रसङ्ग अनुसार एक ठाउँमा मात्र उनीहरूको प्रसङ्ग आएको छ ।

**दृष्टिविन्दुः** 'दृश्यान्तर' कथाको दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष दुवै रहेको छ । कथाकारले कथानकको घटनाक्रम स्वयम् आफैँले र पात्र चरित्रका माध्यमबाट घटाएकाले यस कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुष रहेको छ ।

**परिवेशः** 'दृश्यान्तर' कथाको परिवेश लोकन्थली गाउँ र काठमाडौँको सहर रहेको छ । तिहारको माहोलमा केन्द्रित रहेर गाउँ, सहर बजारको रौनक, बत्तीहरू, भैलेहरूको आवत-जावत, सफा घर आँगनको परिवेश देखाइएको छ । यस कथामा परिवेशका रूपमा समय उल्लेख गरिएको छैन ।

**भाषाशैलीः** यस कथाको भाषाशैली सरल र सहज छ । तत्सम र तद्भव शब्दहरुले कथा सुन्दर देखिएको छ । प्रदीप्त, ललाट, भयभीत, अनुभूति, शिशिर प्रज्वलित प्रतीत, धावनमार्ग आदि तत्सम शब्दहरु प्रयोग भएका छन् । सरल अनुप्रासयुक्त वाक्यको संयोजन रहेको छ । बिचबिचमा संवादात्मक शैलीका वाक्यहरु रहेका छन् । "भोलि त तिहार सिद्धिन्छ हो" "अँ" "किन र ? नाच्नलाई तिहारै चाहिन्छ । ? आदि । (पौड्याल ; २०७६ : २३४)

**उद्देश्यः** 'दृश्यान्तर' कथाको उद्देश्य समाजमा रहेका निम्नस्तरका मानिसहरूमा जति राम्रो क्षमता भए पनि उनीहरूले अवसर पाउँदैनन् । इच्छा शक्ति तीब्र हुन्छ, क्षमता पनि अरूभन्दा अब्बल हुन्छ तर पनि देखाउन दिइदैन । बिनाअनुमति कसैको आँगन टेक्न पाँइदैन । आफूसँग कला भएर पनि त्यसलाई दबाएर राख्नुपर्ने बाध्यता छ । उनीहरूको क्षमता देखेर दङ्ग पर्छन तर वास्ता गर्दैनन् । रुढीवादी मान्यतामा रहेर मानवले मानवलाई नै उचनिच जातका आधारमा छुट्याएको छ र उनीहरूको भावनालाई सम्मान गरिँदैन । जीवनभरी नाच्न मन भएर पनि समाजका सामु नाच्न नसकेकी एउटी विक्षिप्त पात्रले जीवननाच देखाएर आफूमाथि न्याय पाएको आभाष गर्नु यस कथाको उद्देश्य रहेको छ ।

**शीर्षक सार्थकताः** 'दृश्यान्तर' कथाको शीर्षक सार्थक छ । दृश्यान्तर भन्नाले 'हेराइको दृष्टिकोणमा फरक' भन्ने अर्थ लाग्छ । यस कथामा पनि एक विक्षिप्त पात्र उनीले आजसम्म हेरिएका विभिन्न नाचहरूमध्ये फरक नाच देखाएकी छन् । जुन नाच 'म' पात्रलाई आजसम्मकै उत्कृष्ट लागेको छ । जीवनभर नाचेर देखाउने इच्छा र क्षमता भएकी महिलाले आफ्नो प्रतिभा प्रस्फुटन गर्न रुढीवादी मान्यताका कारण पाएकी छैनन् । भैलोमा डर त्रास मान्दै समावेश भएर आफ्नो नाच देखाउन उत्सुक छन् । आफूले नाच देखाएर न्याय पाएको आभास गरेकी छन् । वर्ग, जातका कारण समाजमा अलगिएर बस्नुपर्ने बाध्यताका कारण भएका क्षमता पनि दबाएर राख्नुपर्ने, डर त्रास मान्नुपर्ने अवस्था छ । त्यसैले यस्ता व्यक्तिलाई हेर्ने दृष्टिकोण फरक हुनुपर्छ । समान दृष्टिकोण भएमा यिनीहरुमा पनि सबै

मानिसमा हुनुपर्ने गुण र क्षमता हुन्छन भन्ने उद्देश्य भएकाले यसको शीर्षक दृश्यान्तर रहनु सार्थक छ ।

१७. 'रश्मि'

घैयाबारी गाउँकी रश्मिले बि. ए. पास गरेकी छन् । उनी उनको घरको एकमात्र शान हुन् भन्ने सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अघि बढेको छ । त्यस घरकी लक्ष्मीका रूपमा चिनिने भएकाले सबैले उनलाई मान्छन् । इज्जतिलो पेसा र व्यवसायका कारण सबैले बुबा र दाइलाई चिन्छन् । रश्मि बाहिरी रूपमा त्यति सुन्दर थिइनन् । पच्चिस काटिसक्दा पनि बिहे नभएकाले समाजले गीत गाउन थालेको छ । रश्मिलाई कौमार्यले सिर्जना गरेको अप्ठेरोले भित्रभित्रै जलाइरहेको हुन्छ । सबै पहिचान बनाएका रश्मिका दाइ र बाले ज्वाइँ खोज्न सकेका छैनन् । रश्मिको पीडा आफैँ भित्रभित्र बढिरहेको हुन्छ । विरक्तिएका गीत गाउने, साँझ बिहान आमा र भाइबहिनीलाई सघाउने गर्छिन । जीवन लामो भएकाले त्यसरी सधैँ चल्न सक्दैन । रश्मिले डिफू सहरमा गएर पसल थाप्ने निधो गर्छिन् । त्यो पसल राख्दा पति पाउने आशा पनि राख्छिन् । गाउँलेले छोरी पसल गर्नका लागि सहर गएकाले मास्टरको आलोचना गर्छन् ।

आदिवासीहरूको बसोबास भएको डिफु गाउँ सजिलो थिएन । नजिकैको ब्यारेक छेउमा रहेका सैनिकहरूले नागरिक सुरक्षाहकलाई प्राथमिकता दिदैनँथे । रश्मिलाई खतराको र संवेदनशीलताको सहरतिर लागेको थाहा भए पनि घर परिवारले उनीलाई रोक्न सक्दैनन् । पसल खोल्छिन् । रश्मिको पसल सैनिक जवानहरू भेटिने बिन्दु बन्छ । केही दिनसम्म उनकी सानीमाले रश्मिलाई साथ दिए पनि पछि रश्मि एक्ली हुन्छिन् । परिस्थितिहरूसँग सामना गर्न सक्ने क्षमता भएकाले पसलमा आउने जाने बालबालिकासँग मित्रता गाँस्छिन् । डिफूमा व्यापार भनेकै जवानहरुको किनमेल हुन्छ । मनोरञ्जनका लागि निस्किएका सेनाहरू रश्मितिर चासो राख्दैनन् । नजिकै डेरा गरी बस्ने कर्णसँग भाइजस्तै लाग्ने र आफ्नो सुरक्षा गर्न अनुरोध गर्छे । तिहारमा भाइ टीका लगाइदिने कुरा गर्छे । कहिले पैसाका, कहिले दुःखसुखका कुरा गर्छे ।

त्यस टोलमा सबैभन्दा सस्तो डेरा कर्णको थियो । घामपानी मात्रै छेक्ने । कर्ण बरोबर रश्मिको पसलमा गइरहन्छ । उनीहरू एक अर्कालाई भेट्दा बाहिरी संसारका भ्रमहरू बिर्सन्छन् । एक दिन रश्मिले कर्णलाई तिमीबिना म बाँच्नै सक्दैन भन्छे । दुवैले एक

अर्कालाई माया गर्ने कुरा गर्छन् । अनुभवहीन अनुहारमा असहजताका धर्साहरु विकसित भएर आउँछन् । रश्मिले दैलोको चुकुल घुमाउन लागेको कर्णलाई रोक्दै तिमीले मेरो कुरा मानेनौ भने निकै अप्ठेरो पर्नेछ भनीछन् । मेरो प्रस्तावलाई लत्याउन सक्छौ भने पापी क्रूर जीवनलाई आफूले पूर्णविराम लगाइदिने कुरा गर्छिन् । यता रश्मि आफ्नो धृष्टतादेखि आत्मग्लानि हुन्छ । उता कर्ण पनि अनेकौँ कुराहरु सोच्दै रातभर निदाउन सक्दैन । धेरै दिनपछि रश्मि असाध्य पीडामा छटपटिएर रोएको आवाज आउँछ । धेरैबेर कर्णले सुनेको नसुन्यै गर्छ । रोदन धेरै भएपछि रश्मिको ढोका ढकढक्याउन पुग्छ । रश्मिले असह्य पीडाहरू थाम्दै ढोका खोल्छे । रश्मि महिनावारी भएर रक्तश्रावले भरिएकी हुन्छे । कर्णले रश्मिका दुःखद ययार्थ थाहा पाउँछ । महिना महिनामा मृत्युवरण गर्नुपर्ने रश्मिको अकल्पनीय जीवनको बारेमा कर्णले थाहा पाउँछ । कर्णले रश्मिलाई भगाउने निर्णय गर्छ । रश्मिले बुवा र दाजुले आफूले गरेको निर्णयले रिसाउनेछन् भन्दै डराउँदै डिफू छोड्छे । अनपढ भए पनि कर्ण विश्वासको धनी हुन्छ । रश्मिलाई भगाएको कुरा चिठीमा लेखी पठाउँछन् । केही दिनपछि कुलशोभा र कुल मर्यादालाई लत्याएकोमा समाइने र दण्डित गरिने कुरा चिठीमा लेखिएको हुन्छ । यस्तै चिठीहरू दाजुले पठाएपछि रश्मिले डरले आत्म हत्या गर्छिन् । अन्त्यमा दाजु र बुबा छोरी र बहिनीको मृत्युमा रोइरहेको घटनाबाट कथाको कथानक अन्त्य भएको छ ।

**पात्र/चरित्रः** 'रश्मि' कथाको पात्र चरित्रमा रश्मिका बुबा, आमा, भाइ, बहिनी, दाजु, सानीमा, कर्ण, सैनिकहरू, बालबालिकाहरू, गाउँलेहरू रहेका छन । रश्मि र कर्ण यस कथाका प्रमुख केन्द्रीय पात्र हुन् । रश्मि यस कथाकी प्रमुख स्त्री पात्र हो । सत् चरित्र भएकी रश्मि बद्ध सक्रिय र मञ्चीय पात्र हो । कर्ण यस कथाको केन्द्रीय पुरुष पात्र हो । गतिशील, बद्ध, मञ्चीय र अनुकूल पात्र हो । बुबा र दाजु यस कथाका सहायक पुरुष पात्र हुन् । दाजु र बुवा यस कथाका खल चरित्र हुन् । दाजु र बुवा सक्रिय बद्ध र मञ्चीय पात्र हुन् । आमा, सानीमा र गाउँलेहरु सहायक पात्र हुन् । बालबालिका, सैनिकहरु भाइ, बहिनी गौण पात्र हुन् ।

**दृष्टिविन्दुः** 'रश्मि' कथाको दृष्टिविन्दु तृतीय पुरुष रहेको छ । यस कथाको कथानक कथाकारले पात्रचरित्रका माध्यमबाट अघि बढाएकाले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष रहेको छ ।

**परिवेशः** 'रश्मि' कथाको परिवेशमा आसामको घैयाबारी डिफू शहर, ताप्लेजुङ र एक साब्लाखु गाउँ आएको छ । परिवारमा हुर्केकी छोरीको उमेर ढल्किँदासम्म विवाहको लागि नसोच्ने बुबा दाजु आफँले चाहेर विवाह गर्दा जातभातको कुरा गर्छन्, डर, त्रास, धम्की दिन्छन् र आत्महत्या गर्न बाध्य बनाउँछन् अन्त्यमा पश्चाताप गर्छन् भन्ने परिवेश रश्मि कथामा रहेको छ ।

**भाषाशैलीः** 'रश्मि' कथाको भाषाशैली सरल, सहज, छ । पात्रचरित्रका माध्यमबाट स्तरीय र सामान्य रूपमा गाउँले भाषाको प्रयोग पाइन्छ । एकालाप र संवादात्मक, भाषाशैलीको प्रयोग पाइन्छ । शिक्षित परिवार भए पनि छोरीको आवश्यकता र इच्छा के छ भनी नबुझ्ने परिवार अबुझ नै हो । शिक्षित हुँदा पनि उचनिच जातको रूढ मान्यतालाई मान्छन् भन्ने खालका कुराहरू प्रयोग भएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएका छन् ।

**उद्देश्यः** 'रश्मि' कथाको उद्देश्य समाजमा रहेका शिक्षित परिवारले पनि छोरीलाई प्रमुख स्थान दिँदैनन् । छोरीको इच्छा र आवश्यकता के हो भन्ने कुरा बुझ्दैनन् । हरेक व्यक्तिमा हुने संवेदना एउटै हो । छोरीको उमेर बढ्दै गएपछि विवाह गरिदिनुपर्छ । यौवनवस्थाका रहरहरू दबाएर राख्दा अवसानतिर डोऱ्याउँछ भन्नेकुरा छोरी जन्मदिने बुवा आमाले थाहा पाउनुपर्छ । वर्गीय र जातीयताका कुरालाई अझैसम्म पनि समाज र परिवार दुवैले रूढ मान्यतालाई मानिरहेकै छन् । समाजमा रहेका रश्मि जस्ता कैयौँ छोरीहरूले आफ्नो चाहानाले विवाह गरे पनि परिवारको धम्कीका कारण आत्महत्या गरेका छन् । वर्ग विभेदका कारण समाजमा हुने विभिन्न समस्याहरू जस्तै अन्तर्जातीय विवाह पनि हो । यसलाई कानुनले, समाजले स्वीकार्न सक्नुपर्छ । शिक्षित परिवार र समाजले नै वर्गीय र जातीय विभेद नहटाए संविधानमा लेखेर मात्रै हुँदैन् । व्यक्ति समाज र परिवार यस कुरामा सचेत हुनुपर्छ भन्ने यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकताः** 'रश्मि' कथाको शीर्षक सार्थक रहेको छ । रश्मि यस कथाकी प्रमुख पात्र हो । रश्मि बि. ए. पास गरेकी शिक्षित केटी हो । बुबा, दाजु गाउँकै गन्यमान्य व्यक्ति हुन् । विवाह गर्ने उमेर भइसक्दा पनि बुवा र दाजुले केटा खोजी छोरीको विवाह गरिदिन सकेका छैनन् । रश्मिको इच्छा र आवशयकतामाथि बुबा र दाजुको दृष्टि नपर्दा डिफू सहरमा पसल गरेकी छ । पति पनि पाउने आशले गरेको पसलले पति त पाएकी छ । वर्गीय र जातीय

असमानताले गाँजिएको समाजले उसको विवाह सफल हुन दिएको छैन । बुवा र दाजुको डर, त्रासले आफैँले आत्महत्या गरी आफ्नो जीवन समाप्त गरेकी छ । यस कथाका सम्पूर्ण घटनाहरु रश्मिकै सेरोफेरोमा घटेकाले 'रश्मि' शीर्षक रहनु उपयुक्त छ ।

### १८. कौब्रु

**कथानक** : बोलसाङ् लेक निकै रमाइलो र पाखामा कताकति एक दुइटा घर देखिएको सन्दर्भबाट कथानक सुरु भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अघि बढेको छ । पहाड, छहारी, सिरसिर बतास, झरनाले त्यहाँको मनोरम दृश्य झल्किएको छ । त्यही ठाउँमा वीरजुङ्को घर छ । वीरजुङ्की छोरी हिरा घाँसको भारी बिसाउँदैगर्दा बिस बाइसजना नेपाली र भारतीय युवाहरुको आवाजले पछाडि फर्कन बाध्य गराउँछ । तेन्जिङ शेर्पाको ६० औ वर्षगाठ मनाउन मणिपुरेली युवाहरू सामूहिक रूपमा कौब्रु आरोहणको कार्यक्रम राखेका रहेछन् । विभिन्न कारणहरुले मुग्लान पसे पनि स्वदेश टाढा भएपछि नेपालीहरूप्रति सम्मान बढी हुनेरहेछ । हिरा लेकमा हुर्केकी केटी भएकाले असाध्यै सुन्दर हुन्छे । कौब्रु पहाड़ चढ्ने बाटो बोलसाङ् नै भएको हुँदा हिराले धेरैलाई कौब्रु पहाड चढेको, झरेको, खुसीका क्षण व्यक्त गरेको दुःखका क्षणमा सम्हालिएर हिँडेको देखिकी छे । कौब्रु ठूलो पहाड नभए पनि लेक लाग्ने भएकाले यदाकदा मर्ने डर हुन्छ । हिराले प्रेम र आजीतलाई जाबो त्यही कौब्रु पहाड पनि चढन नसक्ने, मलाई बाजेले जान दिने भए म त टुप्पोमा पुगेर फर्किने थिए भनी सुनाउँछे । प्रेम अपाङ्ग केटा हुन्छ । आजित साङ्ग सबै साथीहरू अगाडि गइसके पनि ती दुवैले हिरासँग कुरा गर्न थाल्छन् । दुवैले सहरका बारेमा वर्णन गर्छन् । हिराले कौब्रु पनि चढ्न नसक्नेले मलाई सहर लाने यो त लाजमर्दो कुरा हो भन्छे । हिराले त्यति भनेपछि निन्याउरो अनुहार लगाएर आफ्नो बाटो लाग्छन् । केही महिनापछि प्रेम र आजितलाई सम्पूर्ण पहाड चढ्न चाहिने समग्रीसहित चढ्न लागेको देख्छे । ती दुवैले हिरालाई जिस्काइरहेका हुन्छन् । आजीत र प्रेम एकदमै मिल्ने साथी हुन्छन् । आजित र प्रेम सँगै पढेका, बढेका भएकाले एकात्मताको श्रेष्ठतम उदाहरण हुन् । प्रकृतिको सुन्दर हराभर वन, चिसो बतास खाँदै तीन चौथाइ कौब्रुको उकालो चढ्छन् । एक चौथाइ निकै खतरनाक यात्रा बाँकी रहन्छ । हिउँले पुरिएकाले कौब्रु शिखर सपनाको ऐठनजस्तो हुन्छ । प्रेमलाई साह्रै गाह्रो हुन्छ । आजित शिखर चुम्न उन्मत्त देखिन्छ । साह्रै गाह्रो भएपछि मेरा हात समाऊ न भनी अनुरोध गर्छ । समाउन खोज्दा प्रेमको खुट्टाले झनै दुःख दिन्छ कि

भन्ने डर अजितलाई लाग्छ । आजितलाई हिराले हेरिरहेको भान भएकाले पटक पटक प्रेमले गरेको अनुरोधलाई के गरौँ के गरौँ हुन्छ ।  घरबाट हिँड्दा प्रेमका बुवाले भनेका शब्दहरू र हिराले भनेको कुराहरू सम्झन थाल्छ । आफ्नो सपना हिराको अनुहार सम्झेर आजीत उकालो लाग्छ । आजीतले कौब्रुमा झण्डा गाडी फर्किन्छ । प्रेम धेरैबेर छटपटिएर रुन्छ, कराउँछ तर त्यहाँ त्यो रुवाइ निरर्थक बन्छ । आजित प्रेम भएकै बाटोबाट फर्किन्छ । उसलाई भोक र तिर्खाले पनि सताएको हुन्छ । प्रेमलाई खोँचमा खसेको उसले देख्छ । आजीतका आँसुहरु बग्छन् । विजेताको शरीर भए पनि आजीत थरथर काम्न थाल्छ । जीवनमा अहिलेसम्मको बाटो त्यति लामो कष्टकर बनेको थाहा हुँदैन तर त्यो लामो बाटो एक्लै काटिरहेको हुन्छ । बोल्साङ्को झोलुङ्गे पुलछेऊ हिरालाई घाँस काट्न लागेको देख्छ । त्यही जाबो कौब्रु चढ्दा नुनखाएको कुखुराजस्तो झोक्राएर झरेको भनी हिराले भन्छे । आजीत न रुन सक्छ न हाँस्न सक्छ न हिरामाथि रिस पोख्न नै । भावुक भएर प्रेमलाई बचाऊन नसकेको कुरा बताउँछ । आफ्नो साथीलाई पनि बचाउन नसक्ने, साथीका लागि ज्यान दिनुपर्छ, भन्दै हिँड्थ्यौ भनी हिराले भन्छे । आजीत दङ्ग परी म सँग जान्नौ भनी सोध्छ । हिरा पछि नफर्किएर जवाफ नदिई घर गएको सन्दर्भबाट कथाको अन्त्य भएको छ ।

**पात्रचरित्र**: 'कौब्रु' कथाका पात्र चरित्रमा बीरजुङ, हिरा, बाजे, आजित प्रेम, जुनु, कोब्रु, प्रेमको बुवा, पहाड चढ्ने अरू साथीहरु रहेका छन् । हिरा, आजित प्रेम यस कथाका प्रमुख पात्र हुन् । हिरा प्रमुख स्त्री पात्र हो । यस कथाकी सक्रिय, बद्ध, गतिशील, अनुकूल र मञ्चीय पात्र हो । सत् चरित्र भएकी हिरा साहसी पात्र हो । उसको भूमिका कथामा अन्त्यसम्म आएको छ । आजित र प्रेम यस कथाका प्रमुख पुरुष पात्र हुन् । कथामा सक्रिय भूमिकामा रहेका बद्ध, गतिशील, अनुकूल र मञ्चीय पात्र हुन् । साङ्ग र अपाङ्गको चरित्र चित्रण गरेका छन । साहस गर्दागर्दै साङ्ग र अपाङ्गमा पहाड चढ्दा के कस्ता समस्याहरू आइपर्छन् भन्ने कुरा दुवैको भूमिकाले देखाएको छ । वीरजुङ, बाजे र जुनु गौण पात्र हुन् । प्रेमको बुवा यस कथाका सहायक पात्र हुन् । छोरो अपाङ्ग भएकाले चिन्ता धेरै भए पनि जान्छु भनेर कर गरेपछि छोराको इच्छा आकाङ्क्षा बुझिदिने पात्र हुन् ।

**दृष्टिविन्दुः** कौब्रु कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ । कथाकारले कथानकलाई पात्रचरित्रका माध्यमबाट वर्णन गरेका छन् त्यसैले यस कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको  छ ।

**परिवेशः** 'कौब्रु' कथाको परिवेश़ बोलसाङ् हुँदै कौब्रु पहाड सम्मको परिवेश रहेको छ । पहाड़ चढ्दा भएका कठिनाइ प्रकृतिको सुन्दरता, शिखर चुम्दाको खुसी, विफलतामा दुःख, भोक, तिर्खा थकान जस्ता कुरालाई परिवेशका रूपमा लिएको छ । बोलसाङ् र मणिपुर गाउँलाई स्थानको रूपमा लिईएको छ । कौब्रु शिखर धेरै नेपाली र भारतीयको भ्रमणका लागि आकर्षणक केन्द्र हो भन्ने कुरा परिवेशका रूपमा आएको छ ।

**भाषाशैलीः** 'कौब्रु' कथाको भाषाशैली सरल र सहज छ । तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा रोचक देखिन्छ । एकालापीय र संवादात्मक शैलीका वाक्यहरू रहेका छन् । जस्तैः "तपाइँहरू कौब्रुको टुप्पोमा पुगेर आउनुभयो ?" हैन, यहीं खोल्साङ्को पहाडसम्म । (पौड्याल ; २०७६ : २५६) पात्र चरित्रका माध्यमबाट स्तरीय भाषाका साथै गाउँले भाषाको प्रयोग भएको छ । अनुकरणात्मक शब्दका साथै सिङ्गो शब्दहरूको प्रयोग पाइन्छ । पुलुक्क लम्पसार, ढुकढुक, थरथर, आदि बराँट, खोँच, वीर, सालघारी मालिङ्गो सल्लाघारी आदि ।

**उद्देश्यः** 'कौब्रु' कथाको उद्देश्य कौब्रु पहाड भएको ठाउँ त्यहाँको अवस्था, विशेषता आदिका बारेमा जानकारी दिनु हो । कौब्रु पैदलयात्रीका लागि अति नै सुन्दर र घुम्नलायक ठाउँ हो । त्यहाँको वातावरण, प्रकृतिको सुन्दरता, असाध्यै मनमोहक छ । सहरमा बसाइँ गरेका मानिसको लागि यो एक जटिल यात्रा पनि हो । साङ्ग जस्तै अपाङ्गले पनि यस्ता ठाउँको यात्रा गर्न सक्छन् तर उनीहरुलाई जोखिम बढी हुन्छ । भोक तिर्खाको परवाह नगरी पहाड चढनेहरू विजयी हुँदा खुसी हुन्छन् । कतिपय साथीहरूलाई मौसम प्रतिकूलताका कारण ज्यान गुमाउनुपर्ने पनि हुन्छ । त्यो दुःखको क्षण साह्रै नराम्रो क्षण हो । पहाड चढ्दा मौसम, सामग्री, आफ्नो शरीरको अवस्थालाई बुझेर चढ्नुपर्छ भन्ने यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकताः** 'कौब्रु' कथाको शीर्षक, सार्थक रहेको छ । कौब्रु नेपालमा रहेको एक उच्च पहाड हो । ५००० मिटर अग्लो स्थानमा रहेको पहाड़ एकदम सुन्दर र रमणीय स्थल बोलसाङ् नजिकै रहेको छ । केही जोखिम मोल्दै धेरैले आरोहण, गर्न सकिने कौब्रु पैदल यात्राको आकर्षणको केन्द्र पनि हो । कौब्रु कथाका सम्पूर्ण घटनाक्रमा पहाड आरोहण गर्ने, त्यहाँको रमाइलो, वातावरण, जोखिम र दुःख को कुराहरूमाथि केन्द्रित रहेको छ । त्यसैले कौब्रु कथाको शीर्षक रहनु उपयुक्त छ ।

## १९. क्रान्तिवीर

**कथानक** : दरबारमा ढुङ्गा हानेर राजा घाइते भए भन्ने समाचारको शीर्षक नै संवेदनशील थियो भन्ने सन्दर्भबाट कथानकको आरम्भ भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानक अघि बढेको छ । राजपरिवारका सदस्यहरू एक आपसमा झगडा गर्छन् भन्ने सबैले सुनेका छन् । झगडाका लागि नाम कमाएका राजकुमार जर्मनीमा भएकाले राजाका विरुद्ध यो हर्कत कसले गऱ्यो भन्ने आधार छैन । विभिन्न सूचकहरूबाट समाचार प्रेषित हुन्छन् । भोलिपल्ट रेडियोको समाचारले राजा जीवितै भएको कुरा प्रवाह गर्छ । राजाको घटनाले बिहान, दिउँसो समाचार निकालेको व्यापार खुब फस्टाइसकेको हुन्छ । दरबारभित्र घटने घटनालाई त जनता जतिपनि अड्कलबाजी गर्न सक्छन् । त्यसैले दरवारप्रति जानिफकार पनि जनता ठानिन्छन् । यो समाचारले निकै हलचल ल्याएपछि दलहरूले आपत्कालीन बैठक बोलाउँछन् ।

मानवअधिकारको उल्लङ्घन भएको निन्दा गर्छन् । शङ्काको भरमा दण्डसजाय दिनुभन्दा छानविन गर्नुपर्छ भन्ने विज्ञप्ति निकाल्छन् । कानून र व्यवस्था कायम गर्न सैनिकहरु जतातते उभिन्छन् । लावण्य देशमा सुरक्षित रहेका राजामाथिको घटनाले चर्को रूप लिन्छ । भोलिपल्ट छानविन आयोग बन्छ । कसैले गोली प्रहार भई झ्यालको सिसा छेडेकाले गोलीले भन्दा सिसाले घाइते बनाएको कुरा विज्ञप्तिमा उल्लेख गर्छन् । पुरानो एक पत्रकारले राजाको झ्यालको सिसा बुलेटप्रुफ हुँदैन भनी भन्छन् । बुलेटप्रुफ हुन्छ तर राजा अर्को कोठामा भएकाले घटना घटेको कुरा बताउँछन् । राजालाई ताकेर नै गोली चलाइएको थियो र त्यस कोठामा अर्को व्यक्ति पनि थिए भन्ने कुरा निस्कन्छ । उनलाई केही भएन भनी कुनै एक व्यक्तिले जवाफ दिन्छन् । अन्त्यहीन विवाद एक महिनासम्म चल्छ । महिनादिन पछिको रिपोटमा सडकपारि रहेको एक रैथानेको छतबाट बाह्र वर्षको केटोले ढुङ्गा हान्दा घटना घटेको हो । केटाका बाबु राजदरबार विरोधी थिए । उनको संलग्नता अन्तर्राष्ट्रिय गिरोहसँग पनि थियो त्यसैले आफू फसिने डरले नाबालक छोरालाई त्यसो गर्न लगाइएको समाचार पेस गरिन्छ । अरू कुनै समूहले राजाले विदेशी रक्सी खान लागेकाले घटना घटेको बताउँछन् । आ- आफ्नै किसिमका समाचारहरु निकाल्छन् । व्यापक धपेडीपछि प्रहरीले एक महिला र बाह्रवर्षे छोरालाई समात्छ । फैसला अदालतमा हुने मत राखे पनि राजाले दरवारमा हुन्छ भनेपछि सबै चुप हुन्छन् । आईमाई निर्दोष छ भनीन्छ । बालकलाई मृत्युदण्ड

दिइन्छ । मानवअधिकारवादीले विरोध गर्छन् । राजाले गरेको निर्णय ठिक भन्ने पनि देखिन्छन् । कसैले बालक क्रान्तिवीर भएको पनि बताउँछन् । बालकलाई प्राण दण्ड दिइन्छ । प्राणदण्डमा संलग्न एक गार्ड राजाकै ज्यानमाथि आक्रमण गर्ने व्यक्तिलाई सजाए दिएकोमा बक्सिस पाउँछन् । तर त्यो गार्डले आज बक्सिसको आश नगरी दरवार बाहिरैबाट सधैँका लागि धेरै गोप्य कथाहरु लगेर निस्कन्छ । त्यो गार्ड कहिल्यै कहीँ कतै नदेखिएको कुरा कथानकसँगै कथाको अन्त्य भएको छ ।

**पात्र चरित्रः** 'क्रान्तिवीर' कथाका पात्र चरित्रमा राजा, बालक, पत्रकारहरू, आइमाई, गार्ड, बालकको बुवा, मानअधिकारवादीहरू रहेका छन् । राजा र बालक यस कथाका केन्द्रीय पात्र हुन् । उनीहरुको भूमिका सक्रिय रूपमा कथाको सुरुदेखि अन्त्यसम्म रहेको छ । बद्ध र मञ्चीय पात्रका रूपमा रहेका छन् । बालक १२ वर्षे बाल पात्र हो । विकास र परिवर्तनका लागि क्रान्ति गर्नुपर्छ तब देशको अवस्था सुधार्न सकिन्छ भन्ने भाव बालकमा रहेको छ । राजामा एकतन्त्रीय शासन प्रणाली हाबी नै छ । पत्रकार र आइमाई सहायक पात्र हुन् । यी दुवैले मुख्य पात्रलाई कथाको अन्त्यसम्म पुऱ्याउन सहयोग पुऱ्याएका छन् । बालकको बुबा, मानवअधिकारवादीहरु यस कथाका गौण पात्र हुन् । कथाको कनै एक प्रसङ्गमा मात्र उनीहरूको प्रसङ्ग जोडिएको छ ।

**दृष्टिविन्दुः** 'क्रान्तिवीर' कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले कथानकलाई पात्र/चरित्रका माध्यमबाट घटनाक्रम घटाएका छन् त्यसैले यस कथाको दृष्टिविन्दु तृतीय पुरुष रहेको छ ।

**परिवेशः** 'क्रान्तिवीर' कथाको परिवेश राजपरिवारको विचलनले गर्दा के-कस्ता समस्याहरू आउँछन् । देशको मुख्य व्यक्तिमाथि घटना घटेपछि पत्रकार जनता राजद्रोही, र राजापक्षपातीहरूको अवस्था र उनीहरूले गर्ने काम कारवाही नै यस कथाको परिवेशका रूपमा आएको छ । समयका आधारमा यो कथाले २०६२/०६३ को जनआन्दोलनलाई सङ्केत गरेको छ ।

**भाषाशैलीः** 'क्रान्तिवीर' कथाको भाषाशैली सरल र सहज छ । एकतन्त्रीय शासन प्रणालीमा देशको मुख्य व्यक्तिमाथि हमला हुँदा कसरी समाधान हुन्थ्यो भन्ने कुराको चर्चा कथामा गरिएको छ । "अनि राजा मात्रै रहेछन् त्यस कोठाभित्र त्यो बेला?" "अर्को एक जना पनि थियो रे । तर गोली राजालाई  नै ताकेर हानिएको थियो रेन्त ।" (पौड्याल ; २०७६ : २७४)

प्रश्न र उत्तरात्मक शैलीका वाक्यहरू रहेका छन् । एकलापीय र संवादात्मक शैलीका वाक्यहरू आएका छन । तत्सम, तद्भव र आगन्तुक शब्दको संयोजनले कथा रोचक बनेको छ ।

**उद्देश्यः** 'क्रान्तिवीर" कथाको उद्देश्य बालपात्रको असामान्य विद्रोही चेतनालाई देखाउन खोजिएको छ । देशको सबैभन्दा उच्च सुरक्षामा रहने र सुरक्षा दिलाउने व्यक्तिलाई नै असुरक्षा हुन्छ । कसले ? कसरी, किन यसो गर्‍यो भन्ने थाहा हुँदैन । ठोस प्रमाण नभई व्यक्ति व्यक्तिले सुनेका भरमा लेख विज्ञप्तिहरु छापिन्छन् । छानबिनका लागि आयोग बनाइन्छ । संविधानमा उल्लेख भएपनि नभए पनि अन्त्यमा राजाले जे निर्णय सुनाए त्यही लागू हुन्छ । सत्य कुरा लुकाइन्छ । दोषी उम्किन्छ, निर्दोषीलाई फाँसी दिइन्छ । सत्यतथ्य कुरा बाहिर कहिल्यै आउन सक्दैन । आफ्नो देशको क्रूर शासन व्यवस्थामाथि केही नबोली ज्यान अर्पण गर्ने बालक आमाको ममता लाई कहिल्यै लत्याउन सक्दैन आमाको ममता कहिल्यै भुल्न सक्दैन । त्यस्ता सन्तान जन्मदिने आमालाई राजद्रोहीको संज्ञा दिइन्छ । हाँसी हाँसी ज्यान फाॅसी दिन सकेकाले बालक क्रान्तिवीर बन्दछ । आमा र आफ्नो देश, प्यारो हुने भएकाले विद्रोह मच्चाउन चाहँदैनन् बरु मर्न बाध्य हुन्छन भन्ने कुरा यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकताः** 'क्रान्तिवीर' कथाको शीर्षक सार्थक छ । कथामा राजपरिवारमा भएको घटनाले विद्रोहको रूप लिएको छ । राजा नै सुरक्षित रहन नसकेपछि जनतामा विभिन्न सङ्कोचहरू आएका छन । शासन सत्ता परिवर्तनका लागि एक बालकले आफूखुसी फाँसी दिएका छन् । आफ्नो देश रुनु आमा रुनु हो । बालकलाई आमालाई कसैले लत्याएको रुवाएको हेर्ने मन छैन । क्रूर शासन प्रणालीले गर्दा देशमा शान्ति हुन सक्दैन । देश विकासको गतिमा लम्कन सक्दैन् । एकतन्त्रीय शासन प्रणालीले सम्पूर्ण जनताका जनभावनाहरू समेट्न सक्दैन । संविधान र कानुनको परवाह नहुने शासन प्रणालीले विद्रोह मात्रै मच्चाउँछ भन्ने कुरा कथाबाट थाहा पाउन सकिन्छ । अन्त्यमा यही कुरालाई मनन गर्दै एक बालकले देशमा परिवर्तन चाहेकाले विद्रोह गर्न चाहेका छन् र त्यो घटना घटाएका छन् । देशको लागि बलिदान दिएका छन् । उनी क्रान्तिवीर बनेका छन् । त्यसैले यस कथाको शीर्षक 'क्रान्तिवीर' रहनु सार्थक छ ।

२०. त्यसपछि फुलेन गोदावरी

**कथानक**: दिवङ्गत भतिजाको स्मृतिमा गोदावरीको एक बगैचा बनाउँदै गरेको सन्दर्भबाट कथानक आरम्भ भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचाअनुसार कथानक अघि बढेको छ । पुङ्गिन गोदावरी फूलजस्तै उज्यालो अनुहार भएको छ । पुङ्गिन 'म' पात्रको परिवार भेट्न आइरहन्छ । पुङ्गिनले भेट्ने सामाजिक र व्यक्तिगतका साथै थुप्रै कारणहरू थिए । साहित्यको स्पर्श पाएका 'म' पात्रको परिवारबाट पनि थुप्रै कुरा थाहा पाएको छ । 'म' पात्रले पुङ्गिनको आगमन दुई कारणले विशिष्ट बनेको लाग्थ्यो । एउटा विशिष्ट कथा सुनाउँथ्यो र दोस्रो ऊ कहिल्यै फर्केर आउँथेन । कथाकारका परिवारको बानी प्रिय व्यक्तिसँग धेरै प्रश्नहरु नसोध्ने हुन्छ । त्यसैले सोध्नका लागि प्रश्नहरु भए पनि सोध्ने गर्दैनथे । पुङ्गिनले मणिपुर डाँडातिरका आदिवासीसँग सम्बन्ध जोडेको थियो भने बेँसीतिरका आदिवासीसँग जातीय युद्धमा संलग्न हुन्छ । विचमा रहेका नेपाली आप्रवासीहरु अचानो जस्तै बनेका हुन्छन् । उनीहरू कसैका बैरी हुँदैनन् साथी हुन्छन् ।

पुङ्गिन एक सुन्दर ईश्वरीय गुण भएको व्यक्ति हो । उसको पहिचान एक बन्दुकधारी, भूमिगत छापामार पनि हो । कथाकारले राती प्रहरीको आँखा छलेर लुक्न आएको कुरा थाहा पाएका छन् । हाम्रा विरुद्ध प्रयोग नहुने निर्धकताले गर्दा बन्दुक गोली र हतगोलाहरू देखे पनि उसको गोपनीयता भङ्ग हुँदैन । अरू वर्षभन्दा फरक त्यो वर्ष निकै चिसो हुन्छ । इसाई धर्मका विश्वासीहरू दायाँबाँया बस्ती जमाएर बसेका हुन्छन् । डाँडाकाँडाहरुले बेँसीकाहरूलाई आक्रमण गर्छन् । लगभग सत्ताइसलाई घाँटी रेटेरे छिनाले भन्ने सुनिन्छ । बम बारुदको आवाजले शान्त रहने आकाश पनि छियाछिया हुन्छ । गिर्जाघरमा प्रार्थना गरिरहेको विश्वासीलाई अर्को जातका विश्वासिले सोत्तर पारेर मारेका हुन्छन् । पुङ्गिन कपालभरि माटो, ओभरकोट भिजेको, कम्बेट जुत्ताभरि चिप्लो माटो पोतिएको अवस्थामा 'म' पात्रको घरपछाडिबाट भित्र पस्छ । निःशब्द भई अगेनाको आगो ताप्दै आजसम्मकै दुःखद कथा छ, भन्छ । कथाकारका परिवारहरु निकै रोचक छ होला भन्ने मानेर नजिकै झुम्मिएर बस्छन् । ६ जना पुरुष र ४ जना महिला काट्दा पनि केही लागेन भन्दै सुनाउँछ । पुराना राजा रानीका कथा सुनेका कथाकारका परिवारले पुङ्गिनका कथा राम्रा मान्दैनन् । अपाङ्ग र अशक्त बाहेक पुरै समुदाय नै सखाप पार्छन् । कथाकारका परिवारले भगवान्का नाममा भगवानका पुत्रका नाममा र पवित्र आत्मका नाममा 'हालेलुया' गाएका हुन्छन् । सदा

झैँ चिया खाने समयमा चिया दिँदा पुङ्गिनल अस्वीकार गर्छ । कथाकार कति मरे लास हेर्न चाहन्छन्  । 'म' पात्रले दश जनाको लास गन्छन् । पुङ्गिन अपत्यारिलो तरिकाले रोइरहेको हुन्छ । 'म' पात्रले वास्ताविक विजेता भएकाले एक्लै हिँड्ने निधो गर्छन् । त्यही क्रममा 'म' पात्रले एउटा महिला गुफाभित्र हलचल गरिरहेको देख्छन् । गुफाको नजिक पुगेर हेर्दा एक अबोध शिशु 'आमा' भनी चिच्याइरहेको हुन्छ । नजिकै एकजोडी नारीका आँखासँग 'म' पात्रका आँखा जुध्छन् । काखमा छोरी लिएर त्यो अवस्थामा हुँदा पनि कुनै डर त्रासका रेसाहरू देख्दैनन । 'म' पात्र त्यो कारुणिक अवस्था देखेर पग्लिन्छन् । ती महिला आफ्नै आमाजस्तो लाग्छ । अरू संसारका नारीमध्ये सबैभन्दा राम्री पनि आमा नै हुन्छन् भन्ने लाग्छ । 'म' पात्रले दुश्मनकै आमा भएपनि आमा नै भन्ने लागेर बचाउने निर्णय गर्छन् । 'म' पात्रले ती नारीलाई तपाइँलाई मार्दिन, नानीलाई केही चाहिन्छ भने भन्नुहोस् भन्छन् । त्यत्तिकैमा ती नारी 'म' पात्रका पाउ समातेर विलाप गर्न थाल्छिन् । आमाले विलाप गरेको देखेपछि नानी झनै रुन थाल्छिन् । कमाण्डर त्यक्तिकैमा पुगेर यो हर्कत देख्दा बाइबलमा भएको करुणाको पाठ सिकेको अनुभूति गर्छन् । 'म' पात्र आमा र नानीप्रतिको मायाले आफ्नो विगतको इतिहासको बिर्सन सक्दैनन् । हेक्काइ पुङ्गिन माथि खनिएपछि आफ्नो बफादारी पूरा गर्न तरबार चलाउँछन् र आमा छोरीको मृत्यु हुन्छ । पुङ्गिनको भन्ने कथा सकिएपछि भैँमा लड्छ । दोस्रो दिन सेनाको दोहोरो लडाइँमा मारिन्छ र कहिल्यै फर्केर आउँदैन । 'म' पात्रका घरमा गोदावरीको फूल जोतिसकेकाले अब कहिल्यै फुल्दैन भनेसँगै कथाको दुःखद अन्त्य भएको छ ।

**पात्रचरित्रः** 'त्यसपछि फुलेन गोदावरी' कथाका पात्र चरित्रमा 'म' पात्र, म पात्रका परिवार, पुङ्गिन, आमा छोरी, हेक्काइ, आदिवासीहरु रहेका छन् । 'म' पात्र र पुङ्गिन यस कथाका प्रमुख केन्द्रीय पात्र हुन् । 'म' पात्र र पुङ्गिन पुरुष पात्र, गतिशील, बद्ध, मञ्चीय पात्र हुन् । दुबैको भूमिका कथाको सुरुदेखि अन्त्यसम्म नै रहेको छ । दुवै जातीय युद्धमा संलग्न पात्र हुन् । 'म' पात्रको परिवार सहायक पात्र हुन् । कथालाई अघि बढाउन उनीहरूको भूमिका रहेको छ । आमाछोरी, हेक्काइ, आदिवासीहरू यस कथाका गौण पात्र हुन् । कथाको कुनै एक प्रसङ्गअनुसार उनीहरूको प्रसङ्ग आएको  छ । यिनीहरू गौण पात्र हुन् ।

**दृष्टिबिन्दुः** 'त्यसपछि फुलेन गोदावरी' कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुष रहेको छ । कथाकारले कथानकलाई स्वयम् आफ्ना र पात्रचरित्रका माध्यमबाट घटना घटाएकाले यस कथाको दृष्टिवन्दु प्रथम र तृतीय पुरुष रहेको छ ।

**परिवेशः** 'त्यसपछि फुलेन गोदावरी' कथाको परिवेशमा क्रिश्चियन धर्मावलम्बीहरूले जातीय द्वन्द्वका कारण आप्रवासीमाथि आक्रमण गरी नाम निसाना नै मेटाइदिएको परिवेश उल्लेख गरिएको छ । एउटै धर्मकर्ममा आबद्ध रहेका आप्रवासीहरुबिच एक अर्कामा युद्ध भएको छ । बेँसीमा रहेका आप्रवासीहरू कहिल्यै जन्मने पनि छैनन् । युवाहरू बालक सबै सोत्तर पारेका छन् । अपाङ्ग र बुढाबुढी अलि अलि रहे पनि बाँकी सबैको चिहान एउटै बनाइदिएका छन् । कारुणिक कथाको परिवेशलाई अँगालेको छ । सबै पात्रचरित्रमा नैराश्य छ । उनीहरू कहिल्यै फर्केर आउँदैनन् । युद्धको परिवेशलाई अँगालेर लेखिएको यस कथामा आँसु, रोदन, अशान्ति, रगत र मृत्युका कुराहरू समेटिएका छन् । यस कथाको स्थान विशेषका रूपमा मणिपुर र तपोन गाउँ आएका छन् । "हामी लाश हेर्न चाहन्थ्यो............ मेरो नाउँमा कति लाश परे, म त्यो गन्न चाहन्थेँ (पौड्याल ; २०७६ : २८५) समयका आधारमा २०५२-२०६०/०६१ सम्मको सशस्त्र जनयुद्धको समयलाई सङकेत गरेको छ ।

**भाषाशैलीः** 'त्यसपछि फुलेन गोदावरी' कथाको भाषाशैली सरल र सहज छ । तत्सम, तद्भव आगन्तुक शब्दका साथै अनुकरणात्मक शब्दहरुको प्रयोगले कथा सुन्दर भएको छ । एकलापीय र संवादात्मक शैलीका थुप्रै वाक्यहरु रहेका छन् "र अन्त्यमा जब म त्यो मोडमा पुगेँ .....म एक्कासि ...." प्रश्नात्मक र उत्तरात्मक शैलीका वाक्यहरु रहेका छन् ? दुश्मनका पनि आमा हुन्छन कि हुँदैनन् ? कि हुँदैनन् ? मलाई थाहा थिएन (पौड्याल ;२०७६ : २८९) ।

**उद्देश्यः** 'त्यसपछि फुलेन गोदावरी' कथाको उद्देश्य हत्याहिंसा, युद्धले अशान्ति निम्त्याउँछ । हर्ष र खुसीका क्षणहरुलाई आँसु र रोदनमा बदलिदिन्छ । एउटै धर्मकर्ममा रहेका समाज समाज र समुदायको झगडाले गाउँको नाम निशाना नै मेटिन्छ । पल पलका खुसीहरू लुटिसकेपछि त्यही खुसी पाउन सकिँदैन । उजाड भइसकेको बाँगैचामा फूल कहिल्यै फुल्न सक्दैनन् । फूल फुलाउनका लागि त्यसको संरक्षण र संवर्द्धन गर्नुपर्छ । आपसी मेलमिलाप र एकताले मात्र शान्ति र अमन चयन ल्याउन सकिन्छ । भगवान् त एउटै छन् भने मन फरक फरक भएको आभाष गर्नाले हामी कहिल्यै उभो लाग्न सक्दैनौं । अर्कालाई दुःख कष्ट

दिँदा कुनै पनि भगवान खुशी हुन सक्दैनन् । कुनै पनि धर्मको मूल मन्त्र हत्याहिंसा गर, काटमार गर, असत्य बोल म खुसी हुन्छु भन्ने छैन । त्यसैले अर्काका कुभलो चिताउनु हिंसा गर्नु मार्नु, तडपाउनु राम्रो होइन । मिलेर बस्नु सबैको उपकार गर्नु राम्रो हो । युद्धमा विजयी हुनु बफादारी प्राप्त गर्नु होइन यसले त अरूको विनाश र बर्बादी निम्त्याउँछ । उपकार गर्न सिकाएको हुँदैन त्यसैले एक अर्कामा माया सद्भाव राखेमा जीवनमा खुसी र शान्ति मिल्छ भन्ने कुरा यस कथाको उद्देश्य हो ।

**शीर्षक सार्थकता:** 'त्यसपछि फुलेन गोदावरी' कथाको शीर्षक सार्थक छ । गोदावरी फूल नरम भुँवादार पात हुने शरद ऋतुमा फूल्ने फूल हो । पुङ्गिनलाई यस कथामा त्यही गोदावरी फूलको नाम दिइएको छ । सबैको मनमुटुमा बसेको पुङ्गिन युद्धका कारण विक्षिप्त बनेको छ । विजय हाँसिल गरेपनि खुसी छैन । आँखामा आँसु नै आँसू छन् । नम्र स्वभाव, दयालु र सहयोगी पुङ्गिन कठोर बन्न खोज्छ तर सकेको छैन । युद्धले विनाश निम्त्याएपछि उसको मन छिया छिया भएको छ । खुलेर आफ्नो पीडालाई बताउन सकेको छैन । युद्धमा होमिदा दोहोरो भिडन्तमा उसको मृत्यु भएको छ । उसले आफ्नो जीवनका कथा कहिल्यै सुनाउन पाउनेछैन । ऊ सधैंका लागि अस्ताएको छ । गोदावरी फुलाउने आशले बगैंचा बनाउन थालेका 'म' पात्रका परिवारले पनि बगैचा जोतिदिएका छन । अब त्यस बगैंचामा गोदावरी कहिल्यै फुल्न सक्दैन । जातिय युद्धमा परी बेसी गाउँका आदिवासीहरु सवै सोत्तर भएका छन । अब बेँसी गाउँमा आदिवासी नामले चिनिने कोही छैन । सन्तान जन्मिन पनि सक्दैन । उनीहरुको आदिवासी आप्रवासी युद्धमा युवा, बालक, शिशु, साङ्ग जति सबै मरिसकेका छन, त्यसैले आदिवासी फेरि जन्मने नाम निशाना मेटिसकेको छ । यस कथाका पात्रचरित्रहरु फेरि नउदाउने भएकाले त्यसपछि कहिल्यै गोदावरी फुलेन । जब आमा र छोरीलाई बफादारी सिद्ध गर्न बन्दुक चलाउँछ र उनीहरु मारिन्छन् तब गोदावारी फूल्ने ऋतु आएको छैन् । सेनाको भिडन्तमा पुङ्गिन नै मारिएपछि बगैचा नै उजाड भएको छ । त्यसैले गोदावरी फुल्ने ऋतु र बगैँचा नै उजाड बनाइदिएपछि गोदावरी फुल्ने छैन । त्यसैले यस कथाको शीर्षक त्यसपछि फुलेन गोदावरी रहनु सार्थक छ ।

# परिच्छेद-५ : उपसंहार

कथाकार महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरी'* कथा संग्रहमा कथाहरूको अध्ययन विश्लेषण' शीर्षकको प्रस्तुत शोधपत्र पाँचौं परिच्छेदमा विभाजन गरिएको छ । यस अर्न्तगत शोध शीर्षक, शोधपत्रको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य महत्व र उपयोगिता, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि हुँदै शोधपत्रको रूपरेखा समेत प्रस्तुत गरिएको छ । त्यसपछि समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्रको द्वितीय परिच्छेद अन्तर्गत महेश पौड्यालको जीवनी, व्यक्तित्व र कथा यात्रा रहेको छ । यो परिच्छेद महेश पौड्यालको परिचय खण्ड हो । प्रस्तुत परिच्छेदमा जन्म, बाल्यकाल, शिक्षादिक्षा, उपनयन संस्कार, वैवाहिक सम्बन्ध, पेसा, आर्थिक सिथिति संलग्नता, मानसम्मान पुरस्कार, भ्रमण तथा तालिम आदि कुराहरु समेटिएका छन् ।

तृतीय परिच्छेदमा कथाको 'सैद्धान्तिक परिचय' शीर्षक रहेको छ यस परिच्छेदमा कथाको पृष्ठभूमि, कथाको परिभाषा, कथाको स्वरूप, त□वहरूको चर्चा गरिएको छ । प्रस्तुत शोधपत्रको चौथो परिच्छेद *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको २० वटा कथाको त□वगत आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेदमा *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहमा रहेका २० वटा कथाहरूको सङ्क्षेपमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्दासम्म यो निष्कर्षमा पुगिएको छ कि झापा जिल्लाको सतासीधामा वडा नं. ९ मा जन्मिएका महेश पौड्यालले हाम्रो समाजमा रहेका पात्रहरूको अध्ययन गरी तिनीहरुको सङ्कुचित धारणालाई विकसित तुल्याउन खोजेका छन् । *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रह महेश पौड्यालद्वारा रचित कृति हो । प्रस्तुत कृति २९३ पृष्ठ लामो रहेको छ । कथा लेखनका क्रममा प्राचीन संस्कार सामाजिक विकृति विसङ्गति र बालक सत्य तथ्य कुराहरूलाई खोज अनुसन्धान गरी कथाका रूपबाट प्रस्तुत गरेका छन् । यस कृतिमा समाजमा लुकेका, स्थान नपाएका पात्रचरित्रलाई टिपेर उनीहरूको मनोदशा दर्शाउन खोजिकाएको छ । संवेदनाले भरिपूर्ण कथासङ्ग्रहमा संयोग भन्दा वियोगको कारुणिक पक्षलाई देखाइएको छ ।

त्यस्ता पात्रहरू छन् जो सधैँ अँध्यारोमा बस्न बाध्य भए वा पारिए सामाजिक संरचना तय गर्ने प्रभुत्वशाली वर्गलाई विरोध गर्न सकेनन् । त्यसै संस्कृति भोगिरहेका ग्रामीण आम नेपाली महाजातिहरुको आ-आफ्नो कथा हो । कथामा रहेका चरित्रहरू, चेतन, अचेतन मनको द्वन्द्वमा र शिथिलता रिक्ततामा केन्द्रित छन् । जन्मेपछि मानिसले अनेक तृष्णा, भोग, ममता राग लिएर आएको हुन्छ । मानिसमा सन्तोष असन्तोषका दुवै पक्षहरू रहन्छन् । नियतिले ठगिएका र विरक्तिएका पात्रहरू धेरै छन् । त्यस्ता पात्रमा आशाहरु देखाई कथाकारले तिनको मनोबल उच्च हुनुपर्छ भन्ने भाव प्रस्तुत गरेका छन । सम्पूर्ण कथाहरू सत्य भएपनि परिवर्तनका लागि आशाका किरणहरु लुकेका हुन्छन् भन्ने दृष्टिकोण रहेको कथा सङ्ग्रह *'त्यसपछि फुलेन गोदावरी'* हो ।

समग्रमा यी कथाहरूले सामाजिक यथार्थभित्रै प्रगतिशीलतालाई पनि आत्मसाथ गरेका छन् । मनोविज्ञान र विसङ्गतिलाई आत्मसाथ गर्दै लेखिएका कथाहरू सरल सहज पनि छन् । कथाहरूमा विभिन्न बिम्ब र प्रतिकको संयोजन, भाषाशैली, परिवेश पात्रचरित्रको छनोटले कथाहरू उत्कृष्ट बनेका छन् ।

*'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रमा २० वटा कथाहरू रहेका छन् । नर्सरी, निदाल, सिकारी पुरुष मनोविज्ञानमा आधारित कथा हुन् । उनी योगमाया भइन्, लामबद्ध प्रतिघांत, दृश्यान्तर र काकी शीर्षकका कथाहरू महिला मनोविज्ञानमा आधारित कथाहरू हुन् । पर्खाल र परेवा, क्रान्तिवीर, भुवन, अदालत बाहिर, वर्गीय द्वन्द्वको प्रतिनिधित्व गर्ने सामाजिक कथाहरू हुन् । 'लौरो, कर्णालीको पल्लोतिर कथामा लोकविश्वासमा आधारित कथाहरू हुन् ।

१. *'त्यसपछि फुलेन गोदावरी* कथासङ्ग्रहको पहिलो कथा 'नर्सरी' हो । सामाजिक कथाकार महेश पौड्यालले छोराको मृत्युपछि एक बाबुमा उत्पन हुने संवेदनाका कुराहरूलाई दर्शाउन खोजेका छन । छोराको जन्मसँगै खुशीले सजाइएका हरेक सपनाहरू तुहिँदा बाबुको मन कतिसम्म विक्षिप्त बन्छ, कस्ता किसिमका संवेदनाहरू लुकाएर हिँड्नुपर्ने रहेछ भन्नेकुरा 'नर्सरी' कथामा देखाउन खोजिएको छ ।

२. *'यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको दोस्रो कथा 'निदाल' रहेको छ । यो कथा पुरुष मनोविज्ञानमा आधारित कथा हो । आफू जवान रहँदा सबैभन्दा बलियो घर बनाउने उद्देश्यले ल्याएको 'निदाल' धर्मे बा को पुरुषार्थ देखाउने वस्तु भएको छ । त्यो निदाललाई धर्मे बाले आफ्नो ज्यानको बाजी राखेर ल्याएर दुःख गरी घर बनाएका थिए । छोराहरूको

कारण धर्मेबाको पुरुषार्थ त्यो समाजमा यथावत रहेन । बसाइ सर्नुपर्ने भएको कारण घर भत्काउनुपर्ने भएको छ । धर्मेबाले अब पहिले झैँ आफ्नो पुरुषार्थको सम्मान सहरमा नहुने भएको ठहर गरेका छन् ।

३. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको तेस्रो कथा सिकारी रहको छ । यो कथा पनि पुरुष मनोविज्ञानमा आधारित कथा हो । नातिलाई आफूजस्तो कठोर भाव जगाउनका लागि हजुरबाले अनेकौँ प्रयास गरेका छन् । पुरुषमा कठोरता हुनुपर्छ भन्ने भाव यस कथाबाट पाउन सकिन्छ ।

४. बालमनोविज्ञानमा आधारित 'कर्णालीको पल्लो किनार' कथा लोकविश्वासमा आधारित कथा हो । यस कथामा अप्सराले आफ्नी हजुरआमाको ममताले गर्दा सुनेको भरमा कर्णालीको पल्लोतिर हजुरआमा कहिल्यै नआउनेगरी जानुहुन्छ भन्ने थाहा पाएपछि अन्तिम अवस्थामा रहेको हजुरआमालाई छोडेर पहिला नै आफ पुगेकी छिन । दिनभर त्यही नदीमा अनेकौ बाल सुलभता देखाएकी छिन । घरमा नातिनी नभएको कुरा थाहा पाएपछि हजुरआमालाई झन व्यथाले चापेको छ । साँझ घर पुग्दा हजुरआमाले संसार छोडिसकेकी हुन्छिन् । बालबालिकाका लागि घरका हजुरबा हजुरआमा अति नै प्यारो हुन्छन् । उनीहरूको अभावमा तड्पिन्छन् । हजुरबा र आमाका लागि नातिनातिनी पनि मुटुका टुक्रा नै हुन् । दुवैको मायाको अभावमा छटपटि न्यास्रो महसुस हुन्छ भन्ने भाव यस कथाको रहेको छ ।

५) 'अदालत बाहिर' कथा *'त्यसपछि फुलेन गोदावरी'* कथा सङ्ग्रहको पाँचौ कथा हो । सामाजिक यथार्थमा आधारित कथाले वर्गीय द्वन्द्वलाई देखाउन खोजिएको छ । उचनिच सम्प्रदायको भावनाले बालबालिकामा कस्तो असर पर्छ । यस्ता कुराहरू मान्ने नमान्ने कुरामा कानुनको कस्तो प्रावधान छ । बालकहरूमा घरपरिवारका मनोभावना बुझ्ने क्षमता भएको हुँदैन । उनीहरुको स्वभाव निश्चल हुन्छ । साथीबिच पवित्र, माया, स्नेह हुन्छ । उनीहरू सत्यकुरा मात्रै ओकेल्छन । एक अर्कामा मिलेर खेल्न पाउनु उनीहरुको अधिकारको कुरो हो । धनको घमण्ड कसैलाई स्वीकार्य हुँदैन । समाजमा बसिसकेपछि, समान व्यवहार, मेलमिलाप जस्ता भावहरू राख्नुपर्छ । धनी र गरिब व्यवहारले एक अर्कामा चिनिनु र चिनाउन खोज्नु राम्रो होइन भने कुरा 'अदालत बाहिर' कथाले भन्न खोजेको छ ।

६. *'त्यसपछि फुलेन गोदावरी'* कथाको छैटौँ कथा 'उनी योगमाया भइन्' कथा रहेको छ । नारी मनोविज्ञानमा आधारित यस कथाले समाजको नारीप्रतिको चित धारणा, श्रीमानको

मृत्युपछि नारीले छोराछोरीका लागि गरिने संघर्ष, तिनै छोराछोरीको कटु वचनले एक आमामा उब्जेको आत्महत्याको भाव सर्वसम्मत सत्य छ । सामाजिक अपराध होइन भन्ने कुरा यस कथाले देखाउन खोजेको छ । योगमाया जस्ता नारीहरू कैयौँ नारीले आफ्नो हत्या लुकिछिपि तरिकाले गर्छन् । समाजको अनेकौँ लाञ्छना मृत्युपछि पनि भोग्छन् । प्रजातन्त्र रहेको अवस्थामा पनि आफूमाथि भएको अन्याय अत्याचार लाई पोखेर देखाएर मर्नु अरू नारीले न्याय पाउनु हो । आत्महत्या घोषणा गर्न पाउनुपर्छ । विभिन्न लाल्छनाले कुँडिएको मन शान्त रहन्छ । बाबुटोक्कुइ, पोइ टोक्कुइ जस्ता अपशब्द अरू नारीले त सुन्न नपरोस भनी मृत्युसँग सोध्नजाने सन्ध्यारानी, समाजकी एक उत्कृष्ट महिला हुन । जुन नारीसमाजसँग जुध्न डराएकी छैनन् भन्ने कुरा यो कथाले देखाउन खोजको छ ।

७. *'त्यसपछि फुलेन गोदावरी'* कथाको सातौँ कथा हुलाकी रहेको छ । प्रजातन्त्रको उदयपछि देशमा हुलाक सेवाले पाएको चर्चा र विज्ञान र प्रविधिको विकाससँगै लोप भएको हुलाक र हुलाकीको अवस्थालाई यो कथाले देखाउन खोजेको छ । चिठीपत्रको प्रयोग हुन थालेपछि हुलाकी कहाँ छन् कस्तो अवस्थामा छन थाहा नभएको र पेशा नै लोप भएको कुरा कथामा देखाउन खोजिएको छ ।

८. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको आठौं कथा 'ताल्चा' रहेको छ । यस कथामा राम्रो र गुणस्तरीय शिक्षा दिने नाममा खोलिएका निजी स्तरका विद्यालयले व्यावहारिक र उपयोगी शिक्षा दिन सकेका छैनन् । कागजको $A^+$ भन्दा व्यवहारको $A^+$ धेरै उपयोगी हुन्छ । त्यसैले व्यवहारमा उपयोग हुन नसक्ने शिक्षामा मनैदेखि ताल्चा लाग्नुपर्छ भन्ने भाव यस कथाको रहेको छ ।

९. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको नवौं कथा 'भुवन' रहेको छ । यस कथामा सिमान्तकृत बालबालिकाहरू अझैँ पनि समाजमा दासत्व भोगिरहेकै छन । उनीहरूको सपना आफ्नै लाससँग समाप्त हुन्छ । प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गमाथि गर्ने अन्याय र अत्याचार बढी घातक छ । भोक, शोक, र रोगले तड्पाउने प्रभुत्वशाली वर्ग सीमान्तकृत वर्गको दुःख पीडामा दुःखी हुँदैनन् । उनीहरू र आफूमा धेरै फरकपन हुन्छ भन्ने ठान्छन् । भोगी, रोगी बनाई मृत्युको मुखमा पुऱ्याइदिने यस्ता उच्च वर्गका व्यक्तिमा मानवता हुँदैन भन्ने कुरा यस कथामा पाउन सकिन्छ ।

१०. 'पानीमुनिको जुन' *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको दशौं कथा हो । समाजमा रहेका आफ्ना संवेदना र दु:ख लुकाइ हिँड्ने पात्रको मनोविज्ञान पनि बुझ्न सक्नुपर्छ । त्यस्ता पात्र पूर्णिमाको जुन जस्तै सफा निश्चल हुनेगर्दछन् । बाहिरी देखावट फरकै भए पनि हामीले त्यस्ता व्यक्तिको खोजीनिति गरी सत्य कुरा पत्ता लगाउन सक्नुपर्छ भन्ने भाव यस कथामा पाउन सकिन्छ ।

११) *'त्यसपछि फुलेन गोदावरी'* कथाको एघारौं कथा 'पर्खाल र परेवाहरू' रहेको छ । यो कथा वर्गीय द्वन्दमा आधारित कथा हो । दुई छिमेकी बिचको प्रगाढ सम्बन्धमा आँच पर्खाल र परेवाले पुऱ्याएको छ । धनको घमण्डले विनाश र बर्बादी, निम्त्याउँछ । सम्बन्धमा धमिलोपन ल्याउँछ आफ्नै अहमतामाथि गर्व गर्न सिकाउँछ वा यसको नतिजा निकै मार्मिक हुन्छ भन्नेकुरा यस कथाले देखाउन खोजेको छ ।

१२. *'त्यसपछि फुलेन गोदावरी'* कथाको बाह्रौं कथा 'लौरो' हो । यो कथा लोकविश्वासमा आधारित कथा हो । पूर्वजन्मको कर्म अनुसार वर्तमानको जन्ममा फल पाउने कुरा उल्लेख गरिएको छ । पूर्वजन्ममा कोही साहु र आफू ऋणी भएपछि असल कर्मगरी कमाएको धनपनि उसैको हुन्छ आफ्नो हुँदैन भन्ने लोकविश्वासका कुरा 'लौरो' कथामा पाउन सकिन्छ ।

१३) *'त्यसपछि फुलेन गोदावरी'* कथाको तेह्रौं कथा 'लामबद्ध प्रतिघातहरू' रहेको छ । यस कथामा घातकहरू लामवद्ध छन् । आमा र छोरीका माध्यमवाट एक हाम्रो समाजको सामाजिक संस्कारको विघटन जनाइएको छ । कृत्रिमता र देखावटीका पछाडि लाग्ने युवाले न आफू न समाजलाई नै सही दिशादिन सकेका छन् । यस्तो विकृति र विसङ्गतिले समाजमा असल संस्कार, मानवले सिक्नुपर्ने चालचलन र मूल्यमान्यता नै हराउन थालेको कुरा यस कथामा पाउन सकिन्छ ।

१४. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको चौधौं कथा 'काकी' कथा रहेको छ । यो कथा नारी मनोविज्ञानमा आधारित कथा हो । यस कथाले हरेक दु:ख कष्टले एकपछि अर्को गर्दै थिचेपछि रुन पनि नसकिने कुरा उल्लेख गरेको छ । नारीले भोग्ने विभिन्न समस्याहरू हुन्छन् । यथार्थ कुरो लुकाउँदै बाहिरी हाँसो देखाउने क्षमता नारीमा नै हुन्छ । पीडाहरू जति भएपनि हरेक दु:खमा लड्दै जीवन सार्थक बनाउने नारीलाई समाजको लाञ्छना र हेर्ने दृष्टिकोणले झनै मर्माहित बनाउँछ भन्ने कुरा 'काकी' कथाबाट थाहा पाउन सकिन्छ ।

१५. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको पन्ध्रौँ कथा चोट रहेको छ । पटक पटक 'चोट' को आभास दिइरहने खुकुरीप्रति बुद्धिमानको आक्रोश छ । गाउँ नै छोडेर हिँड्दा पनि आफ्नो संवेदना कम गराउन सकेको छैन । 'चोट' भुल्नै नदिने खुकुरीले आवेशमा आएर चोट नै चोट बनाएको छ । चोटले छिया छिया भएको शरीर सन्चो नभएपछि ऊ संसार छोडेर गएको कुरा उल्लेख गरिएको छ ।

१६. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको सोह्रौ कथा 'दृश्यान्तर' हो । यो कथा नारी मनोविज्ञानमा आधारित कथा हो । जातिय द्वन्द्वले पीडित हाम्रो समाजमा 'उनी' जस्ता अब्बल क्षमता भएका थुप्रै नारीहरू हुन सक्छन् । घर भित्र प्रवेश गर्न मनाही गर्ने हाम्रो समाजले त्यस्ता पात्रलाई न्याय दिदैन । आ-आफ्ना क्षमता प्रदर्शन गर्न पाउनु हरेक व्यक्तिको अधिकार हो । जात र वर्ग विभाजनका कुराले हाम्रो समाज पछि परेको छ । समान व्यवहार माया, ममता र एकता नहुने हो भने 'उनी' जस्ता पात्रको जीवन र क्षमता सडक पेटीमा झुत्रे झाम्रे लाएर, मागेर खाएर र सबैबाट अपहेलित भएर बित्छ भन्नेकुरा 'दृश्यान्तर' कथाबाट थाहा पाउन सकिन्छ ।

१७. *'त्यसपछि फुलेन गोदावरी'* कथा सङग्रहको सत्रौं कथा 'रश्मि' हो । छोरी चेलीलाई हाम्रो समाजले अझैपनि इच्छा आवश्यकता बुझेको छैन । शिक्षित वर्ग जातभातको कुरालाई लिएर अन्याय अत्याचार गर्छौ भने अशिक्षित वर्गले यो कुरा हटाउन सक्दैन । यस्ता धेरै अन्याय अत्याचारका कारण रश्मि छोरीजस्ता धेरै नारीहरूले समाजमा डर त्रासका कारण आत्महत्या गर्न पुगेका छन् । कुलशोभा र कुलमर्यादाका नाममा छोरीचेलीमाथि अन्याय र अत्याचार माइतीपक्षले गर्छन् । यसै निहुँमा कैयौ छोरीहरुको जीवन समाप्त पारिएको छ भन्ने कुरा 'रश्मि' कथाबाट थाहा पाउन सकिन्छ ।

१८. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको अठारौं कथा 'कौब्रु' रहेको छ । नेपालका थुप्रै हिमालहरू भ्रमणयोग्य छन् । मन र तनलाई नै उर्जा दिने दृश्यले हजारौं पर्यटकको मन लोभ्याउँछ । मौसम प्रतिकूलताका कारण केहीले ज्यान पनि गुमाउनाले खुसीसँगै संवेदना पनि भोग्नुपर्ने समस्यालाई यस कथामा देखाउन खोजिएको छ । भ्रमण गर्दा आफ्नो स्वास्थ्य, चाहिने सामग्री र मौसमलाई ध्यान दिएर पहाड चढ्नुपर्छ भन्नेकुरा कथाले भन्न खोजेको छ ।

१९. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको उन्नाइसौं कथा 'क्रान्तिवीर' रहेको छ । यस कथाले वर्गीय द्वन्द्वलाई देखाउन खोजेको छ । राजा महाराजाहरूले सर्वसाधारण जनताको गल्तीमा दिइने सजाय र त्यसले निम्त्याउने समस्या के हो ? क्रान्तिवीर कथाले देखाउन खोजेको छ । एकलौटी निर्णय लिने राजावादी शासनले कानुनलाई पनि दमित गर्छ । परिवर्तनका लागि आक्रमण हुन्छ । पुरानो शासन प्रक्रियाले देश विकास र जनतामा न्याय आउन सक्दैन यसका लागि क्रान्ति आवश्यक छ । केही सन्तानले बलिदान दिएपछि मात्र न्यायको आवाज सबैले उठाउँछन् भन्ने सन्देश क्रान्तिवीर कथाबाट पाउन सकिन्छ ।

२०. *'त्यसपछि फुलेन गोदावरी'* कथासङ्ग्रहको बिसौं कथा *'त्यसपछि फुलेन गोदावरी'* रहेको छ । गोदावरी फुल्नका लागि ऋतु नै नआएपछि गोदावरी फुल्न सकेको छैन । जातिय द्वन्द्वका कारण नाम निशाना नै मेटिने  गरी हत्या हिंसा भएको छ । आफ्नो बफादारी प्रस्तुत गर्न पुङ्गिनले आमा छोरीमाथि बन्दुक चलाएपछि उसको मन शान्त भएको छैन । उसले सधैं सुनाउने कथा समाप्त भएको छ । गोदावरीको बगैंचा उजाड बनेको छ । अव गोदावरी कहिल्यै फुल्न सक्दैन भन्ने भाव यस कथाले  भन्न खोजेको छ ।

# सन्दर्भ सामग्री


ओझा, रामनाथ (२०७८), *ऐच्छिक नेपाली,* काठमाडौं करुधारा पब्लिकेशन ।

कार्की, निहारिका, नीलम (२०७४), *योगमाया,* साङ्ग्रिला पुस्तक प्रा.लि. काठमाडौं ।

खतिवडा, अनिल (२०७४), *समाजशास्त्र* सौर्य दैनिक

जैसी, मानप्रसाद (२०७८), *'अपरिचित अनुहार'* कथासङ्ग्रहको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र मध्यपश्चिम विश्वविद्यालय स्नातकोत्तर तह ।

थापा, धनबहादुर (२०७८), *'भत्केको घर' कथासङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित शोधपत्र मध्यपश्चिम विश्वविद्यालय स्नातकोत्तर तह ।

प्रभात, रमेश (२०७४), *अभिघात* समकालिन साहित्य पोष्ट

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), *उपन्यासको सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर साझा प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६५), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* विद्यार्थी पुस्तक भण्डार काठमाडौं ।

लामा, कुमारी (२०७४), *संवेदनाको गोदावरी* कान्तिपुर पोष्ट

लामिछाने, यादवप्रकास र लामिछाने गीता (२०७९), *नेपाली कथा-उपन्यास सिद्धान्त र समिक्षा* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६६), *शोधविधि,* चौथो संस्करण, काठमाडौं: साझा प्रकाशन प्रा.लि.।

विकल, रमेश (२००६), *गरिब कथा* साझा प्रकाशन ललितपुर ।

शर्मा, तर्कना (२०७४), *जीवननाच* सेतोपाटी पत्रिका

शर्मा, नारायण प्रसाद (२०७४), *नेपाली कथाको उपन्यास* साझा प्रकाशन ललितपुर ।

शर्मा, मोहोनराज र लुइँटेल खगेन्द्रप्रसाद (२०५२), शोधविधि, काठमाडौं : साझा प्रकाशन प्रा.लि. ।

क्षितिज, महेश (२०७४), ***यथार्थवादी स्वर*** काठमाडौं पोष्ट

## Online

www.youtube.com महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरीमा '* भएका समीक्षा

प्रोफेसर अभि सुवेदीद्वारा महेश पौड्यालको *'त्यसपछि फुलेन गोदावरी'* पुस्तक समीक्षा भाग ३ (१ मिनेट २ सेकेण्ड) ।

रेडियो नेपालबाट प्रसारित *'कार्यक्रम मधुवनका '* प्रस्तोता नवराज लम्सालद्वारा महेश पौड्यालका साहित्य सम्बन्धि कुराकानी (१० मिनेट ४ सेकेण्ड) ।

साहित्यकार महेश पौड्यालसँगको अन्तर्वार्ता *'रहस्यमय गोदावारी '* शीर्षकमा स्कुल लाइफ टि.भी.मा प्रसारण (२ मिनेट २३ सकेण्ड) ।

रेडियो एफ.एम. शुक्लाफाँटाबाट प्रसारित राष्ट्रका समसामयिक विषयमा छलफल गरिने कार्यक्रम सेतीकालीमा साहित्यकार महेश पौड्यालसँग *'त्यसपछि फुलेन गोदावरीको '* विषयमा छलफल (५ मिनेट २५ सेकेण्ड) ।